# वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह एम. एड. दोस्रो वर्ष 'शोधपत्र' **(EDCE. 598)** विषयको पाठ्यभार पुरा गर्नका लागि तयार पारिएको

शोधपत्र


शोधार्थी

तिलक देव गिरी

परीक्षा क्रमाङ्क : ४१३००५४/०६५

त्रि.वि.वि.दर्ता नं. : ६९८२-९२

टीकापुर बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

टीकापुर, कैलाली


२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलालीमा पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र ***श्री तिलक देव गिरी*** ले *वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन* शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक गर्नु भएको यस शोध अध्ययनप्रति म पूर्ण रुपमा सन्तुष्ट रहेको छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

मिति :- २०६८/५/२३

शोध निर्देशक

ज्ञानेन्द्र बहादुर के.सी.

उप-प्राध्यापक

टीकापुर बहुमुखी क्याम्पस

टीकापुर, कैलाली

# टीकापुर बहुमुखी क्याम्पस

## टीकापुर, कैलाली

मिति २०६८/५/

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत टीकापुर बहुमुखी क्याम्पसमा पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिई स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययनरत छात्र **श्री तिलक देव गिरी**ले पाठ्यक्रम तथा मूल्याङ्कन विषयको (EDCE ५९८) पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गर्नु भएको ***वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन*** शीर्षकको शोधपत्र तयार पारी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिका लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा यस समितिबाट मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

| | |
|---|---|
| १.श्री ज्ञानेन्द्र बहादुर के.सी. | ............................... |
| उप-प्राध्यापक | अध्यक्ष/शोधनिर्देशक |
| टीकापुर बहुमुखी क्याम्पस | |
| टीकापुर, कैलाली | |
| २.श्री एकेन्द्र राज जोशी | .......................... |
| उप-प्राध्यापक | सदस्य |
| टीकापुर बहुमुखी क्याम्पस | |
| टीकापुर, कैलाली | |
| ३. श्री टंक प्रसाद आचार्य | .......................... |
| उप-प्राध्यापक | बाह्य परीक्षक |
| सुर्खेत क्याम्पस (शिक्षा) | |
| सुर्खेत | |

**मिति : २०६८/०५/**

# कृतज्ञता ज्ञापन

*वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन* शीर्षकमा गरिएको यस अध्ययनमा माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रमका तत्त्वहरूको विश्लेषण गर्ने र ती तत्त्वहरूको कार्यान्वयन अवस्थाको अध्ययन गर्ने उद्देश्य राखी अध्ययनलाई अगाडि बढाइयो ।

शोधकार्य आफैमा कठिन हुँदो रहेछ । सही गन्तव्यमा पुग्न अरुको सहयोग महत्त्वपूर्ण हुँदो रहेछ । यस शोध अध्ययनलाई पूर्णता दिन विभिन्न व्यक्तिहरुको सहयोग प्राप्त भयो । यस शोधकार्य सम्पन्न गर्ने क्रममा शोध प्रस्ताव लेखनदेखि शोधपत्रलाई पूर्णता दिंदासम्म सहृदयी ढङ्गले हुटहुट्याउने र कुशल निर्देशनात्मक सुझाव सल्लाह प्रदान गर्नु हुने मेरा आदरणीय गुरु एवम् शोध निर्देशक उप-प्राध्यापक श्री ज्ञानेन्द्र बहादुर के.सी. प्रति नतमस्तक रही सहृदयतः आभार व्यक्त गर्दछु । त्यस्तै मित्रवत् रुपले मार्गदर्शन गर्नुहुने गुरु उप-प्राध्यापक श्री नाथु राम चौधरी र उप-प्राध्यापक एकेन्द्र राज जोशीज्यूप्रति सदैव सहृदयतः श्रद्धा व्यक्त गर्दछु । अध्ययनका सन्दर्भमा विशेष चासो राखेर सामग्री उपलब्ध गराउन सहयोग पुऱ्याउने टीकापुर बहुमुखी क्याम्पसका अन्य गुरुहरू, पुस्तकालय र अन्य फाँटका कर्मचारीज्यूहरूप्रति आभार प्रकट गर्नु मेरो परम कर्तव्य ठान्दछु ।

अध्ययनका क्रममा छनोटमा परेका विषय विशेषज्ञ विषय शिक्षक र विद्यार्थीहरुलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । अध्ययनलाई पूर्णता दिन जुन जुन लेखकका पुस्तकहरूबाट सहयोग प्राप्त भयो ती पुस्तकका लेखकहरुप्रति पनि आभार व्यक्त गर्दछु । यस शोधकार्यप्रति चासो र चिन्ता व्यक्त गर्ने अन्य गुरुजन, शुभेच्छुक मित्रहरूप्रति श्रद्धाभाव व्यक्त गर्दछु । अन्त्यमा मेरो अध्ययनमा सुरुदेखि अन्तिमसम्म कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनु हुने हरि फोटो कपी सेन्टरका श्री हरि राम चौधरी र जित बहादुर चौधरीजीलाई धन्यवाद दिन चाहन्छु र मेरो अध्ययनमा विशेष टेवा र सहयोग पुऱ्याई मलाई निरन्तर प्रेरित गर्ने जीवन सँगिनी नन्दकला गिरीलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

**मितिः २०६८/५/** **शोधार्थी**

# शोधसार

प्रस्तुत *वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन* शीर्षक शोधपत्रमा वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमका तत्त्व/स्तम्भहरू के कति उपयुक्त छन् ? उद्देश्यहरूको सिपगत सन्तुलनको अवस्था के कस्तो छ ? उद्देश्य र विषयवस्तुको सम्बन्ध के कस्तो छ भन्ने जस्ता शोध समस्यामा आधारित भएर गर्न थालिएको यस अध्ययनका उद्देश्यहरू वर्तमान माध्यमिक नेपाली भाषा पाठ्यक्रमका तत्त्वहरूको विश्लेषण गर्नु र पाठ्यक्रमको कार्यान्वयनको अवस्थाको अध्ययन गर्नु थियो ।

यो अध्ययन पुरा गर्न प्राथमिक तथ्याङ्कका लागि नमुना छनोट प्रक्रिया अपनाइएको थियो भने द्वितीय तथ्याङ्कका लागि पुस्तकालयीय दस्तावेज अध्ययन गरिएको थियो । प्रस्तुत अध्ययन टी.न.पा.भित्रका १० वटा माध्यमिक विद्यालय, तिनमा अध्यापनरत १० जना शिक्षक, १८ जना अध्ययनरत विद्यार्थीहरू एवम् यस क्षेत्रका नेपाली विषयका ५ जना विषय विशेषज्ञलाई अध्ययनमा समावेश गरियो । उनीहरूबाट प्राप्त सूचनालाई वर्णनात्मक विश्लेषणात्मक विधि अपनाई वर्णन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

यस पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र विशिष्ट उद्देश्यहरू उपयुक्त नै पाइए । १७ वटा साधारण उद्देश्यमध्ये दोस्रो र सत्रौं उद्देश्यमा मापनीय गुणको कमी रहेको देखियो । उद्देश्य नं ७ र १७ का अपेक्षाहरूलाई विशिष्टीकृत गरिएको पाइएन । सुनाइ र बोलाइ सिपमा कम जोड दिइएको पाइयो । अपाङ्गहरूका समस्याहरूलाई पनि शिक्षण क्रियाकलाप र मूल्याङ्कन गर्दा ध्यान दिनु पर्ने भन्ने सूचना महत्त्वपूर्ण देखियो । विषयवस्तुको क्षेत्र र क्रम उपयुक्त नै देखियो । यसमा चक्रीय र रेखीय स्तरण दुवैलाई मिश्रण गरिएको पाइयो । लैङ्गिक समानता, नवीनता, शिष्टता, धार्मिक, सांस्कृतिक विविधताको अवस्था चाहिँ कमजोर देखियो । व्याकरणका कुन विषयवस्तु कति गहिराइमा र कुन पाठ वा विधासँग सम्बद्ध गरी सिकाउने भन्ने निर्देशन स्पष्ट पाइएन । शिक्षण सामग्री र शिक्षण विधिको सूचना पर्याप्त देखिएन । निर्माणात्मक मूल्याङ्कनबाट मात्र प्रयोगात्मक सिपको मूल्याङ्कन गर्नु भरपर्दो देखिएन ।

एस.एल.सी.मा कक्षा १० बाट मात्र प्रश्न सोधिने भन्ने स्पष्ट निर्देशन पाइयो तर अक्षरको सफाइ, सौन्दर्य पक्ष, लेखाइको द्रुतता, बोलाइको स्वाभाविकता, शिष्टता, मिठास, स्रोता अनुसारको बोलाइ, किताब समाताइजस्ता पक्षप्रति पाठ्यक्रम मौन रहेको देखियो । अतिरिक्त क्रियाकलापको निर्देशन, पूरक सामग्रीको निर्देशन, उद्देश्य अनुरुपका प्रश्नपत्र जस्ता पक्षमा यो पाठ्यक्रम कमजोर नै देखियो । हतार हतारमा प्रश्न बनाएर झारा टार्ने किसिमको मूल्याङ्कन प्रणालीलाई निरुत्साहित गर्नु पर्ने र विशिष्टीकरण तालिकाको पूर्ण रुपमा अनुसरण गर्नु पर्ने, शिक्षकले योजना बनाएर शिक्षण सामग्री प्रयोग गरेर उद्देश्यलाई ध्यान दिएर शिक्षण कार्य गर्नु पर्ने, साथै पहिलो भाषी, दोस्रो भाषी दुबै खाले विद्यार्थीहरूको आवश्यकता र स्तरलाई हरबखत ध्यानमा राखी शिक्षण गर्नु पर्ने, यसका लागि पाठ्यक्रम निर्माण गर्दा समेत ध्यान दिनु पर्ने र शिक्षणसँग सम्बन्धित सबै पक्ष इमान्दार भई पाठ्यक्रम कार्यान्वयनमा ल्याउनु पर्ने देखियो ।

# विषय-सूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| शोधसार | | iv |
| सङ्क्षेपीकृत शब्द | | vi |
| विषय सूची | | vii |
| तालिका सूची | | ix |
| | **परिच्छेद : एक** | |
| | **परिचय** | १-१४ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ९ |
| १.३ | अध्ययनको औचित्य | १२ |
| १.४ | अध्ययनका उद्देश्यहरू | १३ |
| १.५ | अध्ययनको परिसीमा | १३ |
| १.६ | विशिष्ट शब्दावलीको परिभाषा | १४ |
| | **परिच्छेद : दुई** | |
| | **पूर्वसाहित्यको समीक्षा** | १५-२१ |
| २.१. | अध्ययनको सैद्धान्तिक खाका | १५ |
| २.२. | सम्बन्धित साहित्यको समीक्षा | १७ |
| २.३. | अवधारणात्मक ढाँचा | २१ |
| | **परिच्छेद : तिन** | |
| | **अध्ययन विधि** | २२-२७ |
| ३.१ | अध्ययन ढाँचा | २२ |
| ३.२ | जनसङ्ख्या र नमुना छनोट | २३ |
| ३.३ | साधनहरूको निर्माण | २४ |

३.४ साधनहरूको वैधता २६

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २६

३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया २७

**परिच्छेद : चार**

**तथ्याङ्कको विश्लेषण र व्याख्या** २८-६२

४.१ नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूको विश्लेषण २८

४.२. विषयवस्तु र त्यसको विवरण (क्षेत्र र क्रम) ३७

४.३ शिक्षण प्रक्रिया/विधि ४४

४.४ मूल्याङ्कन प्रक्रिया ४८

४.५ भाषा पाठ्यक्रमका परिधीय संरचना / तत्त्वहरू ५३

४.५.१ पाठ्यांश शीर्षक ५३

४.५.२ पाठ्यांश परिचय ५४

४.५.३ पाठ्य पुस्तक ५५

४.५.४ सन्दर्भ पुस्तक ५६

४.६ पाठ्यक्रम कार्यान्वयन अवस्थाको अध्ययन ५६

**परिच्छेद : पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरू** ६३-६७

५.१ प्राप्ति ६३

५.२ निष्कर्ष ६५

५.३ सुझावहरू ६६

**सन्दर्भ सूची** ६८

**अनुसूचीहरू**

# तालिका सूची

**पृष्ठ सङ्ख्या**


तालिका १ माध्यमिक तहको वर्तमान पाठ्यक्रमको ढाँचा

तालिका २ तथ्याङ्क सङ्कलन स्रोत/साधन

तालिका ३ साधारण उद्देश्यका सम्बन्धमा सहभागीको प्रतिक्रिया

तालिका ४ उद्देश्यहरूका सम्बन्धमा सहभागीको प्रतिक्रिया

तालिका ५ विषयवस्तुको सम्बन्धमा सहभागीको प्रतिक्रिया

तालिका ६ शिक्षण सिकाइ क्रियाकलापका सम्बन्धमा सहभागीको प्रतिक्रिया

तालिका ७ मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा सहभागीका प्रतिक्रिया

तालिका ८ कक्षाकोठा व्यवस्थापनको अवस्था

तालिका ९ पूर्वपाठको स्मरण

तालिका १० पाठको प्रस्तुतीकरण

तालिका ११ शिक्षण विधिको प्रयोग

तालिका १२ शिक्षण सामग्रीको प्रयोग

तालिका १३ कक्षाकार्य/गृहकार्यको प्रयोग

## सङ्क्षेपीकृत शब्द

| | |
|---|---|
| **उ.मा.वि** | = उच्च माध्यमिक विद्यालय |
| **एस.एल.सी.** | = स्कुल लिभिङ सर्टिफिकेट |
| **ऐ.** | = ऐजन |
| **गो.भा.प्र.स.** | = गोरखा भाषा प्रकाशिनी समिति |
| **त्रि.वि.वि.** | = त्रिभुवन विश्व विद्यालय |
| **प्रा.वि.** | = प्राथमिक विद्यालय |
| **न.पा.** | = नगरपालिका |
| **नि.मा.वि.** | = निम्न माध्यमिक विद्यालय |
| **ने.रा.शि.यो.आयोग** | = नेपाल राष्ट्रिय शिक्षा योजना आयोग |
| **मा.वि.** | = माध्यमिक विद्यालय |
| **पा.भा.** | = पाठ्यभार |
| **पा.वि.के.** | = पाठ्यक्रम विकास केन्द्र |
| **रा.शि.प.यो.** | = राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| **वि.सं.** | = विक्रम सम्बत् |
| **सं.** | = संस्कृत |

# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा महत्त्वपूर्ण मानवीय क्रियाकलाप हो । शिक्षाको जन्म मानव समाज सँगसँगै भएको हो । त्यसैले मानव समाज रहुन्जेल शिक्षा पनि क्रियाशील रहि रहन्छ । (शर्मा एन्ड शर्मा, २०५३) कुनै कुरा देखेर, सुनेर, पढेर, सिकेर वा अनुभव गरेर प्राप्त हुने ज्ञान वा सिप शिक्षा हो । शिक्षाले मानिसको चेतना विकासमा टेवा पुऱ्याउँछ । शिक्षा नै विकासको आधार स्तम्भ हो, सभ्यताको वाहक हो । मानिस जन्मजात रुपमा चेतनशील भएर पनि शिक्षाविना उसको विकास भएको मान्न सकिँदैन । शिक्षाले व्यक्तिमा अन्तर्निहित प्रतिभा र क्षमताको प्रस्फुटन गर्दछ । वास्तवमा समाज एवम् राष्ट्रकै विकासमा शिक्षाको भूमिका महत्त्वपूर्ण रहन्छ । (ऐ.)

संसार परिवर्तनशील छ । विश्वमा दिन-प्रतिदिन क्षण-प्रतिक्षण ज्ञानको विस्फोट भइ रहेको हुन्छ । परिवर्तित विश्वमा समायोजित भएर सक्षमताका साथ जीवनयापन गर्न अतिनवीन ज्ञानसँग पनि परिचित हुनु आवश्यक छ । मानवको क्षमता सीमित हुने हुनाले, जीवनमा उपयोगी कुराहरू सिक्नु आवश्यक हुन्छ । साथै थोरै कुरा सिकेर काम चल्छ भने धेरै कुरा सिक्नु पनि औचित्यपूर्ण हुँदैन । अतः व्यक्ति, समाज र राष्ट्रलाई समय सापेक्ष शिक्षा दिन शिक्षामा समय अनुसार परिवर्तन गर्नु पर्दछ ।

सिकारुको रुचि, क्षमता, स्तर एवम् आवश्यकता पहिचान गरी शिक्षाका राष्ट्रिय अपेक्षाहरुलाई परिपूर्ति गर्ने गरी शिक्षाका उद्देश्यहरू निर्धारित गरिएका हुन्छन् । शिक्षाका राष्ट्रिय उद्देश्य पुरा गर्न पाठ्यक्रमका साधारण उद्देश्य र साधारण उद्देश्य पुरा गर्न विशिष्ट उद्देश्यहरुसमेत तय गरिएका हुन्छन् । तिनै उद्देश्य अनुरुप पाठ्यवस्तु शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाहरु तय गरिएका हुन्छन् । उद्देश्य अनुरुप विषयवस्तु तथा शिक्षण प्रक्रिया भए नभएको मूल्याङ्कन अनुगमन गर्ने कार्य मूल्याङ्कनबाट हुन्छ । जसबाट विद्यार्थीमा अपेक्षित परिवर्तन हुन सके नसकेको वा कुन हदसम्म उद्देश्य पुरा भएको छ भन्ने कुराको पृष्ठपोषण प्राप्त भई सुधार परिमार्जन तथा नव प्रवर्तनको मार्ग प्रशस्त हुन्छ । (शर्मा र पौडेल ,२०६०)

भाषा पाठ्यक्रमका सन्दर्भमा पनि यही कुरा लागु हुन्छ । तर भाषा विषयले अन्य, विषय भन्दा केही पृथक अस्तित्व बोकेको हुन्छ । भाषा विचार सम्प्रेषणको साधन हो र ज्ञान आर्जन र व्यक्त गर्ने माध्यम पनि हो । अतः सबै विषयलाई बुझ्ने व्यक्त गर्ने माध्यम भाषा नै भएकाले शिक्षामा भाषा पाठ्यक्रमको व्यवस्था गरिएको हुन्छ । (ऐ.)

यो अध्ययन भाषा पाठ्यक्रमसँग सम्बन्धित भएकाले यहाँ सङ्क्षिप्त रुपमा पाठ्यक्रम तथा भाषा पाठ्यक्रमको सैद्धान्तिक चर्चा गरी अगाडि बढ्नु आवश्यक देखिन्छ ।

## पाठ्यक्रमको अर्थ र परिभाषा

प्राचीन कालदेखि नै जीवनयापन सरल बनाउन अग्रजहरूबाट शिक्षा दिन थालिएको पाइन्छ । जानेका कुरा अरुलाई सिकाउनु मानवीय कर्तव्य ठानिएको देखिन्छ । मानवको प्राकृतिक स्वभाव पनि यस्तै भएकाले घर परिवारका सदस्य तथा मातापिताबाट अनौपचारिक रुपले ज्ञान हस्तान्तरण हुँदै जान थाल्यो । समयको परिवर्तनसँगै अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षाको आवश्यकता महसुस भयो । अनि शिक्षालयहरू खुल्न थाले । धार्मिक मठ मन्दिर, गुम्बामा पढाउने गरियो । ती शिक्षालय तथा विद्यालयहरूमा विद्यार्थी र शिक्षकहरूले के पढाउने, कसरी पढाउन भन्ने कुराको निर्धारण गर्न पाठ्यक्रम विकास हुन थाल्यो । (ज.व.रा. र अन्य, २०६५)

पाठ्यक्रमको अवधारणा सर्वप्रथम सन् १९१८ मा Bobbit ले ल्याएका थिए । यसमा थप योगदान पुरयाउन सन् १९३०को दशकमा R.W. Tyler, सन् १९५० को दशकमा B.S. Bloom,सन् १९६० को दशकमा Hilda Taba सन् १९७० को दशकमा Alexander / Saylor एवम् Lewis र Miel ले पाठ्यक्रमका बारेमा थुप्रै लेख रचनाहरू प्रकाशन गरेका थिए । पाठ्यक्रमको प्रभावकारी विकास र विस्तार भने बिसौं शताब्दीदेखि नै भएको मान्नु पर्दछ । औपचारिक शिक्षाको थालनीसँगै कक्षा कोठाभित्र पठन पाठन गरिने विषयवस्तुलाई नै पाठ्यक्रम भन्ने गरियो । (ऐ.)

पाठ्यक्रम शब्द अङ्ग्रेजी भाषाको "Curriculum" शब्दको समकक्षी हो । Curriculum शब्द ल्याटिन भाषाको "Currere" शब्दबाट बनेको हो । जसको अर्थ दगुर्नु (To Run) वा दौडको मैदान (Race Course) भन्ने हुन्छ । यसरी कक्षा कोठामा अध्ययन गर्न विद्यार्थीका लागि दौडको मैदानका रुपमा विद्यार्थीले पढ्नु पर्ने पाठहरुको क्रम (पाठ्य + क्रम) पाठ्य विषयहरूको विवरणलाई पाठ्यक्रम भन्न थालियो । (ऐ.)

सुरुमा कक्षा कोठाभित्र शिक्षकद्वारा सिकाउने विषयवस्तु/ पाठ्यवस्तु/ (Syllabus) विषयसूची (Course Content) लाई पाठ्यक्रम भन्ने गरियो । सङ्कुचित धारणा अनुसार विषयवस्तु अपरिवर्तनीय मान्ने धारणा थियो । यस धारणाले विद्यार्थीको रुचि, स्तर, आकाङ्क्षा र आवश्यकतालाई ध्यान नदिई विषयवस्तुलाई विद्यार्थीले आफ्नो मस्तिष्कमा भण्डार गर्नु पर्छ भन्ने कुरामा जोड दिइन्थ्यो । मुख्यतः यसभित्र पाठ्यक्रमको एउटै तत्त्व विषयवस्तु मात्र हुने गर्दथ्यो । (ऐ.)

पाठ्यक्रमलाई व्यापक अर्थका रुपमा हेर्दा यसले शिक्षाका लक्ष्य तथा उद्देश्यहरू, विषयवस्तु, सिकाइ सामग्री, सिकाइ-अनुभव, शिक्षण-सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनजस्ता अङ्गहरूलाई समेटेको हुन्छ । कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरिने सम्पूर्ण शैक्षिक कार्यक्रम व्यापक अर्थभित्र पर्दछन् । पाठ्यक्रम अन्तर्गत विद्यार्थी र समाजका चाहना इच्छा आवश्यकताहरु प्रतिविम्बित हुनु पर्दछ । व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक आदि पक्षसँग सम्बन्धित पाठ्यक्रम चाहिँ शैक्षिक संस्थाका लागि शैक्षिक कार्य सञ्चालनको मेरुदण्ड नै बन्नु पर्दछ । (ऐ.)

पाठ्यक्रमका सम्बन्धमा दिइएका केही परिभाषाहरू यस प्रकार छन :

**सेलर र अलेक्जेन्डर** : “इच्छित उपलब्धिहरू प्राप्त गर्न विद्यालयले विद्यालयभित्र र बाहिर गर्ने सम्पूर्ण प्रयासहरूलाई पाठ्यक्रम भनिन्छ ।” (The total efforts of school to bring out desired outcomes in the school situatuion.)

**क्रो एन्ड क्रो** : "पाठ्यक्रम एउटा त्यस्तो कार्यक्रम हो, जसमा विद्यार्थीले विद्यालयभित्र तथा बाहिर हासिल गर्ने सम्पूर्ण सिकाइ अनुभवहरू समावेश भएका हुन्छन् । जुन विद्यार्थीको बौद्धिक, शारीरिक, संवेगात्मक, सामाजिक, आध्यात्मिक र नैतिक विकास गर्न आवश्यक हुन्छ।" (Curriculum includes all the learner's experiences in or outside schools that are includes in a programme which has been devised to help him to develop mentally, physically, emotionally, socially, spiritually and morally.)

**रा.शि.प.यो.(२०२८):** "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम नै पाठ्यक्रम हो ।" (An instructional programme disigned to achieve the aims of education.)

उपर्युक्त परिभाषाका आधारमा भन्नु पर्दा सिकाइको व्यवहारिक जीवनसँग पूर्ण रुपमा सम्बन्ध राख्ने सम्पूर्ण शैक्षिक क्रियाकलापहरूको व्यवस्थित योजनाबद्ध र सङ्गठित रुप नै पाठ्यक्रम हो । पाठ्यक्रमले व्यक्तिको जीवनमा आवश्यक पर्ने सम्पूर्ण समस्याहरू समाधान गर्न सुस्पष्ट मार्ग निर्देशन गर्दछ । पाठ्यक्रम सैद्धान्तिक र सीमित पक्षसँग मात्र सम्बन्धित नभई सिकारुको चौतर्फी विकास र विस्तारका लागि तयार गरिएको विस्तृत योजना हो ।

## नेपाली भाषा पाठ्यक्रम

पाठ्यक्रमका बारेमा परिचित भएपछि भाषा पाठ्यक्रमसँग पनि परिचित हुनु आवश्यक देखिन्छ । भाषा पाठ्यक्रम भाषिक अपेक्षासँग सम्बन्धित हुन्छ । भाषा शिक्षणका उद्देश्यहरू पुरा गर्न निर्मित पाठ्यक्रम नै भाषा पाठ्यक्रम हुन् । भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । (ढकाल,२०६४) अन्य विषयका पाठ्यक्रमले विषयवस्तुको ज्ञानलाई प्राप्त गर्ने ध्येय राखेका हुन्छन् भने भाषा पाठ्यक्रमले भाषिक सिप हासिल गर्ने कुरालाई विशेष महत्त्व दिन्छन् । भाषा पाठ्यक्रमले विषयवस्तुजन्य ज्ञानलाई साधनका रुपमा लिन्छन् र त्यस साधनद्वारा भाषिक सिप प्राप्त गराउने कुरालाई मुख्य मुद्दा (साधन) बनाउँछन् ।

(ढकाल, ऐ.) भाषा पाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो । यसले सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अँगालेर विद्यार्थीहरूमा भाषा शिक्षणका अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषा सिकाइ अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरेको हुन्छ । भाषा स्वयम्मा सिपमूलक विषय भएकाले भाषा पाठ्यक्रम पनि सिपमूलक प्रयोग अभ्यास केन्द्रित रहेको हुन्छ । भाषाको सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सिप एवम् कलासँग सम्बद्ध भाषिक कार्यकलापहरूमा आधारित गराएर तयार गरिएको भाषा शिक्षण प्रशिक्षणको सङ्गठित स्वरुप नै भाषा पाठ्यक्रम भएकाले यसको साधन पनि भाषा हुन्छ, साध्यवस्तु पनि भाषा नै रहेको हुन्छ । (शर्मा र पौडेल, २०६०)

उपरोक्त चर्चाबाट के स्पष्ट हुन्छ भने नेपाली भाषा सिक्ने विद्यार्थीहरूका आवश्यकता र अपेक्षा अनुरुप तयार पारिएको शिक्षण सिकाइको बृहत् योजना नै नेपाली भाषा पाठ्यक्रम हो, जसले विभिन्न तह र कक्षास्तर अनुरुप नेपाली विषयको शिक्षणमा मार्गदर्शन गर्दछ ।

## वर्तमान माध्यमिक भाषा पाठ्यक्रमको ढाँचा

वि.स २०४६ मा प्रजातन्त्रको पुनः स्थापना भएपछि २०४७ मा गठित रा.शि. आयोगले प्रतिवेदनमा मा.वि.तहको शिक्षाको संरचनालाई तिन तहको (कक्षा ६, ७, ८ नि.मा.वि, कक्षा ९ र १० मा.वि, कक्षा ११ र १२ उ.मा.वि) हुने बताएको छ । (रा.शि.आ., २०४९)

अतः वर्तमान नेपालको शिक्षाको संरचनालाई हेर्दा कक्षा १ देखि ५ सम्म प्राथमिक तह, कक्षा ६ देखि ८ सम्म निम्न माध्यमिक तह, कक्षा ९ र १० लाई माध्यमिक तह, कक्षा ११ र १२ लाई उच्च माध्यमिक तह मानेको छ साथै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ मा कक्षा १-८ सम्मलाई आधारभूत तह र ९-१२ सम्मलाई मा.वि.तहको प्रस्तावित संरचना रहने कुरा प्रस्तावनाका रूपमा उल्लेख छ । यसरी हेर्दा निम्न माध्यमिकभन्दा माथिको र उच्च माध्यमिक भन्दा तल्लो तहको (बिचको तह) लाई माध्यमिक तह मानिएको छ । यस तहमा अध्ययन गर्ने विद्यार्थीहरू १४/१५ वर्ष उमेरका हुन्छन् । मा.वि.तहको वर्तमान पाठ्यक्रमको ढाँचालाई तलको तालिकामा स्पष्ट पार्न सकिन्छः

**तालिका १ : माध्यमिक तहको वर्तमान पाठ्यक्रमको ढाँचा**

| क.सं. | विषय | साधारण मा.वि. | | संस्कृत मा.वि. | | वेद विद्याश्रम संस्कृत मा.वि. | |
|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | पा.भा. | पूर्णाङ्क | पा.भा. | पूर्णाङ्क | पा.भा. |
| १. | नेपाली | १०० | ५ | १०० | ५ | १०० | ५ |
| २. | गणित | १०० | ५ | १०० | ५ | १०० | ५ |
| ३. | अङ्ग्रेजी | १०० | ५ | १०० | ५ | - | - |
| ४. | विज्ञान | १०० | ५ | १०० | ५ | - | - |
| ५. | सामाजिक अध्ययन | १०० | ५ | १०० | ४ | १०० | ५ |
| ६. | स्वास्थ्य जनसङ्ख्या र वातावरण | १०० | ४ | - | - | - | - |
| ७. | ऐच्छिक प्रथम | १०० | ५ | १०० | ५ | - | - |
| ८. | ऐच्छिक द्वितीय | १०० | ५ | १०० | ५ | - | - |
| ९. | अनिवार्य संस्कृत | - | - | १०० | ५ | - | - |
| १०. | संस्कृत भाषा साहित्य | - | - | - | - | १०० | ५ |
| ११. | संस्कृत व्याकरण र अनुवाद | - | - | - | - | १०० | ५ |
| १२. | वेद वा नीतिशास्त्र | - | - | - | - | १०० | ५ |
| १३. | कर्मकाण्ड वा फलित ज्योतिष | - | - | - | - | १०० | ४ |
| १४. | आयुर्वेद /प्राकृतिक चिकित्सा/योग शिक्षा तर्कसंग्रह मध्ये एक | - | - | - | - | १०० | ५ |
| | **जम्मा** | **८००** | **३९** | **८००** | **३९** | **८००** | **३९** |

स्रोतः माध्यमिक पाठ्यक्रम, २०६४

यसरी माध्यमिक विद्यालयलाई साधारण, संस्कृत र वेदविद्याश्रम सं.मा.वि.गरी ३ प्रकारका मा.वि.को व्यवस्था गरिएको छ । साधारण मा.वि.तर्फ ऐच्छिक प्रथम अन्तर्गत भाषासमूह (नेपाली, अङ्ग्रेजी लगायत २२ भाषा मध्येबाट) वा मानविकी तथा समाजशास्त्र समूह (इतिहास, भूगोल, अर्थशास्त्र, नागरिकशास्त्र) वा अतिरिक्त गणितमध्येबाट कुनै एक विषय लिनु पर्ने भनिएको छ । ऐच्छिक द्वितीय पत्रमा कृषि, कार्यालय सञ्चालन र लेखा, ग्रह विज्ञान , शिक्षा, कम्प्युटर विज्ञान आदि विषयमध्येबाट कुनै एउटा लिनु पर्ने गरिएको छ । जम्मा ८०० पूर्णाङ्कमध्ये अनिवार्य नेपालीलाई १०० पूर्णाङ्क. र ५ पाठ्यभार (प्रतिहप्ता) कायम गरिएको छ ।

## नेपालमा नेपाली भाषा पाठ्यक्रमको विकास

नेपाली भाषा भारोपेली परिवारको आर्यइरानेली शाखावाट संस्कत, प्राकृत र अपभ्रंश हुँदै इसाको एघारौं शताब्दीतिर आस्तित्वमा आएको भाषा मानिन्छ । (शर्मा र लुइटेल, २०५६) नेपाली भाषाको उत्पत्ति स्थल जुम्लाको सिंजा प्रान्तलाई मानिन्छ । त्यसपछि लामो कालखण्ड पार गर्दै विकसित भइरहेको नेपाली भाषाले हाल नेपालीहरुको राष्ट्रभाषा, सम्पर्क भाषा, माध्यम भाषा, सरकारी कामकाजको भाषाका रुपमा महत्त्व पाउँदै आएको छ । नेपालको संविधानले यसलाई राष्ट्र भाषाको मान्यता दिएको छ । यो भाषा राष्ट्रिय महत्त्व पाउँदै स्थापित हुन पुगेको छ । नर्सरीदेखि विद्यावारिधि तहसम्म पठनपाठनको र खोज-अनुसन्धानको विषय बनेको छ । नेपालीहरूमा पनि नेपाली भाषाको विकास गर्न चिन्ता र चासो बढ्दै गएको छ । विभिन्न व्याकरण र शब्दकोशहरूले यसलाई मानक रुप विस्तारमा आधार-स्तम्मको काम गरिरहेका छन् । नेपाली भाषामा व्यावसायिक/ प्राविधिक दक्षता वृद्धि गर्ने प्रयासहरु भइ रहेका छन् । साहित्यकारहरू र भाषासेवीहरूको अथक प्रयास स्वरुप नेपाली भाषाले आफ्नो सवल आस्तित्व कायम गरेको छ ।

नेपाली भाषाको इतिहास लामो भएर पनि नेपाली भाषा शिक्षण तथा यसको पाठ्क्रमको परम्परा त्यति लामो छैन । नेपालको सम्पूर्ण शैक्षिक परम्परा संस्कृत र बौद्ध शिक्षाको परम्परासँग जोडिएको देखिन्छ । जसले नेपाली शिक्षणलाई ओझेलमा पारेको देखिन्छ । प्रधानमन्त्री जङ्ग बहादुर राणा वि.स.१९०६ माघदेखि १९०७ फागुन सम्ममा १३ महिना बेलायत बस्दा वेलायती शिक्षावाट प्रभावित भई वि.स.१९१० असोज २७ मा दरवार स्कुल खोलेका थिए । वि.सं. १९५८ मा देव शमशेर प्रधानमन्त्री भएपछि भाषा पाठशाला खोली त्यसमा अक्षराङ्क शिक्षा लागु गरियो । (लम्साल र अन्य, २०६६) सुरुमा नेपाली भाषाको पठनपाठन सुरु भए पनि पाठ्यक्रम बनेको पाइँदैन । खालि के-के पढाउने भन्ने सूची थियो होला भनेर अनुमान गर्न सकिन्छ । वि.सं. १९६२ मा खुलेका श्रेस्ता पाठशालाले पनि निश्चित प्रकारका कर्मचारी उत्पादन गर्दथ्यो । त्यसलाई वि.सं २०१८ मा परीक्षा नियन्त्रण कार्यलयमा मिलान गरियो । यसले पनि नेपाली शिक्षणमा सहयोग पुऱ्यायो । वि.सं.१९६९ तिर गो.भा.प्र.समिति खुलेपछि केही पाठ्यपुस्तकहरू लगायत् गोर्खाशिक्षाका विभिन्न भागहरू प्रकाशित गरिए । वि.सं. १९७५ मा भारतको कलकत्ता विश्व विद्यालयले

नेपालीलाई ऐच्छिक विषयका रुपमा मान्यता दिई पाठ्यक्रममा समावेश गऱ्यो । त्यही कलकत्ता विश्व विद्यालयसँग सम्बन्धन प्राप्त दरवार स्कुलमा ऐच्छिक भर्नाकुलर विषयका रुपमा नेपाली शिक्षण गर्न थालियो । (शर्मा र पौडेल, २०६०)

वि.सं. १९९० मा एस.एल.सी. बोर्डको स्थापना भएपछि ३०० पूर्णाङ्कको ऐच्छिक नेपाली पढ्न सकिने व्यवस्था भयो । भर्नाकुलर नेपाली १०० पूर्णाङ्क, रचनापत्र नेपाली १०० पूर्णाङ्क र अतिरिक्त पत्र नेपाली १०० पूर्णाङ्क राखियो । पछि वि.सं २००१ मा भर्नाकुलर र रचनापत्रलाई अनिवार्य गरियो भने वि.सं २००२ मा भर्नाकुलरलाई मात्र अनिवार्य गरियो । वि.सं.२००५ मा नेपालीलाई अनिवार्य नगरी हिन्दी वा नेपाली लिन सकिने बनाइयो । वि.सं. २००८ मा ५० पूर्णाङ्क प्रारम्भिक नेपाली अनिवार्य गरियो भने १०० पूर्णाङ्क ऐच्छिक नेपाली व्यवस्था गरियो जुन व्यवस्था एस.एल.सी.का लागि वि.सं.२०२८ सम्म कायम रह्यो। ( शर्मा र पौडेल, २०६६ )

यसै सन्दर्भमा वि.सं.२००४ देखि वि.सं.२००८ सम्म नेपाली शिक्षणमा केही अन्य प्रयासहरू पनि भए । वि.सं.२००४ मा स्थापित आधार स्कुलहरूमा प्राथमिक, नि.मा.वि. र मा.वि. तहमा नेपालीलाई १/१ पत्र अनिवार्य गरियो । वि.सं.२००७ सालमा लक्ष्मी प्रसाद देवकोटाको सक्रियतामा स्थापित नेपाल राष्ट्रिय विद्यापीठले २०० पूर्णाङ्कको अनिवार्य नेपाली पढ्ने व्यवस्था गऱ्यो । साथै १०० पूर्णाङ्क ऐच्छिक नेपाली लिन पाउने व्यवस्था पनि गऱ्यो । यसैगरी वि.स.२००८ मा गोपाल पाँडे संस्थापक रहेको 'नेपाली शिक्षा परिषद्' संस्थाले ३०० पूर्णाङ्कको अनिवार्य नेपाली व्यवस्था गऱ्यो । वि.स. २०११, वि.सं.२०१८ र त्यसपछिका पाठ्यक्रम विकासका प्रयासहरु खासै उल्लेखनीय नरहे पनि नेपाली भाषालाई शिक्षाको माध्यम बनाउने कुरामा भने सबैले प्राथमिकता दिइएको पाइन्छ ।

रा.शि.प.यो (२०२८) द्वारा माध्यमिक तहमा नेपाली भाषालाई १०० पूर्णाङ्क छुट्यायो। प्रा.तहमा ३०० पूर्णाङ्क, नि.मा.तहको ४ र ५ मा २०० पूर्णाङ्क र ६ र ७ मा १७० पूर्णाङ्क छुट्याई व्यवस्थित पाठ्यक्रम बनाइयो । वि.सं. २०३८ मा माध्यमिक तहमा ऐच्छिक नेपाली १०० पूर्णाङ्क व्यवस्था गरियो । (शर्मा र पौडेल, २०६६) त्यसपछि वि.सं. २०५५ र २०६४ मा अझ व्यावहारिक पाठ्यक्रम बनाउने प्रयास भएको देखिन्छ । माध्यमिक तहमा नेपाली

विषयलाई ५ घन्टी छुट्याई नेपाली भाषाका चारै सिपलाई समान महत्त्व दिई कार्यमूलक पाठ्यक्रम बनाउने प्रयास भइरहेको छ । पाठ्यक्रमलाई समयअनुसार व्यवस्थित गर्दै लैजाने र नेपाली भाषालाई कसरी सजिलैसित अरुलाई सिकाउन सकिन्छ भन्नेतर्फ विद्वानहरू प्रयासरत छन् । (पा.वि.के.,२०६३)

## १.२ समस्याको कथन

नेपालमा नेपाली भाषाको औपचारिक शिक्षणका प्रयासहरू वि.सं. १९५८ मा देवशमशेरले खोलेका भाषा पाठशालाबाट भएको देखिन्छ । त्यसमा बझाडी राजा जयपृथ्वी-बहादुर सिंह जस्ता अङ्ग्रेजी शिक्षा प्राप्त व्यक्तिको सक्रिय सहयोग प्राप्त थियो । उनले लेखेको 'अक्षराङ्क शिक्षा' नामक पुस्तक नै भर्खर खोलिएका भाषा पाठशालाका लागि आधारभूत पुस्तक थियो । (अधिकारी, २०६२) त्यति बेला पाठ्यक्रम भनेको पाठ्यपुस्तक नै थियो भने पनि हुन्छ । गोर्खाभाषा प्रकाशिनी समिति खुलेपछि शिशुबोधिनी शिक्षा र गोरखा शिक्षाका विभिन्न भागहरू प्रकाशित भए । (अधिकारी ऐ.)

स्रेस्ता पाठशालामा नेपाली स्रेस्ता र नेपाली ऐन-समेत पढाइ हुन्थ्यो । दरबार स्कुलको माध्यमिक तहमा पनि वि.सं.१९७५ पछि ऐच्छिक विषयका रुपमा नेपालीको पठनपाठन भएको हुनुपर्छ । (अधिकारी ऐ.) वि.सं. १९९० मा एस.एल.सी. बोर्डको स्थापना भएपछि माध्यमिक तहमा ऐच्छिक नेपाली व्यवस्था गरी 'सिलेबस' मात्र बनाइयो । स्पष्ट र व्यवस्थित पाठ्यक्रम थिएन । वि.सं. २००८ सालमा प्रारम्भिक नेपाली भनी ५० पूर्णाङ्क मात्र अनिवार्य नेपाली र पूर्वीय भाषाका रुपमा १०० पूर्णाङ्क ऐच्छिक नेपाली व्यवस्था भयो । (अधिकारी, २०६३)

त्यसपछि ने.रा.शि.यो.आयोग(२०११) ले र त्यसपछिका समिति र आयोगहरूले पनि व्यवस्थित पाठ्यक्रम निर्माण गर्न सकेनन् । वि.सं.२०२८ को रा.शि.प.यो पछि उल्लेख्य प्रयासहरु भए पनि नेपाली भाषालाई वैज्ञानिक पाठ्यक्रम अनुरुप पठन पाठनको व्यवस्था मिलाउन सकिएको छैन । नेपाली भाषाको प्रकृतिको गहन तथा सूक्ष्म विश्लेषण गरेर यसको मानक रुपको विस्तार गर्न आवश्यक देखिन्छ । कक्षा १ देखि उच्च तहसम्म अनिवार्य गरिए

पनि यसलाई व्यावहारिक एवं प्रयोगात्मक रुपले शिक्षण गर्ने गरी नवीन सोचमा आधारित पाठ्यक्रम विकास गर्न सकिएको छैन् । (लम्साल, २०६६)

वि.स. २०२८ पछिका नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकमा पुरानाका अपेक्षा निकै सुधार भएको देखिन्छ र अझै पनि यिनीहरूमा विभिन्न प्रकारका अस्पष्टताहरु छँदैछन् । निम्न माध्यमिक र माध्यमिक तहका नेपाली पाठ्यक्रमका उद्देश्यहरूमा भाषिक सिपहरूमा जोड दिनुलाई नवीनताको प्रमुख विशेषता मान्न सकिन्छ भने दिइएका पाठ्यक्रमका क्षेत्र र क्रममा विषयवस्तु र शिक्षणको सीमा तथा छनोटका विषयमा असन्तुलन हुनु तथा त्यसबारे कम ध्यान दिइनुलाई प्रमुख कमजोरी मान्न सकिन्छ । (अधिकारी, २०५७)

व्याकरणका अभ्यासहरू अधिकांश रुपमा सैद्धान्तिक प्रकृतिका देखिनु र मूल पाठसँग असम्बन्धित वा नगन्य मात्रामा सम्बन्धित हुनु पनि अपेक्षित प्रयोजन विपरीत भएकाले शिक्षकलाई अन्योल पार्ने खालका पाइन्छन् । (ऐ.)

अप्रशिक्षित शिक्षकहरूको झुकाव नेपाली भाषा पढाउँदा पनि नियम र परिभाषातिर नै बढी जोड दिने खालको देखिन्छ । यसो भएपछि भाषा शिक्षणका दृष्टिले शिक्षार्थीहरुलाई त्यस भाषामा अभ्यास गर्ने मौका प्राप्त हुँदैन । अनि भाषा शिक्षणका नाममा विषयवस्तु शिक्षण मात्र हुने गर्दछ । (ऐ.)

नेपाली मातृभाषा नभएका बहुसङ्ख्यक वा अल्पसङ्ख्यक विद्यार्थीका कक्षामा अझ भनौं अन्य कुनै भाषाभाषी शिक्षार्थीहरूमात्र भएका कक्षामा नेपाली सिकाउने समस्या शिक्षणका दृष्टिले महत्त्वपूर्ण देखा पर्दछ । (ऐ.)

व्याकरणको सैद्धान्तिक पक्षलाई विशेष महत्त्व दिने र व्याकरण भनेपछि डराउने दुबै खालका शिक्षकसमेत नेपाली भाषा शिक्षणका क्रममा फेला पर्दछन् । साथै कुनै कक्षामा व्याकरण तत्त्व किन सिकाउने वा सिकाउनुको प्रयोजन के हो र कसरी सिकाउने वा कुन व्याकरण तत्त्व सिकाउँदा के-कस्ता तरिका उपयोगी हुन्छन् भन्नेबारे पनि हाम्रो दृष्टिकोण अस्पष्ट नै छ । (ऐ.), प्राय निजी स्कुलहरूको शिक्षाको माध्यम राष्ट्रभाषा नेपाली नभएर विदेशी भाषा अङ्ग्रेजीलाई बनाइएको हुँदा नेपाली कक्षामा बाहेक अन्य कक्षामा अङ्ग्रेजीको

नै प्रयोग हुने गर्दछ । उक्त स्थितिमा नेपाली शिक्षण एउटा विषयका रुपमा मात्र सीमित हुन थालेको स्थिति देखापर्छ (ऐ.)

निजी स्कुलहरूमा नेपालीको पठनपाठन विषयवस्तुको अत्यधिक भारले ग्रस्त रहेको र मूल्याङ्कन परिपाटी पनि सोही कुराप्रति झुकाव राख्ने खालको छ । फलस्वरुप नेपालीको शिक्षण भाषिक सिप एवम् दक्षता हासिल गराउने खालको नभएर विषयवस्तुमुखी र व्याख्यानमुखी बनेको अनुभव हुन्छ । प्रत्येक नेपाली विषय पढाइ हुने कक्षामा निर्धारित घन्टीको ८०-९० प्रतिशत समय शिक्षकले विषयवस्तुको व्याख्यानमा बिताउँछन् भने विद्यार्थीहरूले भाषाका सिपहरूको अभ्यास गर्नमा के कति समय पाउलान सहजै अनुमान गर्न सकिन्छ । यसो हुनमा अधिकांश निजी स्कुलहरूको नेतृत्वमा रहेका व्यक्तिहरुको अस्पष्ट दृष्टिकोण जिम्मेवार रहेको देखापर्छ । यसरी नेपाली भाषा शिक्षण निकै चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको देखिन्छ । (ऐ.)

व्याकरणका पाठ्यवस्तुहरू कक्षा चारदेखि नै राखिएका पाइन्छन् । कक्षा चारदेखि कक्षा १० सम्म राखिएका उक्त पाठ्यवस्तुहरूमा हाल उपयुक्त स्तरण भएको देखिँदैन । खास कक्षा वा तहका पाठ्यक्रममा व्याकरणका खास पाठ्यवस्तुहरूको गहिराइ तथा विस्तृति के कति हुने हो र माथिल्ला तहमा त्यही पाठ्यवस्तुको के कस्तो आवृत्ति र के कति विस्तार हुने हो, सोको स्पष्ट निर्देशन हुन सकेको छैन । अनि कक्षा चारदेखि कक्षा दससम्म कतिपय पाठ्यवस्तुहरु उत्तिकै गहिराइ (खास विस्तारविना नै ) मा नै आवृति भइ रहने स्थिति देखिएको छ । यसो हुनाको मुख्य कारण नेपाली भाषामा वैज्ञानिक अध्ययनको कमी हुनु पनि हो । जसले गर्दा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माताहरूद्वारा पनि आ-आफ्नो वैयक्तिक ज्ञान र झुकाव अनुसार पाठ्यवस्तुहरूलाई व्यवस्थित गरिनु स्वभाविक छ । त्यसैले विद्यार्थीहरूको पूर्व ज्ञान वा पूर्व-अनुभव अनुरुप उपयुक्त क्रमिकताका साथ पाठ्यवस्तु राखिने काम अझै पनि हुन सकेको छैन् । (ऐ.)

उपर्युक्त समस्याहरू नेपाली भाषा पाठ्यक्रमसँग पनि सम्बन्धित छन् । यी समस्या एकैचोटी समाधान गर्न सम्भव पनि छैन् । निरन्तर खोज अनुसन्धानका प्रयासबाट नै समाधान तथा न्यूनीकरण गर्दै लैजान सकिने हुन्छ । यसका लागि गहन खोज अनुसन्धानको अझै आवश्यकता देखिन्छ ।

**अनुसन्धानात्मक प्रश्नहरू**

प्रस्तुत अध्ययन वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमका सम्बन्धमा निम्न अनुसन्धान प्रश्नमा आधारित भई अगाडि बढाइएको छ :

- के उद्देश्यबाट विषयवस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया निर्देशित छन् ?
- के साधारण उद्देश्य र विशिष्ट उद्देश्यबिच सम्बन्ध छ ?
- के राष्ट्रिय उद्देश्य र तहगत उद्देश्यबिच सम्बन्ध छ ?
- के साधारण उद्देश्यहरू सिपगत दृष्टिले सन्तुलित छन ?
- के विशिष्ट उद्देश्यहरू स्पष्ट किटान गरिएको छ ?
- के विशिष्ट उद्देश्यहरू व्यवहार प्रदर्शनीय छन् ?
- विभिन्न स्तम्भ वा तत्त्वहरू के कति उपयुक्त छन ?
- यस पाठ्यक्रमका तत्त्वहरूबिचको अन्तरसम्बन्ध के कस्तो छ ?
- यस पाठ्यक्रमका सबल र दुर्बल पक्षहरू के कस्ता छन् ?

## १.३ अध्ययनको औचित्य

पाठ्यक्रम एउटा समय अनुकुल निरन्तर परिवर्तन भइ रहने लिखित दस्तावेज हो । समय र समाज सापेक्ष बनाउन यसलाई परिवर्तन गरि रहनु पर्ने हुन्छ । देशको राजनैतिक स्थिति र सामाजिक-साँस्कृतिक परिवेश अनुकुल पाठ्यक्रमलाई परिवर्तन नगर्दासम्म त्यसले दिने ज्ञानले व्यक्ति र राष्ट्रलाई मार्गदर्शन गर्न र प्रतिस्प्रधी युगमा सक्षम बनाउन सक्दैन । त्यसैले गुणस्तरीय शिक्षाका लागि नवीन सन्दर्भहरू समावेश गरी पाठ्यक्रम निर्माण गर्नु पर्दछ । भाषाले ज्ञानका नवीन सन्दर्भलाई टिप्न सक्नु पर्दछ । भाषा ज्ञानआर्जन र अभिव्यक्तिको माध्यम भएकाले त्यसमा सक्षम हुनु जरुरी छ । त्यसैले भाषा पाठ्यक्रममध्येको नेपाली पाठ्यक्रमले पनि नेपालका सन्दर्भमा निकै महत्त्व राख्दछ । बालबालिकाहरूलाई राष्ट्रभाषामा सबल बनाउन पाठ्यक्रम पनि उत्तिकै सबल हुनु पर्छ । माध्यमिक तहका पाठ्यक्रमका विविध विशेषताहरू ठम्याई सुधारका सुझहरूसमेत प्रदान गरिने भएकाले यस अध्ययनले विशेष गरी शिक्षकहरूलाई कक्षा शिक्षण गर्न, पाठ्यक्रम

विद्हरूलाई पाठ्यक्रम परिमार्जन सुधार एवम् संशोधन गर्न, पाठ्यपुस्तक निर्माताहरूलाई वैज्ञानिक पाठ्यपुस्तक निर्माण गर्न र भावी अध्यताहरूलाई थप अध्ययन गरी समयसापेक्ष पाठ्यक्रम निर्माण सुधार गर्नसमेत यस अध्ययनले सहयोग पुऱ्याउने आपेक्षा राखिएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रमका तत्त्वहरूको विश्लेषण गर्नु

ख) पाठ्यक्रमका तत्त्वहरूको कार्यान्वयन अवस्थाको अध्ययन गर्नु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनलाई सीमित स्रोतसाधन र समय सीमा भित्र रही पुरा गर्नु पर्ने भएकाले निम्न लिखित पक्षहरूमा सिमित गरिएको छ :

क) यो अध्ययनमा मूलतः पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित साधारण माध्यमिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य नेपाली भाषा पाठ्यक्रमलाई मूल अध्ययन विषय बनाइएको छ  यो अध्ययन ऐच्छिक नेपाली र अन्य तहका पाठ्यक्रमसँग प्रत्यक्ष रुपमा सम्बन्धित रहने छैन ।

ख) यस अध्ययनलाई कैलाली जिल्लाको टीकापुर न.पा. भित्र सीमित गरिएको छ ।

ग) यस अध्ययनलाई टीकापुर नगरपालिकाभित्रका नेपाली विषयका विशेषज्ञ, शिक्षक र सम्बन्धित तहका विद्यार्थीहरूमा सिमित गरिएको छ ।

घ) यस अध्ययनलाई नेपाली भाषा पाठ्यक्रमका विभिन्न स्तम्भहरूका अध्ययन विश्लेषण तथा मूल्याङ्कनमा सिमित गरिएको छ । विभिन्न स्तम्भका उपयुक्तता अनुपयुक्तताको विश्लेषणमा केन्द्रित भई अध्ययनलाई पूर्णता दिइएको छ ।

ङ) यस अध्ययनमा अध्ययता स्वयम उपस्थित भई अवलोकन फाराम प्रश्नावली अन्तर्वार्ता सूची र लक्षित समूह छलफल उपयोग गरी सूचना सङ्कलन गरिएको छ । ती साधनको वैद्यता परीक्षण शोध निर्देशकको निर्णयका आधारमा गरिएको छ ।

च) यस अध्ययनलाई कैलाली जिल्लाको टीकापुर न.पा.भित्रका १० वटा मा.वि.हरूमा सिमित गरिएको छ ।

छ) यस अध्ययनमा मूलतः ५जना विषयविज्ञ, १० जना शिक्षक र २० जना विद्यार्थीहरूबाट प्राप्त तथ्यलाई विश्लेषणको आधार बनाइएको छ ।

ज) सैद्धान्तिक विश्लेषणका लागि र द्वितीय स्रोतका लागि पुस्तकालयीय/दस्तावेज अध्ययन गरिएको छ ।

झ) शोध निर्देशकबाट प्राप्त निर्देशन सुझाब र सल्लाह अनुसार शोधको अन्तिम व्यवस्थापन समायोजन र समापन गरिएको छ।

ञ) पाठ्यक्रमका तत्त्वहरू अन्तर्गत उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाका साथै अन्य परिधीय अङ्गहरू : पाठ्यांश शीर्षक, पाठ्यांश परिचय, भाषा पाठ्यपुस्तक र सन्दर्भ सामग्री खण्डमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ ।

ट) पाठ्यक्रमको कार्यान्वयन पक्ष अन्तर्गत कक्षाकोठाको व्यवस्थापन, पूर्वपाठको स्मरण, पाठको प्रस्तुतीकरण, शिक्षण विधिको प्रयोग, शिक्षण सामग्रीको प्रयोग र कक्षाकार्य तथा गृहकार्यको प्रयोगमा यस अध्ययनलाई सीमित गरिएको छ ।

## १.६ विशिष्ट शब्दावलीको परिभाषा

**नेपाली भाषा पाठ्यक्रम =** नेपाल सरकारले तोकेको पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत नेपाली भाषा पाठ्यक्रम ।

**भर्नाकुलर** = मातृभाषा / स्थानीय भाषा

**विद्यालय =** निजी र सरकारी विद्यालय ।

**विषयविशेषज्ञ=** स्नातकोत्तर तह पुरा गरेका नेपाली विषय शिक्षणसँग सम्बन्धित व्यक्तिहरू ।

# परिच्छेद : दुई
# पूर्वसाहित्यको समीक्षा

यस अध्ययनको शीर्षकसँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धान प्रतिवेदन शोध प्रस्तावना तथा प्रतिवेदन, पुस्तक पुस्तिका लेख रचना विगत र वर्तमानमा लागु भएका पाठ्यक्रम शिक्षक निर्देशिका सन्दर्भ सामग्री आयोगका प्रतिवेदन आदिलाई विस्तृत एवम् सूक्ष्म रुपमा अध्ययन गरिएको थियो । विगतमा व्यक्तिगत र संस्थागत रुपमा गरिएका यस्ता अध्ययनले माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमलाई अझ समयानुकुल बनाउन सहयोग पुग्दछ । यस अध्ययनसँग सम्बन्धित पूर्वसाहित्यको समीक्षालाई निम्न उपशीर्षकमा प्रस्तुत गरिएको छ :

## २.१. अध्ययनको सैद्धान्तिक खाका

माध्यमिक तहको वर्तमान पाठ्यक्रम **राल्फ डब्लु टाइलर**ले सन् १९४९ मा प्रचलनमा ल्याएको पाठ्यक्रम विकासका चरणको नमुनामा आधारित छ । यस नमुनाको प्रयोग र महत्त्व निकै प्रभावपूर्ण छ । टायलरले आफ्नो पाठ्यक्रम नमुनालाई ४ चरनमा विभाजन गरेका छन् । उनको नमुना ४ वटा प्रश्नमा आधारित छ :

- विद्यालयले कस्ता शैक्षिक उद्देश्य प्राप्त गर्ने लक्ष्य राखिनु पर्छ ?
- ती उद्देश्य पुरा गर्न कस्ता शैक्षिक अनुभव उपलब्ध गराउन सकिन्छ ?
- ती शैक्षिक अनुभवहरू कसरी व्यवस्थित रुपले सङ्गठित गर्न सकिन्छ ?
- ती उद्देश्य प्राप्त भए नभएको कसरी निर्धारण गर्न सकिन्छ ?

यी प्रश्नहरूमध्ये पहिलोले उद्देश्य, दोस्रोले विषयवस्तु, तेस्रोले शिक्षण विधि र चौथोले मूल्याङ्कन विधिको सङ्केत गर्दछन । विश्लेषण गर्न लागिएको वर्तमान माध्यमिक नेपाली पाठ्यक्रमका पनि यी ४ वटा तत्त्व वा स्तम्भहरू नै मुख्य छन् । यसलाई सुगम बनाउन पाठ्यांश शीर्षक, पाठ्यांश परिचय , पाठ्यपुस्तक र सन्दर्भ पुस्तक/ सामग्री खण्ड पनि थप गरेर जम्मा ८ वटा स्तम्भ बनाउनु उपयुक्त हुन्छ ।


**Audrey Nicholls** ले आफ्नो पुस्तक "Developing a Curriculum" मा पाठ्यक्रमका तत्वहरू निम्नानुसार हुने बताएका छन् :

१. उद्देश्यहरू

२. विषयसूची

३. विधिहरू

४. मूल्याङ्कन




१. उद्देश्यहरू : पाठ्यक्रम निर्माण तथा विकासका क्रममा र महत्त्वपूर्ण तत्त्वका रुपमा उद्देश्यलाई लिइन्छ । विभिन्न विद्वान्हरूले यसलाई "लक्ष्य र उद्देश्य" भनी एकै ठाउँमा राखेको पनि पाइन्छ । लक्ष्यले व्यापक दृष्टिकोण समेटेको हुन्छ भने उद्देश्यले लक्ष्यहरू पुरा गर्न विशेष भूमिका ओगटेको हुन्छ ।

२.विषयसूची : शिक्षण सिकाइ प्रक्रियामा शिक्षकले केही कुरा कसैलाई सिकाउने गर्दछ । यस प्रक्रियामा "कसैलाई" भन्नाले विद्यार्थी भन्ने बुझिन्छ र "केही कुरा" भन्नाले विषयसूची भन्ने बुझिन्छ । विषयसूचीलाई ज्ञान, सिप, प्रवृत्ति र सिकाइको मूल्यका रुपमा लिइन्छ । अर्थात् पाठ्यक्रमलाई विभिन्न विषयमा विषयसँग सम्बन्धित विषयवस्तुहरूका क्रमबद्ध सङ्गठन अनुसार निर्माण गरिन्छ । अर्को शब्दमा भन्दा विषयसूची वा विषयवस्तुको निर्माण व्यक्तिको बौद्धिक क्षमता, सिप, प्रवृत्ति र मूल्यको विकासका लागि गरिएको हुन्छ ।

३. विधिहरू : शिक्षण सिकाइको कौशललाई पनि पाठ्यक्रमको महत्त्वपूर्ण तत्त्वका रुपमा मानिन्छ । पाठ्यक्रम निर्माणका सन्दर्भमा उद्देश्यको निर्माण र विषयवस्तुको छनौटपश्चात् उद्देश्यप्राप्तिका लागि विषयवस्तुको प्रस्तुतीकरणलाई

शिक्षण/सिकाइको कौशल भनिन्छ । अर्को शब्दमा भन्नु पर्दा विषयवस्तुको प्रस्तुतीकरण जति प्रभावकारी रुपमा गर्न सकियो त्यति नै ज्ञान र सिपको प्राप्ति हुने मानिन्छ ।

४. मूल्याङ्कन : पाठ्यक्रमको अन्तिम र महत्त्वपूर्ण तत्त्व मूल्याङ्कन हो । मूल्याङ्कन विद्यार्थीको उपलब्धिको मात्र मूल्याङ्कन नगरी उद्देश्य, प्रक्रिया, कार्यक्रम र पाठ्यक्रमको नै समग्र रुपमा क्रमिकतापूर्वक मूल्याङ्कन गर्दा मुख्यतया निम्न बुँदाहरूमा आधारित हुनुपर्दछ :

क) उद्देश्यहरू र मूल्याङ्कनबिचको सम्बन्ध ।

ख) सुरुको व्यवहारको मूल्याङ्कन ।

ग) वास्तविक प्राप्तिहरू ।

घ) चाहेका प्राप्तिहरू ।

यही सैद्धान्तिक खाकालाई आधार मानेर वर्तमान माध्यमिक नेपाली भाषा पाठ्यक्रमको अध्ययन विश्लेषण गरिएको छ ।

## २.२. सम्बन्धित साहित्यको समीक्षा

**अधिकारी र शर्मा (२०५६),** ले गरेको *प्राथमिक तहको नेपाली पाठ्यक्रम तथा पाठ्यपुस्तकको अध्ययन विश्लेषण*मा प्राथमिक तहको नेपाली भाषाको पाठ्यक्रम (२०४९) को पाठ्यक्रमका विविध पक्षमाथि प्रकाश पारिएको छ । यो अध्ययन पाठ्यक्रम र पाठ्यपुस्तकका कमी कमजोरीलाई औँल्याउने र त्यसैका आधारमा सुधारात्मक उपायहरूको खोजी गर्ने र सुझावहरू प्रदान गर्ने उद्देश्य राखी गरिएको देखिन्छ । विशेषगरी पाठ्यक्रमका उद्देश्य, भाषिक सिप, विषयवस्तुको क्षेत्र, विधा, भाषातत्त्व (व्याकरण) जस्ता प्रमुख पक्षका साथै सिकाइ शिक्षण र मूल्याङ्कन प्रक्रियाभित्र रही अध्ययन गरिएको पाइन्छ ।

यस अध्ययनमा सुनाइ र बोलाइ सिपसँग सम्बन्धित सिकाइ उपलब्धि (उद्देश्य) विद्यार्थीको स्तरअनुकुल रहेको देखाइएको छ । पढाइ सम्बन्धी उपलब्धिहरुमा बिल, भौचर, भर्पाइ, लालपूर्जाजस्ता लेख्य सामग्रीहरू कक्षा ४ र ५ का लागि उपयुक्त नहुने, प्रौढहरूका

लागि उपयुक्त हुने र चिठी, निवेदन, कथा, प्रबन्ध, जीवनी, रचना गर्ने कुरा उल्लेख भएर पनि मौलिकता र सिर्जनशीलतालाई जोड नदिइएको, छनौट र स्तरण स्वाभाविक नभएको जस्ता कमी कमजोरी देखाइएको पाइन्छ ।

यसैगरी विषयवस्तु र विधा अन्तर्गत कथा,कविता, प्रबन्ध, संवाद,जीवनी, उल्लेख गरिए पनि त्यसमा नवीनता दिन नसकिएको र व्याकरणलाई कार्यमूलक रुपले प्रस्तुत गर्न नसकिएको कुरा औंल्याइएको छ । प्राथमिक पाठ्यक्रममा कक्षा १ मा बढीमा ६/७ वटा शब्द प्रयोग भएका वाक्य मात्र समावेश गर्ने प्रस्ताव गरिएको छ । प्रत्येक कक्षामा एक शब्द बढाई कक्षा ५ सम्म पुग्दा एउटा वाक्यमा १०/१२ शब्द प्रयोग हुनु पर्ने कुरा सुझाइएको वा शब्दको सङ्ख्या तोकिए पनि वाक्यसंरचना सरल संयुक्त वा मिश्र कस्तो हुने भन्नेबारे प्राथमिक पाठ्यक्रम मौन रहेको कुरा औल्याएको छ । यसैगरी उखान टुक्काहरू मातृभाषीको अनुकुल हुने र नेपाली इतर मातृभाषीको नेपाली सिक्ने परिवेशलाई वास्ता नगरिएको ठहर गरेको छ ।  पाठ्य पुस्तक लेखक र सम्बन्धित शिक्षकहरूलाई सहयोग गर्ने नाउँमा कतिपय पक्षमा अन्योल थप्ने काम प्राथमिक पाठ्यक्रमले गरेको छ भनी निष्कर्ष निकालिएको छ ।

**ढकाल (२०६४)**,ले *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति* पुस्तकमा वर्तमान पाठ्यक्रमको केही समस्या प्रस्तुत गरेको पाइन्छ । बी. एड. तेस्रो वर्षको पाठ्यक्रममा आधारित भएर गरेको यस अध्ययनमा नेपाली भाषाको परीक्षा प्रणालीमा मौखिक सिपको परीक्षण गर्नु पर्ने सुझाब दिएको पाइन्छ । पाठ्यक्रम पहिलो र दोस्रो भाषीका लागि अलग अलग हुनु पर्ने, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया पनि सोही अनुरुप हुनु पर्ने जस्ता सुझाव दिइएको छ ।

**लम्साल र अन्य (२०६६),** ले *नेपाली भाषा शिक्षण* मा. नि.मा.वि तहको नेपाली भाषा पाठ्यक्रमको अध्ययन विश्लेषण र मूल्याङ्कन प्रस्तुत गरेका छन् । यसमा पाठ्यक्रमको तत्त्वहरूका आधारमा नि.मा. तहको पाठ्यक्रम (२०५३) को अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनमा साधारण उद्देश्य, कक्षागत उद्देश्य,  विषयवस्तुको क्षेत्र क्रम र विषयवस्तुको छनौट, विविध विधाका शिक्षण प्रक्रियाहरू र मूल्याङ्कन प्रक्रियाको सर्सर्ती अवलोकन गरिएको पाइन्छ । कक्षा अवलोकन गर्दा पाठयोजनाविना र शिक्षण सामग्रीविना शिक्षण गर्ने, तालिममा सिकेका कुरा व्यवहारमा नगन्य मात्रामा उतार्ने गरेको उल्लेख छ ।

**पौडेल (२०६८),** ले *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धतिमा* कक्षा ९ र १० को पाठ्यक्रमको समीक्षा गरेकी छन् । यसमा उनले नेपाली भाषा पाठ्यक्रमलाई प्रयोगात्मक बनाउनु पर्नेमा जोड दिएकी छन् । व्याकरण शिक्षण गर्दा सन्दर्भ-पूर्ण ढङ्गले शिक्षण गर्ने, सिद्धान्तको कोरा रटाइमा केन्द्रित हुँदा उपलब्धि नहुने निर्माणात्मक मूल्याङ्कन गरी पृष्ठपोषण दिनु पर्नेजस्ता सुझाबहरू दिएकी छन् ।

**गिरी (२०५९),** *द्वारा वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण विधाको विश्लेषणात्मक अध्ययन* शीर्षकमा शोध अध्ययन गरिएको पाइन्छ । व्याकरण विधाको विश्लेषण गर्ने, पाठ्यक्रम अनुरुपता र स्तरयुक्तताको पहिचान गर्ने उद्देश्य राखी सम्पन्न गरिएको यो अध्ययन स्नातकोत्तर उपाधिका लागि गरिएको पाइन्छ । यसमा पुस्तकालयीय दस्तावेज अध्ययन विधि अपनाई गरिएको यस अध्ययनबाट व्याकरण विधाहरू पाठ्यक्रम अनुरुप भए पनि पाठ्यक्रमले व्याकरणका के कस्ता विषयवस्तु के कति गहिराइमा राख्ने भन्ने स्पष्ट निर्देशन नदिएको, पाठ र व्याकरणको सम्बन्ध पूर्ण रुपमा नमिलेकोजस्ता निष्कर्ष निकालेको पाइन्छ र व्याकरणलाई आगमनात्मक ढाँचामा पाठसँग सम्बन्धित गराई प्रयोगपरक ढङ्गले राख्नु पर्ने जस्ता सुझाबहरू पेश गरिएको पाइन्छ ।

**अर्याल (२०६४),** ले शिक्षा क्याम्पस काठमाडौँद्वारा *'कक्षा ११ को जनसङ्ख्या अध्ययन विषयको विश्लेषणात्मक एक अध्ययन'* शीर्षकमा शोध गरिएको पाइन्छ । यस अध्ययनका उद्देश्यहरू कक्षा ११ को जनसङ्ख्या अध्ययनको सान्दर्भिकता पत्ता लगाउनु, जनसङ्ख्या अध्ययन पाठ्यक्रमका उद्देश्यहरूको लेखाजोखा गर्नु, जनसङ्ख्या अध्ययन, पाठ्यक्रमको निर्माण, विषयवस्तुको छनौट र सङ्गठन-प्रक्रियाको लेखाजोखा गर्नु, जनसङ्ख्या अध्ययन पाठ्यक्रमका सबल र दुर्बल पक्षहरूको पहिचान गर्नु रहेको पाइन्छ ।

यसको अध्ययन गर्नका लागि कास्की र स्याङ्जा जिल्लाका २० वटा उच्च माध्यमिक विद्यालयका २० जना कक्षा ११ मा जनसङ्ख्या अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूलाई चिट्ठा प्रक्रियाद्वारा छनौट गरिएको देखिन्छ । यसको अध्ययन गर्नका लागि अन्तर्वार्ता सूची दस्तावेज अध्ययन र प्रश्नावली साधन प्रयोग गरिएको देखिन्छ । यसबाट कक्षा ११ को पाठ्यक्रम सान्दर्भिक रहेको, पाठ्यक्रम तयार पार्दा हल्का पाराले नलिई


बनाउनु पर्ने, व्यक्तिविशेषलाई ध्यान दिन नहुने, आवश्यकता पहिचानमा बढी जोड दिनु पर्ने, विश्व बजारमा खपत हुने वा प्रतिस्पर्धा गर्न सक्ने सक्षम नागरिक तयार हुने पाठ्यक्रम रहेको, पाठ्यक्रम निर्माण र परिमार्जन गर्दा सबै तह र तप्काका विद्वान्, विषय विशेषज्ञ शिक्षक र सरोकारवालाको रायसुझाब लिनु पर्ने, सैद्धान्तिक पक्षलाई भन्दा व्यावहारिक र जीवन-उपयोगिताको पक्षलाई ध्यान दिई पाठ्यक्रम तयार गर्नु पर्ने जस्ता निष्कर्ष निकालिएको पाइन्छ ।

यस शोध पत्रका सुझाबहरूमा पाठ्यक्रमलाई समय सापेक्ष रुपमा निर्माण र परिमार्जन गर्दै लैजानु पर्ने, जनसङ्ख्या अध्ययन विषयको पाठ्यक्रम तयार गर्दा सैद्धान्तिक पक्षलाई भन्दा व्यावहारिक पक्षलाई जोड दिनु पर्ने , पाठ्यक्रमका विषयवस्तुको छनोट र सङ्गठन प्रक्रियामा सुधार गर्दै लैजानु पर्ने, राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका विज्ञहरूलाई समावेश गरी पाठ्यक्रम तयार गर्नु पर्ने जस्ता कुरामा जोड दिइएको पाइन्छ ।

यी अध्ययनहरूबाट शोध प्रस्तावना निर्माण, प्रश्नावली निर्माण, तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि उपयुक्त मार्गदर्शन प्राप्त भएको छ । यी बाहेक पाठ्यक्रम र पाठ्यपुस्तकसँग सम्बन्धित प्रशस्त अध्ययनहरू नभएका होइनन् । तापनि माध्यमिक तहको वर्तमान परिवर्तित पाठ्यक्रम (२०६४) सँग सम्बन्धित गहन अध्ययन हुन नसकेकाले यो अध्ययन गर्न लागिएको हो ।

## २.३. अवधारणात्मक ढाँचा

*वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन* शीर्षकमा अध्ययन गर्न निम्न अनुसारको अवधारणात्मक ढाँचा तयार गरिएको छ :



# परिच्छेद : तिन
# अध्ययन विधि

अध्ययनलाई के कसरी व्यवस्थित ढङ्गबाट अगाडि बढाउने भन्ने विधिलाई अध्ययन विधि भनिन्छ । यसले अध्ययन कार्यलाई मार्गदर्शन गर्दछ । अध्ययन कर्तालाई आफ्नो खोज अध्ययनमा कस्तो अध्ययन ढाँचाको अवलम्बन गर्ने ? नमुना छनौट कसरी गर्ने ? के कस्ता साधनहरूको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गर्ने ? भन्ने विषयमा अध्ययन विधि केन्द्रित हुन्छ। यस अध्ययन कार्यमा गुणात्मक अध्ययन विधिलाई अवलम्बन गरिएको छ ।

## ३.१ अध्ययन ढाँचा

यस अध्ययनको ढाँचा वर्णनात्मक विधिमा आधारित छ । वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमका विभिन्न तत्त्वहरूको अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्न यो अध्ययन ढाँचा छनौट गरिएको हो । सङ्कलित तथ्याङ्कको अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि के कस्ता उद्देश्यका लागि तथ्याङ्कका कुन कुन स्रोतलाई आधार मान्ने, तथ्याङ्क सङ्कलनका कुन कुन साधन प्रयोग गर्ने भन्ने कुरा तलको तालिका अनुसार रहेको छ । तथ्याङ्कको स्रोत साधन निम्नलिखित अनुसारको प्रयोग गरिएको छ :

**तालिका : २ तथ्याङ्क सङ्कलनका स्रोत र साधन**

| क.सं. | उद्देश्यहरू | तथ्याङ्कको श्रोत | तथ्याङ्क सङ्कलनका साधन |
|---|---|---|---|
| १) | माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमका तत्त्वहरूको विश्लेषण गर्नु | - विषय विशेषज्ञहरू<br>- विषय शिक्षकहरू<br>- पाठ्यक्रम, पाठ्यपुस्तक, आयोगका प्रतिवेदनहरू आदि | - अन्तर्वार्ता सूची<br>- प्रश्नावली<br>- टिपोटहरू |
| २) | पाठ्यक्रमको कार्यान्वयन अवस्थाको अध्ययन गर्नु | - विषय शिक्षकहरू<br>- कक्षा शिक्षण<br>- विद्यार्थीहरू | - प्रश्नावली<br>- कक्षाअवलोकन फारम<br>- लक्षित समूह छलफल निर्देशिका |

## ३.२ जनसङ्ख्या र नमुना छनौट

यस अध्ययनका लागि कैलाली जिल्लाका माध्यमिक तहमा नेपाली भाषा पाठ्यक्रम विषय अध्यापनरत विद्यालय, शिक्षक, विषयविज्ञ र विद्यार्थीहरूलाई जनसङ्ख्याका रुपमा लिइएको थियो । सीमित साधन स्रोत र समयका कारण जनसङ्ख्याको ठुलो समूहलाई समावेश गरी अध्ययन कार्यलाई अगाडि बढाउन नसकिने हुँदा सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व हुने गरी निम्नानुसार नमुना छनौट गरिएको थियो :

### ३.२.१ क्षेत्र छनौट

यस अध्ययन कार्यका लागि क्षेत्र छनौट गर्दा कैलाली जिल्लाको टीकापुर नगरपालिका क्षेत्रलाई सम्भावनारहित नमुना छनौटमा आधारित सुविधाजनक नमुना छनौट विधिलाई अवलम्बन गरिएको थियो ।

### ३.२.२ विद्यालय छनौट

विद्यालय छनौट गर्दा अध्ययन क्षेत्र अन्तर्गत पर्ने टीकापुर न.पा. भित्रका २० वटा मा.वि. मध्येबाट संयोगमा आधारित नमुना छनौट विधि अन्तर्गत चिट्ठा प्रणालीलाई अवलम्वन गरी १० वटा मा.वि.हरू छनौट गरिएको थियो । (अनुसूची १)

### ३.२.३ शिक्षक छनौट

नमुना छनौटमा परेका १० वटा विद्यालयका नेपाली शिक्षकहरूमध्येबाट उद्देश्यपूर्ण नमुना छनौट विधि अपनाई माध्यमिक तहमा नेपाली शिक्षण गर्ने १० जना नेपाली विषय अध्यापनरत शिक्षकहरूलाई छनौट गरिएको थियो । (अनुसूची १)

### ३.२.४ विद्यार्थी छनौट

नमुना छनौटमा परेका विद्यालयका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट संयोगमा आधारित नमुना छनौट विधि अपनाई तिन वटा विद्यालयबाट ६/६ ( ३×६=१८) जना गरी जम्मा १८ जना विद्यार्थीलाई अध्ययनको सहभागीका रुपमा समूह छलफलका लागि छनौट गरिएको थियो । (अनुसूची १)

### ३.२.५ विषय विशेषज्ञको छनोट

टीकापुर न.पा.का माध्यमिक विद्यालयमा कम्तिमा ५ वर्षदेखि नेपाली विषयमा शिक्षण अनुभव हासिल गरि सकेका एवम् नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरी उ.मा.वि./क्याम्पस स्तरमा अध्यापन गरि रहेका शिक्षक मध्येबाट उद्देश्यपूर्ण नमुना छनौट विधि अपनाई ५ जनालाई छनौट गरिएको थियो । (अनुसूची १)

## ३.३ साधनहरूको निर्माण

तथ्याङ्क सङ्कलनका विविध साधन निर्माणका लागि पूर्ववत् अध्ययन प्रतिवेदन वा शोधपत्रमा समाविष्ट प्रश्नावली अवलोकन फारम, अन्तर्वार्ता सूची, लक्षित समूह छलफल निर्देशिका आदिलाई अध्ययन मनन् गरिएको थियो । यसै गरी अनुसन्धानका पुस्तक, पुस्तिका तथा सम्बन्धित लेख, रचना आदिलाई पनि अध्ययन विश्लेषण गरी उपयुक्त, वैध एवम् विश्वसनीय अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका साधनहरू निर्माण गरिएको थियो । जुन साधनहरू निम्न अनुसार रहेका छन् :

### ३.३.१ विषय विशेषज्ञका लागि अन्तर्वार्ता सूची

विषय विशेषज्ञहरुका लागि सोधिने अन्तर्वार्ता सूचीमा माध्यमिक तहको नेपाली पाठ्यक्रमका उद्देश्यको सम्बन्धमा साधारण र विशिष्ट उद्देश्यबिच सम्बन्ध, स्पष्टता, प्राप्यता, क्षेत्रगत प्रतिनिधित्व, सिपगत सन्तुलन, रुची अनुरुपता, क्रमबद्धता, लम्बीय समन्वय, उद्देश्य अनुरुपता आदि सम्बन्धी बन्द प्रश्नहरू समावेश गरिएका थिए । त्यस्तै विषयवस्तुको स्तरयुक्तता/स्तरण, भौगोलिक, भाषिक, साँस्कृतिक, विविधता जस्ता पक्षहरूमा खुला प्रश्नहरू समावेश गरिएका थिए । शिक्षण विधिका सम्बन्धमा उपयुक्तता, विषयवस्तु, अनुरुपता, व्यावहारिकता, मनोविज्ञानमा आधारित, समय उपलब्धतासँग सम्बन्धित बन्द प्रश्नहरू समावेश गरिएका थिए । मूल्याङ्कनका सम्बन्धमा साधनको उपयुक्तता, उद्देश्य र मूल्याङ्कनबिच सम्बन्ध सुरु व्यवहारको जाँच एवम् सुधारात्मक मूल्याङ्कनको अवस्थासँग सम्बन्धित बन्द प्रश्नहरू समावेश थिए । (अनुसूची २)

### ३.३.२ शिक्षकका लागि प्रश्नावली

माध्यमिक तहमा नेपाली शिक्षण गर्ने शिक्षकका लागि पाठ्यक्रमको उद्देश्यको सम्बन्धमा साधारण र विशिष्ट उद्देश्यबिच सम्बन्ध, स्पष्टता, पर्याप्तता, क्षेत्रगत प्रतिनिधित्व, सिपगत सन्तुलन, विषयवस्तुको सम्बन्धमा रुचि अनुरुपता, क्रमबद्धता, लम्वीय समन्वय, उद्देश्य अनुरुपता सम्बन्धी बन्द प्रश्नावली समावेश गरिएको थियो । त्यस्तै शिक्षण विधिका सम्बन्धमा उपयुक्तता, विषयवस्तु अनुरुपता, व्यावहारिकता, मनोविज्ञानमा आधारित, समय उपलब्धतासँग सम्बन्धित बन्द प्रश्नहरू समावेश गरिएको थियो । त्यसै गरी मूल्याङ्कनको सम्बन्धमा साधनको उपयुक्तता, उद्देश्य र मूल्याङ्कनबिच सम्बन्ध, विद्यार्थीको सुरु व्यवहारको जाँच एवम् सुधारात्मक मूल्याङ्कनको अवस्थासँग सम्बन्धित बन्द प्रश्नावली समावेश गरिएको थियो । (अनुसूची ३)

### ३.३.३ कक्षा अवलोकन फारम

कक्षा अवलोकन फारममा कक्षाकोठाको व्यवस्थापन, पूर्वपाठको स्मरण पाठको प्रस्तुतीकरण, शिक्षण विधि र शिक्षण सामग्री प्रयोग, कक्षा कार्य/ गृहकार्यको प्रयोगजस्ता पक्षहरूमा सूचनाहरू समावेश गरिएको थियो । (अनुसूची ५)

### ३.३.४ विद्यार्थीका लागि समूह छलफल निर्देशिका

माध्यमिक तहका विद्यार्थीका लागि समूह छलफल निर्देशिकामा विषयवस्तुको क्रमबद्धता, विद्यार्थीको उमेर,क्षमता, स्तर र रुचि अनुरुपता, सार्न्दभिकता /समसामयिकता, आवश्यकता, लम्बीय र समतलीय समन्वयको स्थिति, शिक्षण विधिको उपयुक्तता र सान्दर्भिकता, विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरुपता, शिक्षण सामग्रीको सम्बन्धमा प्रयोगको स्थिति, विषयवस्तु अनुरुपता, रुचि, क्षमता र स्तर अनुरुपता, मूल्याङ्कन प्रणालीको उपयुक्तता, भाषाका चारै सिप विकासमा विषयवस्तु, शिक्षण विधि र शिक्षण सामग्रीको उपयोगिता, समयमै पाठ पुरा गर्न सकिने/ नसकिने आदिजस्ता विषयवस्तुहरू समावेश गरी निर्देशिका तयार पारिएको थियो । (अनुसूची ४)

### ३.३.५ दस्तावेज अध्ययन

माध्यमिक नेपाली भाषा पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक, तालिम पुस्तिका आदिको अध्ययन गरिएको थियो ।

## ३.४ साधनहरूको वैधता

अध्ययनका उद्देश्यसँग सम्बन्धित सूचनाहरू सङ्कलन गर्न अन्तर्वार्ता सूची, प्रश्नावली, कक्षा अवलोकन फारम, लक्षित समूह छलफल निर्देशिका आदि निर्माण गरि सकेपछि तिनको वैधता परीक्षण गरिएको थियो । यसरी निर्माण गरिएका साधनहरूलाई शोध निर्देशक, एवम् शोध समितिका विज्ञ गुरुहरूलाई अवलोकन गराई प्राप्त सल्लाह सुझावका आधारमा आवश्यक संशोधन गरेपछि अन्तिम रुप प्रदान गरिएको थियो ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनलाई मूर्त रुप प्रदान गर्नका लागि अध्ययनका साधनहरूको निर्माण एवम् वैधता परीक्षणपश्चात् यस टीकापुर बहुमुखी क्याम्पसको प्रशासनबाट औपचारिक पत्र एवम् शोध प्रस्तावनासहित नमुना छनौटमा परेका विद्यालयमा अध्ययन कर्ता प्रत्यक्ष उपस्थित भई तथ्याङ्क सङ्कलन गरिएको थियो । यसका लागि सर्व प्रथम सम्बन्धित विद्यलयका प्र.अ.सँग भेट गरी अनुमती लिएर सम्बन्धित विषय शिक्षकहरूसँग भेट गरिएको थियो । शिक्षकसँगको भेटघाटपछि आफ्नो अध्ययनको उद्देश्य र त्यसका लागि आवश्यक पर्ने तथ्याङ्कका बारेमा अवगत गराई प्रश्नावलीहरू भर्न अनुरोध गरियो भने उहाँहरूसँग समय मिलाएर  कक्षाकोठा अवलोकन गरिएको थियो । त्यस्तै शिक्षकहरूको सहयोगमा अध्ययनका अर्का सहभागी विद्यार्थीहरु छनौट गरी आवश्यक समय मिलाई समूह छलफल सञ्चालन गरिएको थियो । तथ्याङ्क सङ्कलनका क्रममा नमुना छनौटमा परेका विषय विज्ञहरूसँग भेट गरी आपसी सौहार्दता एवम् सु-सम्बन्ध विकास गरी अन्तर्वार्ता सञ्चालन गरिएको थियो ।

तथ्याङ्क सङ्कलन गर्दा सहायक स्रोतका रुपमा पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक निर्देशिका, तालिम पुस्तिका आदिको अध्ययन गरी त्यसबाट आवश्यक बुँदाहरू टिपोट गरिएको थियो । यस प्रकार अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक र सहायक दुबै खाले तथ्याङ्कहरू सङ्कलन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलन गरि सकेपछि सङ्कलित तथ्याङ्कहरूमध्ये दस्तावेज अध्ययनबाट आएका तथ्याङ्कहरूलाई शाब्दिक रुपमा विश्लेषण र व्याख्या गरियो । त्यस्तै कक्षाअवलोकन, शिक्षक र विषयविज्ञबाट आएका तथ्यहरूलाई तालिकामा प्रस्तुत गरी सोही अनुरुप विश्लेषण र विवेचना गरियो ।

# परिच्छेद : चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमका तत्त्वहरूको विश्लेषण गर्न एवम् त्यसको कार्यान्वयन अवस्थाको अध्ययन गर्न दस्तावेज अध्ययनका रुपमा सम्बन्धित पाठ्यक्रम पाठ्य पुस्तक तथा सन्दर्भ सामग्रीको अध्ययनबाट सङ्कलित तथ्य तथ्याङ्क एवम् अध्ययनका सहभागी विषयविज्ञ, शिक्षक एवम् विद्यार्थीबाट प्राप्त तथ्य तथ्याङ्कहरूलाई विश्लेषण तथा विवेचना गरिएको छ । जुन निम्न लिखित शीर्षक तथा उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

## ४.१ नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूको विश्लेषण

उद्देश्य पाठ्यक्रमको सर्वाधिक महत्त्वपूर्ण अथवा केन्द्रीय अङ्ग हो किनकि उद्देश्यकै आधारमा विषयवस्तु, शिक्षण प्रकिया र मूल्याङ्कन प्रक्रियाहरू निर्देशित भएका हुन्छन् । सम्बन्धित भाषा सिकेर कुनै खास तह, कक्षा र वर्ष पार गरेपछि सिकारु अथवा विद्यार्थीहरूमा प्राप्त हुनु पर्ने ज्ञान, सिप र अभिवृत्ति के हो भन्ने कुरा नै उद्देश्य हो । अतः शिक्षणीय प्रयोजन अनुरुप कुनै खास तह वा कक्षाका लागि प्राप्त समयावधिमा विद्यार्थीहरूमा हासिल हुनु पर्ने भाषा सम्बन्धी दक्षता र योग्यताको क्रमबद्ध एवम् बुँदागत सूचनाहरू उद्देश्य खण्डमा दिएका हुन्छन् ।

उद्देशहरूलाई पनि साधारण/ सामान्य उद्देश्यहरू र विशिष्ट / सिपगत गरी २ वर्गमा विभाजन गरेर राखिएको हुन्छ । साधारण उद्देश्य लामो अवधिपछि प्राप्त हुने उद्देश्यहरू हुन् भने विशिष्ट उद्देश्य छोटो समय अवधिमा प्राप्त हुने उद्देश्यहरू हुन् र यी साधारण उद्देश्य प्राप्तिमा चरणबद्ध सहयोग पुऱ्याउने छोटा-छोटा उद्देश्य हुन् । विशिष्ट/सिपगत उद्देश्यहरूको एकीकृत प्राप्तिबाट साधारण उद्देश्य प्राप्त हुन्छ । त्यसैले साधारण उद्देश्य र विशिष्ट उद्देश्यबिच अन्योन्याश्रित सम्बन्ध हुनु नितान्त आवश्यक हुन्छ । दुवै प्रकारका उद्देश्यहरू स्पष्ट, सरल, सुबोध र व्यावहारिक हुनु जरुरी छ । साथै यी उद्देश्यहरू स्तरयुक्त, व्यवहार प्रदर्शनीय, मापनीय र समय सीमाभित्र पुरा गर्न सकिने खालका हुनु पर्दछ । उद्देश्य निर्धारणमा कमी कमजोरी भएमा समग्र पाठ्यक्रम नै अव्यवस्थित र अव्यावहारिक बन्न पुग्दछ । (शर्मा र पौडेल, २०६०)

वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (२०६४) को (नयाँ पाठ्यक्रमको) दस्तावेज अध्ययन गर्दा शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरूलाई समग्र माध्यमिक शिक्षा पाठ्यक्रमको अग्र भागमै प्रस्तुत गरिएको देखिन्छ । जसमा ११ वटा राष्ट्रिय उद्देश्य प्रत्येक व्यक्तिका अन्तरनिहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने, सार्वभौम मानवीय मूल्य, राष्ट्रिय संस्कृति, अस्मिता सामाजिक मान्यता र आस्थाहरूको सम्बर्धन तथा स्वस्थ सामाजिक र सामूहिक जीवन पद्धतिको विकास गर्ने, चरित्रवान एवम् नैतिकवान नागरिक तयार गर्ने, स्थानीय र राष्ट्रिय स्तरका पेशा, व्यवसाय, रोजगरी र अन्तर्राष्ट्रिय रोजगारी उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्ने, सामाजिकीकरण र सामाजिक एकतालाई सुदृढ बनाउने, समाजको आधुनिकीकरण र देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने, प्राकृतिक वातावरण र रीष्ट्रय सम्पदाको संरक्षण र सदुपयोग गर्ने, समतामूलक र न्यायिक आचरण विकास र समावेशी समाज निर्माण गर्ने, स्थानीय राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश सुहाउँदो शान्ति, मैत्री सद्भाव सहिष्णुता र विश्व बन्धुत्वको भावना विकास, आचरण निर्माण र द्वन्द्व व्यवस्थापनमा सक्षम नागरिक तयार गर्ने, आधुनिक सूचना प्रविधिसित परिचित विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने, राष्ट्र राष्ट्रियता लोकतन्त्र र मानव अधिकारको सम्मान गर्ने, समालोचनात्मक र रचनात्मक सोच भएका स्वाभिमानी, पर आदरभाव भएका आफूलाई नेपाली हुनुको गौरव गर्ने नागरिक तयार गर्ने र नेपाली कला सौन्दर्य, आदर्श र वैशिष्ट्यको संरक्षण सम्बर्धन र विस्तार गर्ने नागरिक तयार गर्ने जस्ता मूल उद्देश्यहरू देखिन्छन् ।

### तहगत उद्देश्यको विश्लेषण

राष्ट्रिय उद्देश्य हासिल गर्ने लक्ष्य राखेर तहगत रुपमा राष्ट्रिय परम्परा संस्कृति सम्पदा लोकतन्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नुलाई माध्यमिक शिक्षाको उद्देश्य मानिएको देखिन्छ । त्यसपछि यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि दक्षता अनुरुप ठोस योगदान दिन सक्ने सिपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्व विद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सिप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो भनेर थप पुष्ट्याइँ गरिएको छ । यसका अतिरिक्त बाह्रवटा बुँदामा विस्तृत तहगत उद्देश्यहरू क्रमबद्ध रुपमा दिइएको पाइन्छ , जस्तैः देशको बहुसाँस्कृतिक र लोकतान्त्रिक मूल्य मान्यताप्रति गर्व गर्दै

सकारात्मक धारणाको विकास गर्ने राष्ट्र विकासका लागि सक्षम आत्मनिर्भर, सिपमूलक र तालिम प्राप्त मानव स्रोत उत्पादन गर्ने, इमान्दारी आत्मनिर्भरता रचनात्मक, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहिता आत्मविश्वास जस्ता गुणको विकास गर्ने, दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषिक सिपको विकास गर्ने जस्ता उद्देश्यहरू प्रस्तुत गरिएको पाइन्छ ।

साथै दैनिक समस्या समाधानका लागि उपयुक्त ज्ञान र सिपको विकास गर्ने, एकता सौहार्दता, शान्ति, साँस्कृतिक, विविधता र महत्त्व बोध इतिहास, भूगोल, अर्थशास्त्र र वातावरणसँग परिचित गराउने, प्राविधिक र व्यावसायिक सिप विकास गर्ने र श्रमप्रति सम्मान गर्न सिकाउने आयआर्जन गरेर आत्म निर्भर र जीवन निर्वाह गर्न सक्ने बन्ने, व्यावसायिक सिप र क्षमताको विकास गर्ने, मानव अधिकार, सामाजिक न्याय, र लोकतान्त्रिक मर्मका भावना अनुसारको आचरण र अभ्यास गर्ने, लैङ्गिक, शारीरिक, सामाजिक, आर्थिक, भौगोलिक, जातिगत तथा सांस्कृतिक विविधताका दृष्टिले छुवाछुत, भेदभाव जस्ता कु-संस्कार मुक्त समावेशी समाज निर्माणमा सक्रिय रहने र रचनात्मक सिपको विकास गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्न सक्ने, स्वतन्त्रता समालोचनात्मक सोच र विश्लेषणात्मक सिपको विकास गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्ने उद्देश्यहरू पनि राखिएको देखिन्छ ।

उपर्युक्त उद्देश्यहरू सम्पूर्ण विषय शिक्षणबाट प्राप्त हुने उद्देश्य हुन् । यी सबै उद्देश्यहरूलाई मात्र दृष्टि पुऱ्याउँदा तहगत उद्देश्यका रुपमा साधारण उद्देश्यहरू रहेका देखिन्छन् । नेपाली भाषा शिक्षणका तहगत वा साधारण उद्देश्यहरू क्रमबद्ध रुपमा १७ वटा समावेश गरिएका छन् । माध्यामिक तहको अध्ययन पुरा गरेपछि विद्यार्थीहरू नेपाली भाषा विषयका निम्नालिखित कुरामा सक्षम हुने छन् :

१. विभिन्न सन्दर्भमा व्यक्त भएका हाउभाउ सहितका मौलिक अभिव्यक्तिहरूलाई ख्याल गरेर प्रतिक्रिया जनाउने गरी सुन्न,
२. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न,
३. आफूले पढेका र सुनेका शब्दहरूको शुद्धसँग उच्चारण गर्न ,

४. कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल जस्ता गतिविधिमा प्रभावकारी रुपमा मौखिक अभिव्यक्ति दिन ,

५. देखेका, सुनेका र पढेका घटना तथा विषयवस्तुहरू बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न ,

६. लिखित सामग्रीहरुलाई गति, यति र लय मिलाई भावअनुसार शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न ,

७. कथा, कविता, निबन्ध आदि साहित्यिक रचना रुचि लिई पढ्न,

८. लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्न र पढाइको गति विकास गर्न ,

९. शुद्धसँग हिज्जे (वर्णविन्यास) र लेख्य चिन्हहरू मिलाई लेख्न,

१०. व्यवहारमा उपयोगी हुने पत्रहरू लेख्न ,

११. स्वतन्त्र रुपमा अनुच्छेद, दैनिकी र निबन्धको रचना गर्न ,

१२. बोल्दा तथा लेख्दा सन्दर्भ अनुसार शिष्ट र उपयुक्त भाषाको प्रयोग गर्न ,

१३. मौखिक तथा लिखित रुपमा अभिव्यक्त भएको विषयवस्तु बुझी मुख्य-मुख्य कुरा व्यक्त गर्न ,

१४. बोल्दा र लेख्दा उखान टुक्काको समेत प्रयोग गर्न ,

१५. नेपाली व्याकरणका आधारभूत नियमको पालना गरी अभिव्यक्ति दिन ,

१६. नेपाली शब्दकोशको प्रयोग गर्न ,

१७. विभिन्न विषयवस्तु पढी शब्दभण्डार बढाउन ।

(पा.वि.के, २०६४)

राष्ट्रिय र तहगत उद्देश्यको सापेक्षतामा तय गरिएका नेपाली भाषाका उपर्युक्त साधारण उद्देश्यहरुलाई सर्सर्ती हेर्दा सुरुका दुई उद्देश्यहरू बोलाइ सिपसँग, त्यसपछिका तिन उद्देश्यहरू पढाइ सिपसँग र त्यसपछिका तिन उद्देश्यहरू लेखाइ सिपसँग सम्बन्धित देखिन्छन् । पछिल्ला दुई उद्देश्य पढाइ सिपसँग बाह्रौं, तेह्रौं, चौधौं र पन्धौं उद्देश्य बोलाइ र लेखाइका एकीकृत अपेक्षासँग, चौधौँ उद्देश्य केही हदसम्म पढाइ अपेक्षासँग पनि, पाँचौ उद्देश्य बोलाइ र सुनाइ सिपका संयुक्त अपेक्षासँग, छैटौं उद्देश्य सस्वर पढाइका सम्पादनीय पक्षसँग र बाह्रौँ, चौधौँ र पन्धौँ उद्देश्य अभिव्यक्ति सिपको सम्पादनीय पक्षसँग पनि सम्बन्धित देखिन्छन् ।

यस पाठ्यक्रमको दोस्रो साधारण उद्देश्य "सञ्चारका विभिन्न माध्यमवाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न" अमापनीय देखिन्छ । "सुनेर बुझ्नेको सट्टा बुझ्ने गरी सुन्न" भएको भए उपयुक्त हुन्थ्यो । सत्रौं उद्देश्य पनि मानपनीय दृष्टिले सीमाङ्कन गर्न कठिन नै देखिन्छ । यसरी साधारण उद्देश्यहरूमा एकाध अमापनीय विशेषताहरू मनमा खड्कँदा देखिए पनि यी उद्देश्यहरू यसअघिका पाठ्यक्रममा भन्दा सुधारिएका एवम् परिष्कार गरिएका देखिन्छन् ।

माध्यमिक नेपाली भाषा पाठ्यक्रमका साधारण उद्देश्यको उपयुक्तता सम्बन्धमा अध्ययनका सहभागी विषयविज्ञ तथा शिक्षकहरूसँग सङ्कलन गरिएको तथ्य तथ्याङ्कलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३ : साधारण उद्देश्यका सम्बन्धमा सहभागीहरूको प्रतिक्रिया**

| साधारण उद्देश्यहरूको उपयुक्तता | राम्रो | ठिकै | अनुपयुक्त |
|---|---|---|---|
| शिक्षकहरूको प्रतिक्रिया | ८ जना (८०) | २ जना (२०) | - |
| विज्ञहरूको प्रतिक्रिया | ४ जना (८०) | १ जना (२०) | - |

नोट : कोष्ठभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।　　स्रोत : स्थलगत सर्वेक्षण, २०६८

पाठ्यक्रमका साधारण उद्देश्यहरूको उपयुक्तताका सम्बन्धमा अध्ययनमा सहभागी विषयविज्ञ तथा शिक्षकहरूसँग प्रतिक्रिया सङ्कलन गरिएको थियो । जसअनुसार अध्ययनका सहभागी ५ जना विज्ञहरूमध्ये ४ जना (८०%) ले अत्यन्तै उपयुक्त भएको विचार व्यक्त गरे भने बाँकी १ जना (२०%) ले ठिक ठिकै रहेको विचार व्यक्त गरेका थिए । त्यसैगरी अध्ययनका अर्का सहभागी विषय शिक्षकहरूसँग लिइएको प्रतिक्रियामा १० जनामध्ये ८ जना (८०%) ले अत्यन्तै उपयुक्त भएको विचार राखेका थिए भने बाँकी २ जना (२०%) ले ठिक ठिकै भएको विचार राखेका थिए ।

उपरोक्त विश्लेषणका आधारमा वर्तमान माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रमका साधारण उद्देश्यहरू उपयुक्त भएको तथ्य पुष्टि हुन आउँछ ।

**विशिष्ट उद्देश्यको विश्लेषण**

वर्तमान माध्यमिक पाठ्यक्रमको अध्ययन गर्दा माध्यमिक तहका विशिष्ट उद्देश्यहरूलाई कक्षागत रुपमा राखिएको देखिन्छ । विशिष्ट उद्देश्य (कक्षा ९) र विशिष्ट उद्देश्य (कक्षा १०) गरी दुई शीर्षकमा प्रस्तुत गरिएको देखिन्छ । कक्षा ९ का विशिष्ट उद्देश्यहरूलाई दृष्टिगत गर्दा सुनाइ र बोलाइ सिपका उद्देश्यहरूलाई एक ठाउँमा अनि पढाइ र लेखाइ सिपका उद्देश्यहरूलाई बेग्लाबेग्लै रुपमा प्रस्तुत गरिएको देखिन्छ ।

यस अनुसार सुनाइ र बोलाइका आठ, पढाइका छ र लेखाइका नौ गरी जम्मा तेइस वटा विशिष्ट उद्देश्यहरू तय गरिएका देखिन्छन् । सुनाइ र बोलाइका उद्देश्यहरू दोस्रो, छैटौं र सातौं बाहेक अरु पूर्ण रुपमा एकीकृत किसिमका देखिन्छन् । दोस्रो छैटौं र सातौं उद्देश्य भने बोलाइ सिपसँग बढी आकर्षित देखिन्छन् । भाषेत्तर पक्षको ख्याल गरी विभिन्न प्रकारका अभिव्यक्ति सुनेर सोही अनुसार मौखिक रुपमा व्यक्त गर्न, शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्न, देखे सुने वा पढेका विषयवस्तु, वातावरण र घटनाका बारेमा सिलसिला मिलाई व्यक्त गर्न, विभिन्न प्रकारका मौखिक अभिव्यक्ति सुनेर आफ्नो विचार व्यक्त गर्न, कुराकानी, प्रश्नोत्तर, संवाद वक्तृता, छलफल आदिमा सक्रिय सहभागिता दर्शाउन, भन्न चाहेका कुरा शिष्ट र उपयुक्त शैलीमा अभिव्यक्ति दिन, सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गरी बोल्न तथा मौखिक रुपमा अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्य मुख्य कुरा आफ्ना शब्दमा भन्न जस्ता उद्देश्यहरु धेरै हदसम्म विशिष्टीकृत किसिमका देखिन्छन् र स्पष्ट पनि छन् । यसका साथै सुनाइ बोलाइका साधारण उद्देश्य पुरा गर्ने ध्येयमा नै विशिष्ट उद्देश्यहरू केन्द्रित देखिन्छन् र मापनीय वा व्यवहार प्रदर्शनीय पनि छन् । कक्षा ९ मै पढाइ सिपका ६ वटा उद्देश्यहरू छन् । गति,यति र लय मिलाई लिखित सामग्री शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न, लिखित सामग्री मौन वाचन गरी पढाइको गति विकास गर्न, मुख्य मुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुहरू पढ्न, विभिन्न पाठ र तिनका विशिष्ट अंश व्याख्या वा सप्रसङ्ग व्याख्या एवम् विवेचना गर्न सक्ने गरी पढ्न, विभिन्न विषयवस्तु पढी शब्द भण्डार बृद्धि गर्न तथा विभिन्न प्रयोजनका लागि लिखित सामग्री पढ्न जस्ता उद्देश्यहरू रहेका देखिन्छन् । यी उद्देश्यहरू व्यवहार प्रदर्शनीय, मापनीय, स्पष्ट, छरिता र व्यावहारिक पनि देखिन्छन् र धेरै हदसम्म विशिष्टीकृत खालका पनि देखिन्छन् । तर सबै साधारण उद्देश्यका अपेक्षाहरूलाई विशिष्टीकृत गर्न भने सकिएको छैन, जस्तैः नेपाली

शब्दकोशको प्रयोग गर्न तथा कथा कविता निबन्ध आदि साहित्यिक रचना रुचि लिई पढ्न भन्ने उद्देश्यका विशिष्टीकृत उद्देश्यहरू निर्धारित गरिएका देखिँदैनन् र सस्वर पढाइका कतिपय अत्यावश्यक भाषेत्तर पक्षहरू पनि प्रदर्शित हुन सकेका देखिंदैनन् ।

कक्षा ९ मा लेखाइ सिपका लागि जम्मा ९ वटा विशिष्ट उद्देश्य तय गरिएका देखिन्छन् । यसमा वर्ण विन्यास र लेख्य चिन्ह मिलाई लेख्न, विभिन्न विषयमा स-साना अनुच्छेद लेख्न, देखेसुनेका र पढेका विषयवस्तुका बारेमा लिखित वर्णन गर्न, मौखिक तथा लिखित अभिव्यक्तिहरुको बुँदा टिपोट गर्न र सारांश लेख्न, विभिन्न पाठ र तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या र विवेचना गर्न, व्यावहारिक निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न, दैनिकी, संवाद, वक्तृत्व र निबन्ध लेख्न, प्रचलित र सान्दर्भिक शब्द तथा उखान टुक्काहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न र व्याकरणका आधारभूत नियमहरू पालन गरेर लेख्न  जस्ता विशिष्ट उद्देश्यरू देखिन्छन् ।
(पा.वि.के., २०६४)

उपर्युक्त उद्देश्यहरू धेरै हदसम्म छरिता, व्यवहार प्रदर्शनीय मापनीय किसिमकै देखिन्छन् । तर, कतिपय उद्देश्यहरूमा स्पष्टता, विशिष्टता र पूर्णताको अभाव देखिन्छ र केही बढी महत्त्वाकाङ्क्षी पनि देखिन्छन्, जस्तैः “विभिन्न विषयमा स-साना अनुच्छेद लेख्न” भन्ने उद्देश्यको सीमा अस्पष्ट छ । बुँदा टिपोट गर्न उद्देश्य बढ्ता महत्त्वाकाङ्क्षी देखिन्छ अनि निर्देशित रचना प्रसङ्गहरू पनि उल्लेख गरिएको देखिँदैन ।

कक्षा १० का विशिष्ट उद्देश्यहरू पनि सुनाइ र बोलाइ तथा पढाइका सिपका लागि कक्षा ९ का जस्तै क्रमशः ८ र ६ सङ्ख्यामा देखिन्छन् तर लेखाइ सिपका लागि भने एउटा उद्देश्य थप गरी १० बनाइएको पाइन्छ । कक्षा ९ मा भन्दा “सुनाइ र बोलाइ सिपमा सन्दर्भ अनुसार अभिव्यक्ति सुनेर मौखिक रुपमा व्यक्त गर्न” भन्ने उद्देश्य नं.१ मा र वक्तृत्व र छलफलको सट्टा “मनोवाद र वादविवादमा सक्रिय सहभगिता दर्शाउन” भन्ने उद्देश्य नं.५ मा हेरफेर गरिएको देखिन्छ । उद्देश्य नं.७ र ८ को क्रम उल्टोपाल्टो गरेर राखिएको देखिन्छ । पढाइ सिपका लागि कक्षा ९ को उद्देश्य नं.३ लाई मुख्य मुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयको प्रकृति अनुसार पढ्न  भनेर स्तरीकृत गरिको देखिन्छ । (पा.वि.के., २०६४) लेखाइ

सिपमा कक्षा ९ को पहिलो उद्देश्यलाई टुक्र्याएर दुई वटा बनाइएको देखिन्छ । त्यसमा लेखेको कुरा सच्याउन भन्ने थप अपेक्षा राखेको पाइन्छ । अन्य सबै कुराहरू सामान्य वचन र क्रममा हेरफेर भए पनि प्रायः हुबहु राखिएको देखिन्छ । कक्षा ९ का विशिष्ट उद्देश्यमा जुन-जुन पक्षहरूको अपूर्णता, अधुरोपन र महत्त्वाकाङ्क्षी स्वभाव देखिन्छ । त्यस्तै स्थिति कक्षा १० का विशिष्ट उद्देश्यहरूमा पनि देखिन्छ ।

वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा राखिएका विशिष्ट उद्देश्यहरूलाई हेर्दा सुनाइ र बोलाइ सिपलाई एक ठाउँमा र पढाइ र लेखाइ सिपलाई छुट्टा छुट्टै राखेर उद्देश्य निर्धारण गरिएको छ । यसो गर्दा पढाइ र लेखाइलाई भन्दा सुनाइ र बोलाइलाई कम महत्त्व दिएको जस्तो लाग्छ । त्यसैले चार वटै उद्देश्यहरूलाई अलग-अलग राख्दा उपयुक्त हुने देखिन्छ ।

पाठ्यक्रमको दस्तावेज अध्ययन गर्दा कतिपय उद्देश्यहरू महत्त्वाकाङ्क्षी देखिन्छन् । कतिपय उद्देश्यको सीमाङ्कन गर्न कठिन देखिन्छन् । कतिपय साधारण उद्देश्यहरू विशिष्ट उद्देश्यले प्रतिनिधित्व गर्न कठिन भएको देखिन्छ । कतिपय साधारण उद्देश्यमा रहेको अपूर्णता विशिष्ट उद्देश्यहरूमा पनि दोहोरिएको अनुभव भए तापनि अन्य कुराहरू भने प्रभावकारी नै छन् । साधारण र विशिष्ट उद्देश्यबिच उच्च सम्बन्ध छ । यस बाहेक वर्तमान नेपाली भाषा पाठ्यक्रमको विशिष्ट उद्देश्यमा दृष्टिबिहीन, सुस्त श्रवण, सुस्त मनस्थिति र शारीरिक अपाङ्गताका कारणले सुन्न, बोल्न र देख्न नसक्ने विद्यार्थीका लागि उपयुक्त ढाँचामा शिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियाको व्यवस्था गरेर उद्देश्य प्राप्ति गर्नु पर्ने सङ्केत थप विशेषताका रुपमा दिइएको देखिन्छ । (पा.वि.के., २०६४) । उक्त कुरालाई पनि साधारण र विशिष्ट उद्देश्यका बुँदाहरूमै समावेश गरेका भए राम्रो हुन्थ्यो साथै शिक्षण विधिमा पनि स्पष्ट खुलाइएको भए राम्रो हुन्थ्यो ।

मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूको स्थितिका सम्बन्धमा जानकारी हासिल गर्न अध्ययनका क्षेत्रमा गई सङ्कलन गरिएको थियो । अध्ययनका सहभागीहरूका (विषयविज्ञ/विषय शिक्षक) जवाफबाट प्राप्त तथ्यलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४ : उद्देश्यहरूका सम्बन्धमा सहभागीका प्रतिक्रिया**

| क.स. | सहभागी<br>विवरण | विषय विज्ञहरूको प्रतिक्रिया | | | शिक्षकहरुको प्रतिक्रिया | | |
|---|---|---|---|---|---|---|---|
| | | उच्च | सामान्य | न्यून | उच्च | सामान्य | न्यून |
| १ | साधारण र विशिष्ट उद्देश्यबिच सम्बन्ध | १(२०) | ४ (८०) | - | ८ (८०) | १ (१०) | १ (१०) |
| २ | उद्देश्यको स्पष्टता | ४ (८०) | १ (२०) | - | ८ (८०) | १ (१०) | १ (१०) |
| ३ | उद्देश्यको प्रर्याप्तता | ४(८०) | १(२०) | - | ८(८०) | १(१०) | १(१०) |
| ४ | उद्देश्यको क्षेत्रगत प्रतिनिधित्व | ४(८०) | १(२०) | - | ७ (७०) | २(२०) | १(१०) |
| ५ | उद्देश्यको सिपगत सन्तुलन | १(२०) | ४(८०) | - | १(१०) | ९(९०) | - |

नोटः कोष्ठकभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ।  स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका बमोजिम उद्देश्यका सम्बन्धमा अध्ययनका सहभागी विषयविज्ञहरू मध्ये ४ जना (८०%) ले साधारण र विशिष्ट उद्देश्यबिच ठिक ठिकै सम्बन्ध भएको विचार व्यक्त गरेका थिए भने अध्ययनका अर्का सहभागी शिक्षकहरूमध्ये ८ जना (८०%) ले उच्च सम्बन्ध रहेको विचार व्यक्त गरेका थिए। यसबाट साधारण तथा विशिष्ट उद्देश्यहरूबिचको सम्बन्ध उपयुक्त रहेको पुष्टि हुन्छ।

यसै अध्ययनको उद्देश्यको स्पष्टताको सम्बन्धमा सङ्कलन गरिएको प्रतिक्रियामा ४ जना (८०%) विषयविज्ञले राम्रो रहेको विचार राखेको पाइयो भने शिक्षकहरूका तर्फबाट ८ जना (८०%) ले राम्रो रहेको र दुबैतर्फका बाँकी (२०%) ले उद्देश्यका स्पष्टता सामान्य रहेको विचार व्यक्त गरेका थिए। यसबाट माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रममा उद्देश्यको स्पष्टता रहेको देखिन्छ।

पाठ्यक्रममा राखिएका उद्देश्यहरू विद्यार्थीको सिकाइ व्यवहारको रुपमा हासिल गर्न सकिने हुनु पर्छ। त्यसैलाई उद्देश्यको प्राप्यता पनि भनिन्छ। वर्तमान मा.वि.तहको नेपाली विषयको पाठ्यक्रमका उद्देश्यमा यस्तो गुण रहे नरहेको अवस्था थाहा पाउन अध्ययनका सहभागी विषयविज्ञहरूसँग राखिएको प्रश्नमा ४ जना (८०%) ले उच्च प्राप्यता रहेको विचार राखेका थिए भने अर्का सहभागी शिक्षकहरूले पनि ८ जना (८०%) ले विषयविज्ञको प्रतिक्रियासँग सहमति जनाएका थिए। यसबाट पाठ्यक्रमका उद्देश्यको प्राप्यता अत्यन्तै राम्रो भएको तथ्य पुष्टि हुन आउँछ।

पाठ्यक्रमका उद्देश्यमा हुनु पर्ने अर्को महत्त्वपूर्ण गुण भनेको क्षेत्रगत प्रतिनिधित्व पनि हो । जसलाई ज्ञान सिप र धारणा पनि भन्ने गरिन्छ । मा.वि.तहको नेपाली विषयको पाठ्यक्रममा यसको अवस्था के कस्तो रहेको छ थाहा पाउन अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएको प्रश्नमा ४ जना (८०%) ले क्षेत्रगत प्रतिनिधित्व उच्च रहेको धारणा राखेका थिए भने विषय विज्ञको यस्तो धारणासँग बहुसङ्ख्यक शिक्षक ७ जना (७०%) ले सहमति जनाएका थिए । त्यस्तै २ जना शिक्षक (२०%) ले ठिकै रहेको विचार राखेका थिए १ जना (१०%) ले न्यून रहेको विचार व्यक्त गरेका थिए यस विश्लेषणका आधारमा पाठ्यक्रमका उद्देश्यको क्षेत्रगत प्रतिनिधित्वको अवस्था अत्यन्तै राम्रो रहेको देखिन्छ ।

प्रस्तुत अध्ययन नेपाली भाषा पाठ्यक्रमसँग सम्बन्धित रहेको हुँदा भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को उद्देश्यका आधारमा हुने सन्तुलनको स्थितिलाई अपरिहार्य आवश्यकता मानिन्छ । अर्थात् यी ४ वटै सिपको विकास गराउन सक्ने गरी भाषा पाठ्यक्रम निर्माण गरिनु पर्ने मान्यता सर्वत्र रहेको छ । यस्तो अवस्था पहिचान गर्ने हेतुले अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएको प्रश्नमा बहुसङ्ख्यक अर्थात् ४ जना (८०%) ले मध्यमस्तरको रहेको विचार राखेका थिए भने अर्का सहभागी शिक्षकहरूमध्ये ९ जना (९०%) ले विषयविज्ञको विचारसँग सहमती जनाएका थिए । यसबाट सिपगत सन्तुलनको अवस्था औसत वा ठिक ठिकै रहेको पुष्टि हुन आउँछ ।

## ४.२. विषयवस्तु र त्यसको विवरण (क्षेत्र र क्रम)

पाठ्यक्रमको उद्देश्य खण्डमा निर्देशित अपेक्षा वा उपलब्धि क्षेत्रका मर्म र सीमामा बाँधिएर पाठ्यवस्तुहरू छनोट गरी क्रमबद्ध रुपमा सूचीकृत गरेर यस खण्डमा प्रस्तुत गरिएको छ । पाठ्यवस्तु छनोट र स्तरणका उपयुक्त प्रक्रियालाई आत्मासात गरेर उद्देश्य अनुरुपका विषयवस्तु छनोट गरेर यस खण्डमा राखिएको हुन्छ । उद्देश्य पुरा गर्ने किसिमका विषयवस्तुहरू छनोट गरी मनोवैज्ञानिक अनुक्रममा सङ्गठित गरी प्रस्तुति दिइएको हुनु पर्दछ । विद्यार्थीका रुचि, स्तर, आवश्यकता पृष्ठभूमि, क्षमता आदि हरेक पक्ष तथा शिक्षणीय समय अवधिसमेतको गहन विश्लेषण र परिपालन गरेर भाषाका असिमित स्रोत र क्षेत्रहरूबाट उपयुक्त विषयवस्तु चयन गर्नु जटिल कार्य भएकाले गहन रुपले सोच विचार गरिनु पर्दछ ।

यसै गरी उक्त छनोट भएका विषयवस्तुलाई सुसिक्य हुने गरी सरलदेखि जटिल, मूर्तबाट अमूर्त आदि सिकाइ सिद्धान्त तथा शिक्षणका सूत्रलाई अवलम्वन गरी प्रस्तुत गरिनु पर्दछ । पाठ्यवस्तुहरू सिपगत दृष्टिले कुनै कम महत्त्वपूर्ण र कुनै बढी महत्त्वपूर्ण हुन सक्छन् । त्यसैले सम्बन्धित सिपका लागि सम्बन्धित क्षेत्रमा महत्त्वपूर्ण हुने पाठ्यवस्तु वा विषयवस्तुहरूलाई ग्राह्यता दिएर सन्तुलित एवम् सङ्गठित ढङ्गले प्रस्तुत गरिनु पर्दछ । पाठ्यवस्तुको प्रस्तुतिका सँगसँगै तिनका भाषिक अपेक्षा शिक्षणीय समयभार, महत्त्वगत अङ्कभार आदि कुराहरूको विस्तृत विवरण दिइनु आवश्यक हुन्छ । (शर्मा र पौडेल, २०६०) पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको पूर्व ज्ञानसँग जोडेर स्थानीय आवश्यकता र परिवेश अनुकुल छनोट गर्नु पर्ने कुरालाई पनि भुल्नु हुँदैन । केन्द्रीय पाठ्यक्रमभन्दा स्थानीय पाठ्यक्रम नै बढी उपलब्धिमूलक हुन सक्ने कुरालाई पनि बिर्सनु हुँदैन । (कोइराला, २०६४) पाठ्यवस्तु खण्ड ज्ञान र सूचनाको पोको मात्र बनाउनु भन्दा व्यावहारिक पक्षसँग जोड्नु पर्दछ । उद्देश्यपरक विषयवस्तु बनाउनु पर्दछ र त्यसलाई चक्रीय ढङ्गले प्रस्तुति दिइनु भाषा पाठ्यक्रमको अपेक्षा अनुरुप हुन्छ । भाषा सिपमूलक विषय भएकाले पाठ्यवस्तुको आवृत्तिमूलक रखाइले सिप विकास एवम् परिष्कार हुँदै जान्छ । नत्र सिकाइ बिर्सने स्थिति रहन्छ ।

वर्तमान नेपाली पाठ्यक्रममा विषयवस्तु र त्यसको विवरणलाई विधाको क्षेत्र र क्रम तालिका भनेर प्रस्तुत गरेको पाइन्छ । (पा.वि.के.,२०६४) विषयवस्तुलाई कक्षा ९ र १० का छुट्टा छुट्टै खाकामा देखिने गरी प्रस्तुत गरिएको छ । उक्त तालिकामा पाठ्यवस्तुलाई नौ वटा पाठ्यवस्तुमा समेटिएको देखिन्छ । नौ वटा विधाहरू क्रमशः कथा कविता, जीवनी, प्रबन्ध, रुपक, चिठी, दैनिकी, भाषातत्त्व/व्याकरण र शब्द भण्डार छन् । कथा, विधा अन्तर्गत कक्षा ९ मा लोककथा, ऐतिहासिक कथा र बाल मनोवैज्ञानिक कथाका तिन वटा पाठ र कक्षा १० मा पौराणिक कथा, सामाजिक कथा र मनोवैज्ञानिक कथाका तिनवटा पाठ समावेश गरिएको देखिन्छ । यसैगरी कविता विधा अन्तर्गत कक्षा ९ मा नीतिप्रधान वा संस्कृति प्रधान १ र प्रकृति प्रधान वा समाज प्रधान २ गरी जम्मा तिन वटा पाठ र कक्षा १० मा पनि सोही अनुसारकै ३ वटा पाठ समावेश गर्न निर्देशन दिइएको छ । जीवनी विधा अन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय जीवनी पर्ने गरी कक्षा ९ मा ऐतिहासिक प्रेरक व्यक्तित्व, विचारक र आविष्कारकका एक एक पाठ पर्ने गरी ४ पाठ कक्षा १० का लागि साहित्यिक वा कला सम्बन्धी १ राजनीतिक र प्रेरक व्यक्तित्व १ र विचारपरक १ गरी जम्मा ३ वटा पाठ निर्धारण गरिएको पाइन्छ ।

निबन्ध विधा अन्तर्गत वस्तुपरक र आत्मपरक दुवै खालका निवन्ध पर्ने गरी कक्षा ९ मा सामाजिक निबन्ध १ र प्राविधिक वा व्यावसायिक निबन्ध गरी जम्मा २ वटा पाठ निर्धारण गरिएको देखिन्छ । रुपक विधामा कक्षा ९ मा वक्तृता र संवादका १/१ पाठ पर्ने गरी दुई र कक्षा १० मा मनोवाद, वादविवाद र एकाङ्कीका १/१ पाठ पर्ने गरी जम्मा ३ वटा पाठ निर्धारण गरिएको देखिन्छ । चिठी विधा अन्तर्गत एउटा घरायसी र एउटा कार्यालयीय निवेदन गरी २ वटा पाठ तथा कक्षा १० मा व्यापारिक चिठीको एउटा मात्र पाठ निर्धारण गरिएको देखिन्छ । दुबै कक्षाका लागि निमन्त्रणा र शुभ कामना पत्रहरूलाई अभ्यासमा मात्र समेट्नेगरी तोकिएको देखिन्छ, (पा.वि.के., २०६४) यसरी विधागत हिसाबले कक्षा ९ मा १७ वटा र कक्षा १० मा १६ वटा पाठ पर्ने व्यवस्था मिलाइएको देखिन्छ ।

भाषा तत्त्व/व्याकरण विधा अन्तर्गत कक्षा ९ र १० दुवैमा ९/९ वटा क्षेत्र निर्धारण गरिएका छन् । यसमा पहिचान र प्रयोग पक्षलाई जोड दिई पाठ्यवस्तुको रुप निर्धारण गरिएको देखिन्छ । यस शब्द वर्गको पहिचान र प्रयोग पक्षलाई कक्षा ९ र १० दुबैमा समान ढङ्गले वितरण गरिएको देखिन्छ । ती हुन् :- नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय ।

अव्यय अन्तर्गत क्रियायोगी, नामयोगी, संयोजक, निपात र विस्मायादिबोधक भनेर पनि छुट्याइएको छ । दोस्रो क्षेत्रका रुपमा कक्षा ९ का लिङ्ग, वचन, पुरुष र आदरको पद-सङ्गति तथा कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यको पहिचान गराउने गरी वाच्यलाई प्रस्तुत गरिएको छ भने कक्षा १० मा वाच्य परिवर्तनलाई मात्र प्रयोगका रुपमा राखिएको देखिन्छ । तेस्रो क्षेत्रका रुपमा कक्षा ९ मा वर्तमान, भूत र भविष्यत् कालको प्रयोग पहिचान र कक्षा १० मा धातु अर्थात् सामान्य धातु, नामधातु, प्रेरणार्थकधातु र धातु रुपावलीको प्रयोग पहिचानलाई पाठ्यवस्तुका रुपमा राखिएको देखिन्छ । चौथो क्षेत्रका रुपमा कक्षा ९ मा लिङ्ग, वचन, पुरुष, आदर, काल र पक्षका आधारमा वाक्य परिवर्तनलाई समावेश गरिएको छ ।

भाषा तत्त्व/व्याकरण अन्तर्गत पाँचौं नम्बरमा कक्षा ९ र १० मा भावलाई राखिएको छ । यस अन्तर्गत कक्षा ९ मा आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ भाव अनि कक्षा १० मा भावका आधारमा, प्रेरणार्थक र करण/अकरणका आधारमा वाक्य परिवर्तनलाई समेटिएको छ । छैटौं क्षेत्रका रुपमा कक्षा ९ मा कारक र विभक्ति राखी करकका प्रकार,

विभक्तिको प्रयोग तथा विभक्ति नियम (सरल र तिर्यक्) प्रस्तुत गरिएका छन् । भने कक्षा १० मा कारक र विभक्तिको पहिचान र प्रयोग भनेर प्रस्तुत गरिएको पाइन्छ । सातौं क्षेत्रका रुपमा सरल संयुक्त र मिश्रवाक्य सम्बन्धी वाक्यका संरचनागत प्रकारलाई कक्षा ९ मा राखिएको पाइन्छ भने कक्षा १० मा वाक्यका प्रकारको पहिचान र प्रयोग तथा वाक्य संश्लेषण प्रस्तुत गरिएको छ । आठौं क्षेत्रका रुपमा कक्षा ९ र १० दुबै कक्षामा शब्द निर्माण राखिएको छ । कक्षा ९ मा उपसर्ग, कृदन्त, तद्धितान्त र समस्त व्युत्पन्न शब्दहरू तथा कक्षा १० मा मूल शब्द र व्युत्पन्न शब्दको पहिचान र प्रयोगलाई समेटिएको देखिन्छ । नवौं क्षेत्रका रुपमा वर्णविन्यास (हिज्जे) भनेर कक्षा ९ मा  र वर्ण विन्यासको प्रयोग भनेर कक्षा १० मा राखिएको छ । अनि कक्षा ९ र १० दुबै कक्षामा समान ढङ्गले लेख्य चिन्ह पूर्ण विराम, अर्धविराम, प्रश्न चिन्ह, अल्पविराम, उद्गार चिन्ह, योजक चिन्ह, कोष्ठ चिन्ह, उद्धरण चिन्ह, निर्देशन चिन्ह, ह्रस्वदीर्घ, पदयोग तथा पदवियोग, ब/व, श/ ष/ स, ङ/ ञ/ ण/ न / म, शिरविन्दु/चन्द्रविन्दु आदि समेटिएको देखिन्छ ।

यसैगरी वर्तमान माध्यमिक तहको पाठ्यक्रममा विधाको क्षेत्र र क्रम अन्तर्गत नवौं विधाका रुपमा शब्द भण्डारलाई राखिएको पाइन्छ । अनि कक्षा ९ र १० दुबैमा पर्यायवाची, अनेकार्थी, अनुकरणात्मक, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी शब्दहरू राखिएको देखिन्छ भने सिङ्गो शब्द, लघुतावाची शब्द, सङ्क्षिप्त शब्द र समूहवाचक शब्दलाई कक्षा ९ मा मात्र र पारिभाषिक/प्राविधिक शब्दलाई कक्षा १० मा मात्र राखिएको देखिन्छ । यसैगरी उखान टुक्कालाई कक्षा ९ र १० दुबैमा शब्द भण्डार अन्तर्गत नै पाठ्यवस्तु क्षेत्रका रुपमा राखिएको देखिन्छ ।

पाठ्यक्रमका विषयवस्तुका सम्बन्धमा अध्ययनका सहभागी विषयविज्ञ तथा विषयशिक्षकहरूबाट सङ्कलन गरिएका तथ्य/तथ्याङ्कलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५ : विषयवस्तुका सम्बन्धमा सहभागीहरूका प्रतिक्रिया**

| क.सं. | सहभागी विवरण | विज्ञहरूको प्रतिक्रिया | | | शिक्षकहरूको प्रतिक्रिया | | |
|---|---|---|---|---|---|---|---|
| १. | | उच्च | मध्यम | न्यून | उच्च | मध्यम | न्यून |
| २. | रुचि अनुरुपता | ३(६०) | १(२०) | १(२०) | २(२०) | ५(५०) | ३(३०) |
| ३. | क्रमबद्धता | ४(८०) | १(२०) | - | ५(५०) | ३(३०) | २(२०) |
| ४. | लम्बीय समन्वय | ३(६०) | १(२०) | १(२०) | ७(७०) | २(२०) | १(१०) |
| ५. | उद्देश्य अनुरुपता | ४(८०) | १(२०) | - | २(२०) | ८(८०) | - |

नोट : कोष्ठभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ। स्रोतः स्थलगत सर्वेक्षण, २०६८

पाठ्यक्रमका उद्देश्य पुरा गराउनका लागि प्रदान गरिने ज्ञान, सिप र धारणाको रुपरेखालाई विषयवस्तु भनिन्छ। यस्तो विषयवस्तु रोचक एवम् मनोरञ्जनात्मक हुँदा त्यसले विद्यार्थीको ध्यान आकर्षण गर्न सक्छ र सिकाइका लागि प्रेरणा र लागत पनि मिल्दछ। मा.वि.तहको नेपाली विषयको पाठ्यक्रममा विषयवस्तुको रोचकता कस्तो छ भन्ने सम्बन्धमा अध्ययनका सहभागी विषयविज्ञसँग राखिएको प्रश्नमा ५ जनामध्ये ३ जना (६०%) ले अत्यन्तै रोचक भएको धारणा राखेका थिए भने बाँकी १/१ जनाले (२०%) सामान्य रहेको एवम् रोचक नभएको विचार राखेका थिए। त्यस्तै शिक्षकसँग सोधिएको प्रश्नमा बहुसङ्ख्यक ५ जना ५०% ले ठिकै रहेको बताए भने ३ जना (३०%) ले सामान्य रहेको र २ जना (२०%) ले रोचक नभएको विचार राखेका थिए अध्ययनका अर्का सहभागी विद्यार्थीहरूसँगको समूह छलफलबाट प्राप्त विचारहरूमा कुल ९ मध्ये ६ वटा समूहमा विषयवस्तुको रोचकता ठिक ठिकै रहेको बताइएको थियो भने बाँकी ३ वटा समूहमा रोचकता नभएको बताइएको थियो। उपरोक्त विश्लेषणका आधारमा मा.वि.तहको नेपाली विषयको पाठ्यक्रममा राखिएका विषयवस्तुको रोचकता सामान्य वा मध्यम स्तरको रहेको छ भन्न सकिन्छ।

विषयवस्तुको छनौटमा समावेश हुनु पर्ने अर्को महत्त्वपूर्ण विशेषता विषयवस्तुको क्रमबद्धता पनि पर्दछ। सिक्ने सिकाउने विषयवस्तु सरलदेखि जटिल, सामान्यबाट विशिष्ट, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्त आदिको क्रममा हुनु पर्दछ। यस्तो हुँदा मात्र सिकाइ सरल एवम् सहज हुन्छ।

मा.वि.तहको नेपाली विषयको पाठ्यक्रमले समेटेका विषयवस्तुको क्रमबद्धताको अवस्था थाहा पाउन अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएका प्रश्नमा ४ जना (८०%) ले क्रमबद्धता उच्च रहेको बताएका थिए भने अर्का सहभागी विषय शिक्षकहरू ५ जना (५०%) ले विषयविज्ञको विचारसँग सहमति जनाएका थिए । बाँकी ३ जना (३०%) ले सामान्य रहेको र २ जना (२०%) ले क्रमबद्धता न्यून रहेको विचार व्यक्त गरेका थिए । सोही सम्बन्धमा अध्ययनका अर्का सहभागी विद्यार्थीहरूसँग गरिएको समूह छलफलमा २ वटा समूहमा क्रमबद्धता अत्यन्तै राम्रो रहेको विचार व्यक्त गरेको पाइयो भने ४ वटा समूहमा ठिक ठिकै रहेको र बाँकी ३ वटा समूहमा न्यून रहेको विचार गरेको पाइयो । माथिको विश्लेषणको आधारमा मा.वि.तहको नेपाली विषयको पाठ्यक्रमले समेटेका विषयवस्तुको क्रमबद्धताको अवस्था सामान्य वा औसत रहेको देखिन्छ ।

पाठ्यक्रम अन्तर्गत विषयवस्तुको निर्धारण गर्दा चाहिने आवश्यकीय गुणहरूमा विषयवस्तुको लम्बीय सङ्गठन पनि एक प्रमुख गुण मानिन्छ । कुनै पनि विषयका विषयवस्तुलाई एउटै कक्षा वा तहमा प्रदान गरेर विद्यार्थीलाई निपुण बनाउन नसकिने हुँदा तल्लो कक्षामा राखेका विषयवस्तुलाई माथिल्लो कक्षामा पनि राख्नु पर्ने हुन्छ । यसैलाई विषयवस्तुको लम्बीय सङ्गठन भनिन्छ । वर्तमान मा.वि.तहको पाठ्यक्रममा राखिएका विषयवस्तुको लम्वीय सङ्गठनको स्थिति पहिचान गर्न अध्ययनका सहभागी विषयविज्ञसँग राखिएको प्रश्नमा ५ जनामध्ये ३ जना (६०%) ले अत्यन्तै उपयुक्त रहेको विचार राखेका थिए भने उनीहरूको उक्त विचारसँग बहुसङ्ख्यक शिक्षकहरू ७ जना (७०%) ले सहमती जनाएका थिए । विषयविज्ञ र शिक्षकहरूको उक्त विचारसँग अध्ययनका अर्का सहभागी विद्यार्थीहरूसँग गरिएको छलफलमा ९ मध्ये ६ वटा समूहका सहभागीहरूले सहमती जनाएका थिए । उपरोक्त विश्लेषणका आधारमा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रममा विषयवस्तुको लम्बीय समन्वय अत्यन्तै राम्रो रहेको प्रष्ट हुन आउँछ ।

पाठ्यक्रमका विषयवस्तुमा हुनु पर्ने अर्को महत्त्वपूर्ण गुण भनेको विषयवस्तु उद्देश्य अनुरुप सुहाउँदा छन् वा छैनन् भन्ने पनि हो । विषयवस्तु उद्देश्य अनुरुप हुँदा मात्र पाठ्यक्रमले अपेक्षा गरेका ज्ञान, सिप र धारणा विद्यार्थीको व्यवहारमा लागु हुन सक्दछ ।

उक्त तथ्यलाई ध्यानमा राखेर अध्ययनका सहभागीहरूसँग प्रतिक्रिया सङ्कलन गरिएको थियो । अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएका उक्त प्रश्नमा कुल ५ जनामध्ये ४ जना (८०%) ले  उद्देश्य अनुसार विषयवस्तु अत्यन्त उपयुक्त भएको विचार व्यक्त गरेका थिए भने अर्का सहभागी विषय शिक्षकहरू ८ जना (८०%) ले ठिक ठिकै वा औसत स्थिति रहेको विचार व्यक्त गरेका थिए । बाँकी २ जना (२०%) ले अत्यन्त उपयुक्त भएको बताए । यसबाट के स्पष्ट हुन आउँछ भने पाठ्यक्रमका विषयवस्तु उद्देश्य अनुरुप भएको देखिन्छ ।

यसैगरी विज्ञहरूसँगको खुला अन्तर्वार्ताबाट के जानकारी प्राप्त भयो भने पाठ्यक्रमले कथा, कविता आदि विधा पनि कुन कुन राख्ने भनी पाठ्यक्रममा नै तोक्दा राम्रो हुन्थ्यो भन्ने जवाफ पाइयो । साथै कस्ता कस्ता विषयवस्तु कस्ता-कस्ता विधामा परिणत गरेमा शिक्षणीय बन्न सक्छन् भन्ने कुराको स्पष्ट जानकारी पाठ्यक्रममा हुनु राम्रो हुन्थ्यो भन्ने धारणा व्यक्त गरे । साथै यस खण्डमै कुन कुन पाठ्यवस्तुलाई के कति महत्त्व दिएर शिक्षण गर्ने भन्ने कुराको जानकारी गराउने, समयभार पनि उल्लेख गर्नु पर्ने धारणा राखेका थिए । पाठ्यवस्तुको छनौटमा स्तरयुक्तताको कमी, भौगोलिक भाषिक साँस्कृतिक धार्मिक पक्षलाई ध्यान दिएर पाठ्यवस्तु छनौट गर्नु पर्ने, बालअधिकार, छुवाछुत, लैङ्गिक समानता, स्वास्थ्य र नवीन ज्ञान-विज्ञानका विषयवस्तु शिष्टता सम्प्रेषणात्मक सामर्थ्य विकासमा उपयोगी विषयवस्तु समावेश गर्नु पर्ने धारणासमेत विषयविज्ञहरूको पाइयो ।

पाठ्यवस्तुको स्तरण कुन ढाँचामा (रेखीय/चक्रीय) गर्ने, कुन विषयवस्तुलाई कुन प्रक्रियामा रेखीय/चक्रीय स्तरण गर्ने वा पाठगत /पाठ्यवस्तुगत स्तरण प्रक्रिया के कस्तो हुने भन्ने कुराको कुनै पनि झलक पाइँदैन । त्यसैले पाठ्यवस्तु र त्यसको विवरण स्तम्भ कमजोर देखिन्छ । व्याकरण शब्दभण्डारका क्षेत्रमा थप जानकारी भए पनि शिक्षण सिकाइ प्रक्रिया निर्देशित भए पनि जुन किसिमको तालिकीकरण र प्रस्तुति दिइएको छ । त्यो सैद्धान्तिकतर्फ नै झुकेको देखिन्छ । फेरि लेख्य चिह्नलाई वर्णविन्यास भित्रै समेट्नु अनि वर्णविन्यासलाई व्याकरण भित्रै समावेश गर्नु त्यति युक्तिसङ्गत देखिँदैन र वर्णविन्यासलाई छुट्टै विधाका रुपमा राखेर प्रस्तुत गरेका भए राम्रो हुन्थ्यो भन्ने विषय विज्ञहरूको धारणा पाइयो ।

विषयवस्तुका सम्बन्धमा विद्यार्थीहरूसँग लक्षित समूह छलफल गर्दा कविता विधा कठिन लाग्ने गरेको, तत्सम शब्दले गर्दा बुझ्न कठिन भएको, विषयवस्तु समसामयिक नभएको गुनासो गरे । कक्षा ९ को सत्य सन्देश कविता बुझिँदैन, काम खोज्दै जाँदा मनोवाद र घरको माया एकाङ्कीको विषयवस्तु उस्तै भयो । स्वदेशभित्र काम खोज्दा हुने पीडा पनि राख्नु उचित छ । विषयवस्तु नयाँभन्दा पुरानै शैलीमा छ युग अनुसार हुन सकेको छैन । काम लाग्ने र कठिन व्याकरणहरू पाठको अन्त्यमा हुनाले प्राय समय नपुगेर छुट्ने गर्दछ । विषयवस्तु धेरै र समय कम हुनाले पढाएर सकिँदैन । व्यावहारिक सिप सम्बन्धी विषयवस्तु राखी पाठ्यक्रम निर्माण गर्नु पर्छ तर त्यसो हुन सकेको छैन भन्ने प्रतिक्रिया व्यक्त गरे । यसैगरी तमसुक, भरपाई, बैंक भौचर, जग्गाका नाप सम्बन्धी धारणा भएका व्यावहारिक सामग्री पनि भए हुन्थ्यो भनी जवाफ दिए । विशेषगरी कुन-कुन पाठ बढी उपयुक्त र रुचिपूर्ण छन भन्ने प्रश्नको जवाफमा शिशिर वसन्तको कथा, कर्तव्य कथा, पारिजात, सहिदहरूको सम्झनामा जस्ता पाठ निकै रोचक रहेको प्रतिक्रिया व्यक्त गरे । साथै बाल अधिकार, लैङ्गिक समानता जस्ता कुरामा जोड दिनु पर्ने पनि बताए । अध्ययन क्षेत्रमा थारु जाति विद्यार्थीको बाहुल्यमा रहेकाले थारु संस्कृतिसँग सम्बन्धित पाठहरूको अभाव रहेको महसुस गरेको पाइयो ।

## ४.३ शिक्षण प्रक्रिया/विधि

उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको संयुक्त नाम नै पाठ्यक्रम हो भने शिक्षण प्रक्रिया पाठ्यक्रमको एउटा महत्त्वपूर्ण तत्त्व हो । शिक्षण प्रक्रियाविना पाठ्यक्रमका उद्देश्यहरू प्राप्त गर्न सकिँदैन । शिक्षण प्रक्रिया, शिक्षण विधि, प्रविधि, शिक्षण सामग्री र शिक्षण क्रियाकलापको समग्र नाम नै शिक्षण क्रियाकलाप नै हो । उद्देश्यहरू जतिसुकै आकर्षण र  प्रभावकारी भए पनि, अनि भाषिक पाठ्यवस्तु र जतिसकै उपयुक्त र व्यवस्थित स्तरण भए पनि शिक्षण प्रक्रियामा व्यवस्थित एवम् प्रभावकारी निर्देशित हुन सकेन भने ती कुराहरू निरर्थक र निर्जीव जस्तै हुन्छन् । अतः भाषा पाठ्यक्रममा के कस्ता विषयवस्तुलाई उद्देश्य अनुरुप शिक्षण गर्नका लागि के कस्ता विधि र प्रविधिहरूको खाँचो पर्दछ, यी विधि प्रविधि अपनाउँदा के कस्ता उद्देश्य तथा श्रव्यदृश्य सामग्रीको सहयोग लिन सकिन्छ तथा के कति भाषिक सामग्रीको उपयोग गर्दा शिक्षण प्रभावकारी हुन्छ भन्ने कुराको पर्याप्त सूचना यस खण्डमा दिइनु पर्दछ ।

यसैगरी शिक्षक र विद्यार्थीका क्रियाकलापहरू के कस्ता हुने भन्ने खालका व्यावहारिक एवम् वैज्ञानिक निर्देशनहरू प्रस्तुत गरिएको हुनु पर्दछ । यी निर्देशनहरू भएका पाठ्यक्रम उपलब्ध नहुने र पाठ्य पुस्तकहरूलाई नै पाठ्यक्रम ठानेर शिक्षण अगाडि बढाउनु पर्ने अवस्थामा पनि मार्ग दर्शन होस् भन्ने आशय राखिनु पर्दछ । शिक्षकलाई शिक्षण विधि प्रविधिका ज्ञान नै नभएर टालटुले विधिले काम चलाइ रहेका हुन सक्छन् । शिक्षण विधि विद्यार्थीका रुचि स्तर अनुकुल नहुनाले विद्यार्थी सहभागितामा ह्रास आएको हुन सक्छ । विद्यार्थीका सिर्जनशीलता मौलिकता माथि कुठाराघात पुग्न सक्छ । अधिनायकवादी तथा दबाब दिएर शिक्षण गर्ने, भाषण मात्र गर्ने, एकोहोरो उपदेश दिएर नथाक्ने शिक्षकहरूले विद्यार्थीहरूलाई लाभभन्दा जीवन नै बर्बाद गरिरहेका हुन सक्छन् । सान्दर्भिक ज्ञान सिप प्रदान गर्नु भन्दा अप्रचलित एवम् पुरानो बोकेर असल शिक्षकको फूर्ती लगाउने शिक्षकहरूलाई सही दिशा प्रदान गर्न त शिक्षण विधिको ज्ञान झनै महत्त्वपूर्ण हुन्छ । शिक्षक विद्यार्थीबिच दोहोरो सञ्चारमा विश्वास गरिनु पर्दछ । आदेश दिने मात्र नभई विद्यार्थीबाट ज्ञान लिने काम पनि सिक्नु पर्दछ । विद्यार्थीका ज्ञानमा कति ज्ञान थप्ने र कसरी थप गर्ने भन्ने सिप कला शिक्षकमा हुनुपर्दछ । विद्यार्थीलाई कमैया ठान्ने शिक्षकले विद्यार्थीका भावना अनुकूल शिक्षण गर्न सक्दैनन् । (कोइराला,२०६४) शिक्षण सामग्री हेर्ने, पढ्ने, अनुभव गर्ने खालका भए सहज हुन्छ । जसबाट शिक्षण फलदायी हुन्छ ।

वर्तमान माध्यमिक नेपाली भाषा पाठ्यक्रममा महत्त्वपूर्ण अङ्गका रुपमा शिक्षण सिकाइ प्रक्रियालाई प्रस्तुत गरिएको देखिन्छ । यसमा सर्वप्रथम भाषिक सिप शिक्षणमा विभिन्न विधागत पाठहरूको उपयोग किन र कसरी गर्ने भन्ने सम्बन्धमा प्रष्ट पारिएको देखिन्छ । त्यसपछि क्रमशः कथा, कविता, जीवनी, निबन्ध, रुपक, पत्र , व्याकरण, हिज्जे र लेख्य चिह्न तथा शब्दभण्डार विधाहरूको शिक्षण प्रयोजन र सम्भाव्य कार्यकलापगत प्रक्रियाहरूको मोटामोटी जानकारी दिइएको पाइन्छ ।

वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रममा निर्दिष्ट शिक्षण सिकाइ क्रियाकलापका सम्बन्धमा अध्ययनका सहभागी विषयविज्ञ तथा शिक्षकहरूबाट सङ्कलन गरिएका प्रतिक्रियाहरूलाई निम्न तालिकामार्फत् प्रस्तुत गरिएको छ :

**तालिका ६ : शिक्षण सिकाइ क्रियाकलापका सम्बन्धमा सहभागीका प्रतिक्रिया**

| क्र.सं. | सहभागी विवरण | विषयविज्ञको प्रतिक्रिया | | | शिक्षकको प्रतिक्रिया | | |
|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | न्यून | उच्च | मध्यम | न्यून |
| १. | विषयवस्तु अनुरुपता | - | ४(८०) | १(२०) | - | ७(७०) | ३(३०) |
| २ | व्यावहारिकता | १(२०) | ४(८०) | - | १(१०) | ५(५०) | ४(४०) |
| ३. | मनोविज्ञानमा आधारित | - | ४(८०) | १(२०) | - | ८(८०) | २(२०) |
| ४. | समय उपलब्धता | - | ३(६०) | २(४०) | - | ६(६०) | ४(४०) |

नोट : कोष्ठभित्रका अङ्कले प्रतिशतलाई जनाउँछ ।        स्रोत : स्थलगत सर्वेक्षण, २०६८

शिक्षण विधि छनौटमा आवश्यक पर्ने एउटा महत्त्वपूर्ण गुण शिक्षण विधि विषयवस्तु सुहाउँदो छ वा छैन भन्ने पनि हो । उपरोक्त तालिका अनुसार मा.वि.तहका नेपाली भाषा पाठ्यक्रममा शिक्षण विधिको विषयवस्तु अनुरुपताका सम्बन्धमा अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएको प्रश्नमा कुल ५ जनामध्ये ४ जना (८०%) ले मध्यम स्तरमा रहेको विचार राखेका थिए । अध्ययनका अर्का सहभागी विषय शिक्षकहरूमा १० जनामध्ये ७ जना (७०%) ले विषयविज्ञको विचारसँग सहमति जनाएका थिए । ३ जना (३०%) ले विषयवस्तु अनुरुप शिक्षण विधि नभएको विचार व्यक्त गरेका थिए । यस विश्लेषणका आधारमा शिक्षण विधि पर्याप्त मात्रामा विषयवस्तु सुहाउँदो नभएको पाइयो ।

शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी ढङ्गबाट अगाडि बढाउनका लागि त्यसको व्यावहारिकताको जरुरत पर्दछ । व्यावहारिकताको अभावमा विद्यार्थीले बुझेर पढ्नुभन्दा पनि घोकेर पढ्ने बानीको विकास हुन्छ । शिक्षकमा पनि नैराश्यता देखा पर्दछ ।

मा.वि.तहको नेपाली भाषाको पाठ्यक्रममा राखिएका शिक्षण विधि व्यावहारिक भए नभएको पहिचान गर्न अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएको प्रश्नमा कुल ५ जनामध्ये ४ जना (८०%) ले सामान्य वा मध्यमस्तर रहेको विचार राखेका थिए । भने अर्का सहभागी शिक्षकहरूमध्ये ५ जना (५०%) ले विषयविज्ञसँग सहमती जनाएका थिए । बाँकी ४ जना (४०%) ले व्यावहारिक नभएको विचार राखेका थिए । सोही सम्बन्धमा अध्ययनका अर्का सहभागी विद्यार्थीसँग गरिएको समूह छलफलमा कुल ९ मध्ये ६ वटा समूहमा शिक्षण विधिको व्यावहारिकता सामान्य रहेको बताए भने ३ वटा समूहका सहभागीले व्यावहारिक नभएको गुनासो गरेका थिए । यस विश्लेषणका आधारमा के भन्न सकिन्छ भने शिक्षण विधिको व्यावहारिकता ठिक ठिकै एवम् मध्यम स्तर रहेको प्रष्ट हुन आउँछ ।

शिक्षण विधिमा हुनु पर्ने अर्को महत्त्वपूर्ण विशेषताहरूमध्ये बालमनोविज्ञानको सिद्धान्तमा आधारित हुनुलाई मान्न सकिन्छ । यसैका आधारमा विद्यार्थीलाई सिक्नका लागि रुचि, ध्यान, प्रेरणा, पुनर्बल मिल्दछन् । मा.वि.तहको नेपाली भाषा पाठ्यक्रम विद्यार्थीको मनोविज्ञानको सिद्धान्तमा आधारित भए नभएको थाहा पाउन अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएको प्रश्नमा कुल ५ मध्ये ४ जना (८०%) ले ठिक ठिकै अर्थात् सामान्य रहेको विचार राखेका थिए भने अर्का सहभागी शिक्षकहरूमध्ये ८ जना (८०%) ले विषयविज्ञको विचारमा सहमती जनाएका थिए । बाँकी २ जना (२०%) ले मनोविज्ञानका सिद्धान्त अनुरुप नभएको विचार व्यक्त गरेका थिए । अध्ययनका अर्का सहभागी विद्यार्थीहरूमध्ये अधिकांश (कुल ९ मध्ये ७ समूहका) सहभागीहरूले शिक्षण विधि मनोविज्ञानको सिद्धान्त अनुरुप नभएको विचार राखेका थिए । यस विश्लेषणबाट के स्पष्ट हुन आउँछ भने वर्तमान मा.वि.तहका नेपाली भाषा पाठ्यक्रमका शिक्षण विधि विद्यार्थीको मनोविज्ञानमा आधारित हुन सकेको छैन ।

शिक्षण विधिको उपयुक्तता निर्धारित समयमा कोर्स पुरा हुन सक्ने वा नसक्ने भन्ने पक्षसँग पनि सम्बन्धित हुन्छ । यसै आधारमा वर्तमान मा.वि.तहको नेपाली विषयको पाठ्यक्रमले निर्दिष्ट गरेका शिक्षण विधि समय उपलब्धताका दृष्टिकोणबाट के कस्ता रहेका छन् भनी पत्ता लगाउन अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएको प्रश्नमा अधिकांश सहभागी ३ जना (६०%) ले मध्यम स्तरको रहेको बताएका थिए भने अर्का सहभागी शिक्षकहरूमध्ये ६ जना (६०%) ले विषयविज्ञको प्रतिक्रियासँग सहमति जनाएका थिए । बाँकी ४ जना (४०%) ले समय अपुग हुने विचार राखेका थिए । सोही सम्बन्धमा अध्ययनका अर्का सहभागी विद्यार्थीहरुसँग लिइएको समूह अन्तर्वार्तामा कुल ९ मध्ये ८ वटा समूहका सहभागीहरूले समयमा कोर्स नसकिने समस्या रहेको चिन्ता व्यक्त गरेका थिए । अतः यस विश्लेषण अनुसार वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रममा राखिएका शिक्षण सिकाइ क्रियाकलापका लागि छुट्याइएको समय अपर्याप्त रहेको प्रष्ट हुन आउँछ ।

## ४.४ मूल्याङ्कन प्रक्रिया

भाषा पाठ्यक्रमको अर्को महत्त्वपूर्ण अङ्‍ग मूल्याङ्कन प्रक्रियाको समुचित र पर्याप्त निर्देशन पनि हो । पाठ्यक्रम स्वयममा एउटा कार्यक्रम भएकाले यो कत्तिको प्रभावकारी र वा उपलब्धिमूलक हुन सक्यो भन्ने कुराको लेखाजोखा वा मापन गर्ने यावत् प्रक्रियालाई मूल्याङ्कन प्रक्रिया भनिन्छ । मूल्याङ्कन प्रक्रियाको उपयुक्त निर्देशनविना समग्र पाठ्यक्रमको प्रभावकारिता आँकलन  गर्न सकिँदैन र पाठ्यक्रमका कुन पक्षमा कमी कमजोरी भए भनेर किटान गर्न सकिँदैन । कमजोरी पहिचान गर्न नसके पाठ्यक्रमको विभिन्न पक्षमा सुधार परिमार्जन गर्ने उपयुक्त सोच बनाउन पनि सकिँदैन । भाषा सिपमूलक विषय भएकाले अभ्यासको आवश्यकता पर्दछ । कुनै पनि विषयवस्तुहरूको सिपगत अभ्यास गराइ सकेपछि त्यसको नतिजा के कस्तो भयो अथवा विषयवस्तुहरूमा अपेक्षित भाष्कि सिपहरू हासिल हुन सके वा सकेनन्, हासिल भए भने कुन स्तरमा भए, भएनन् भने किन भएनन् भन्ने कुराको निरन्तर जानकारी लिइ रहनु पर्ने हुन्छ । दैनिक कक्षा कार्यहरूमा होस् वा गृहकार्यका रुपमा होस् भाषा शिक्षणमा मूल्याङ्कन अभिन्न अङ्ग भएर गाँसिएको हुन्छ । यसैका आधारमा विद्यार्थीका भाषिक कमी कमजोरी तथा उपलब्धिहरूको लेखाजोखा गरी आवश्यक सुधार वा निर्माणात्मक शिक्षण गर्ने सोच र समझदारीको विकास गर्न सकिन्छ । फेरि औपचारिक ढङ्गले विद्यार्थीको स्तर अनुरुपको वर्ग वा श्रेणी निर्धारण गर्न कक्षा चढाउने तथा योग्यता प्रमाणित गर्न पनि मूल्याङ्कनकै आवश्यकता पर्दछ । भाषा पाठ्यक्रमका समसामयिक परीक्षा (एकाइ, त्रैमासिक, अर्धवार्षिक, वार्षिक आदि) प्रयोगात्मक परीक्षा, आन्तरिक मूल्याङ्कन, बाह्य मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन, निदानात्मक मूल्याङ्कनका साथै कक्षा कार्य, गृहकार्य र परियोजना कार्य सम्बन्धी आवश्यक विधि र प्रविधिहरूको सूचना दिइएको हुनु पर्दछ । पाठ्यवस्तु र तिनको महत्त्व अनुरुपको मूल्याङ्कनात्मक अङ्‍क विभाजन, आन्तरिक र बाह्य मूल्याङ्कन तथा तिनको अङ्‍क विभाजन,प्रश्न र प्रश्नको स्वरुप तथा तिनको अङ्‍क र परीक्षण विधिका साथै मूल्याङ्कनका अन्य साधन (जाँचसूची ,श्रेणीमापक आदि) र तिनको उपयोग प्रक्रिया आदि सबैको पर्याप्त एवम् मिहीन सूचना भाषा पाठ्यक्रममा गरिनु आवश्यक हुन्छ।

वर्तमान माध्यमिक नेपाली भाषा पाठ्यक्रममा वि.सं. २०२८ को पाठ्यक्रमलाई छोड्दा अन्य पाठ्यक्रममा भन्दा मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा केही अग्रगामी सोच र निर्देशनहरू दिएको पाइन्छ । मूल्याङ्कन प्रक्रिया कति किसिमका अथवा कुन कुन प्रकारका

हुने अनि माध्यमिक तहमा विभिन्न भाषिक सिपगत मूल्याङ्कको स्वरुप कस्तो हुने भन्ने बारेमा पाठ्यक्रममा स्पष्ट दृष्टिकोण बनाइएको पाइन्छ । निर्माणात्मक मूल्याङ्कन आन्तरिक मूल्याङ्कनका रुपमा रहने र शिक्षकले सबै प्रकारका अपाङ्ग, सपाङ्ग सबैलाई उपयुक्त हुने गरी कक्षा कार्य वा कक्षा शिक्षणकै क्रममा आन्तरिक मूल्याङ्कन गर्नु पर्ने उल्लेख गरिएको पाइन्छ। सुनाइ, बोलाइ, उच्चारण र वाचनजस्ता सिप र पक्षहरू निर्माणात्मक र निरन्तर प्रकृतिको आन्तरिक मूल्याङ्कनमा आधारित हुने कुरा पनि स्पष्ट उल्लेख गरिएको पाइन्छ । यसै गरी माध्यमिक शिक्षा पाठ्यक्रमको समग्र निर्देशनमा कक्षागत शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा गृहकार्य, कक्षाकार्य योजना कार्य सामुदायिक कार्य सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा,मासिक परीक्षा आदि मूल्याङ्कनका साधनहरूको प्रयोग गरेर विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरेर उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोडा दिइने भनेर निर्माणात्मक मूल्याङ्कनका बारेमा स्पष्ट पारेको देखिन्छ । प्रथम त्रैमासिक परीक्षामा ३०% र अन्तिम परीक्षाका रुपमा ६०% परीक्षा सैद्धान्तिक नै सञ्चालन गर्ने र प्राप्ताङ्कहरू जोडेर स्तर निर्धारण गर्ने भानिएको छ । एस.एल.सी. परीक्षामा भने कक्षा १० को पाठ्यांशबाट मात्र सोध्ने प्रावधान छ । उतीर्णाङ्क ३२ हुने पूर्णाङ्क १०० हुने परीक्षा समय ३ घण्टा हुने ७५पूर्णाङ्कका लागि २:१५ घण्टा हुने, विशेष आवश्यकता भएका दृष्टिबिहीन जस्ता विद्यार्थीलाई अलग ढङ्गका प्रश्नपत्र बनाई मूल्याङ्कन गर्ने कुरा पनि स्पष्ट पारिएको छ । (पा.वि.के, २०६४)

भाषिक सिप मूल्याङ्कनका लागि कक्षा ९ र १० का लागि छुट्टा छुट्टै तालिका बनाएर पढाइ र लेखाइ सिपको परीक्षणका लागि परीक्षणीय क्षेत्र, विधा र अङ्कभार देखाइएको हुन्छ । यसमा शव्द भण्डार, वर्णविन्यास, व्याकरण, बोध, सारांश, निर्देशित रचना (दृष्टांश), स्वतन्त्र रचना, व्याख्या/सप्रसङ्ग व्याख्या, सङ्क्षिप्त उत्तर र विवेचनात्मक गरी १० क्षेत्र कक्षा ९ का लागि निर्धारित गरिएको पाइन्छ भने कक्षा १० का लागि पनि अरु सबै ९ कक्षाकै जस्तो राखी सारांशका सट्टा बुँदा टिपोट/सारांश बनाइएको देखिन्छ । परीक्षण गर्न विधि/मूल्याङ्कन प्रक्रियाका रुपमा कक्षा ९ मा क्रमशः

१) शब्दभण्डार अन्तर्गत शब्दार्थ र वाक्यमा प्रयोग

२) वर्णविन्यास अन्तर्गत शुद्धीकरण

३) व्याकरण अन्तर्गत शब्दवर्ग

४) बोध अन्तर्गत कथा, निबन्ध, जीवनी वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश

५) सारांश अन्तर्गत कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश

६) निर्देशित रचना (अदृष्टांश) अन्तर्गत कथा वा जीवनी लेखन

७) स्वतन्त्र रचना अन्तर्गत क) निबन्ध ख) चिठी, वक्तृता, संवाद, दैनिकी

८) व्याख्या, सप्रसङ्ग व्याख्या अन्तर्गत कविता, कथा, निवन्ध, जीवनी

९) सङ्क्षिप्त उत्तर अन्तर्गत कथा, कविता, निबन्ध, जीवनी र

१०) विवेचनात्मक अन्तर्गत कथा, निबन्ध, जीवनी निर्धारित गरिएको देखिन्छ ।

कक्षा १० मा भने व्याकरण अन्तर्गत वाक्य संश्लेषण थपिएको, बोध अन्तर्गत अदृष्टांश रचना मात्र राखिएको, स्वतन्त्र रचना अन्तर्गत (ख)मा चिठी, मनोवाद, संवाद र वादविवाद राखिएको छ । सङ्क्षिप्त उत्तर अर्न्तगत एकाङ्की समेत थप गरिएको देखिन्छ र अरु सबै कक्षा ९ कै जस्तो राखिएको देखिन्छ ।

अङ्क विभाजनका दृष्टिले सबभन्दा बढी स्वतन्त्र रचनाका लागि २० [(क) १० र (ख) १०)] , त्यसपछि व्याकरणका लागि १८ त्यसपछि सङ्क्षिप्त उत्तरका लागि १५, त्यसपछि शव्द भण्डारका लागि १२, त्यसपछि विवेचनात्मकका लागि १०, अनि क्रमशः वर्णविन्यासका लागि ५, बोधका लागि ५, सारांश/बुँदा टिपोटका लागि ५, निर्देशित रचनाका लागि ५, व्याख्या/सप्रसङ्ग व्याख्याका लागि ५ अङ्क दुबै कक्षाका लागि छुट्याइएको पाइन्छ । यस बाहेक दुबै कक्षाका द्रष्टव्यमा विवेचनात्मक विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिने, पाठगत मूल्याङ्कनमा विभिन्न गद्य पद्य विधाका पाठका विषयवस्तु मूल भाव, घटना, सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षा गरिने, बोधका लागि कक्षा ९ मा दृष्टांश वा अदृष्टांश गद्य पाठबाट पठन बोधक्षमताको परीक्षण गरिने तथा सुनाइ बोलाइ सिपको परीक्षण कक्षागत सिकाइका अङ्गका रुपमा गरिने कुरा उल्लेख गरिएको देखिन्छ । यसो हुँदा हुँदै पनि मूल्याङ्कनका समन्वयमा धेरै अपूर्णताहरू देखा परेका छन् ।

वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको मूल्याङ्कन खण्डका सम्बन्धमा विषय शिक्षक, विषय विज्ञहरूबाट प्राप्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छः

**तालिका नं. ७ मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा सहभागीहरूको प्रतिक्रिया**

| क्र.स. | सहभागी विवरण | विषयविज्ञको प्रतिक्रिया | | | शिक्षकको प्रतिक्रिया | | |
|---|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम. | न्यून | उच्च. | मध्यम | न्यून |
| १ | मूल्याङ्कन साधनको उपयुक्तता | - | ३(६०) | २(४०) | - | ८(८०) | २(२०) |
| २. | मूल्याङ्कन र उद्देश्यका सम्बन्ध | ३(६०) | २(४०) | - | ६(६०) | ४(४०) | - |
| ३. | विद्यार्थीको प्रवेश व्यवहारको मूल्याङ्कन | - | १(२०) | ४(८०) | - | २(२०) | ८(८०) |
| ४. | सुधारात्मक मूल्याङ्कन | - | ४(८०) | १(२०) | - | ७(७०) | ३(३०) |

नोट : कोष्ठभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।          स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका अनुसार वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रममा मूल्याङ्कनका साधनहरूको उपयुक्तताका सम्बन्धमा जानकारी लिन अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएका प्रश्नमा कुल ५ जनामध्ये ३ जना (६०%)ले मध्यम र औसत खालको रहेको विचार व्यक्त गरेका थिए । विषयविज्ञका उक्त विचारसँग अध्ययनका अर्का सहभागी शिक्षकहरू कुल १० जनामध्ये ८ जना (८०%.) ले सहमत जनाएका थिए भने बाँकी २ जना (२०%) ले मूल्याङ्कनका साधन उपयुक्त भएको विचार व्यक्त गरेका थिए । यसबाट के पुष्टि हुन्छ भने मूल्याङ्कनको साधनको उपयुक्तता मध्यम स्तरको रहेको छ ।

मूल्याङ्कनका साधनमा हुनु पर्ने अर्को महत्त्वपूर्ण गुण भनेको उद्देश्य र मूल्याङ्कन बिचको सम्बन्ध पनि हो उद्देश्यले किटान गरेका सिकाइ उपलब्धि हासिल भए नभएको लेखा जोखा मूल्याङ्कनका साधनले गर्नुपर्ने हुँदा यी दुईबिच सम्बन्ध हुनु अपरिहार्य मानिन्छ । यसै सम्बन्धमा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रममा के कस्तो स्थिति छ भनी खोज्न अध्ययनको सहभागी विषयविज्ञसँग सोधिएको प्रश्नमा कुल ५ जनामध्ये ३ जना (६०%) सहभागीले उद्देश्य र मूल्याङ्कनबिच उच्च सम्बन्ध रहेको विचार राखेका थिए भने उक्त विचारसँग अध्ययनका अर्का सहभागी शिक्षकहरूमध्ये ६ जना (६०%) ले सहमति जनाएका थिए । त्यस्तै बाँकी ४ जना (४०%) शिक्षक सहभागीहरूले मध्यम स्तरको सम्बन्ध रहेको

विचार राखेका थिए । उपरोक्त विश्लेषणका आधारमा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रममा उद्देश्य र मूल्याङ्कन साधनहरूबिच अत्यन्त राम्रो सम्बन्ध रहेको पुष्टि हुन आउँछ ।

पाठ्यक्रम मूल्याङ्कनको अर्को महत्त्वपूर्ण विशेषता विद्यार्थीको प्रवेश व्यवहारको मूल्याङ्कन पनि हो । कुनै पनि कुरा सिक्नु पूर्वको व्यवहारको मूल्याङ्कनले पछि सिक्ने सिकाइलाई प्रभाव पार्ने गर्दछ । तसर्थ नेपाली भाषा पाठ्यक्रममा पनि विद्यार्थीको सुरु व्यवहारको मूल्याङ्कनको अवस्था के छ भनी जान्न अध्ययनका सहभागी विषयविज्ञसँग सोधिएका प्रश्नका जवाफमा कुल ५ जनामध्ये ४ जना (८०%)ले सुरु व्यवहारको मूल्याङ्कन नहुने गरेको विचार व्यक्त गरेका थिए । विषयविज्ञको उक्त विचारसँग कुल १० मध्ये ८ जना शिक्षक (८०% )ले सहमति जनाएका थिए । बाँकी २ जनाले कहीँ कहीँ मात्र हुने गरेको विचार व्यक्त गरेका थिए । त्यसबाट के स्पष्ट हुन आउँछ भने विद्यार्थीको प्रवेश व्यवहारको मूल्याङ्कनलाई खासै ध्यान दिने गरिदैंन ।

विद्यार्थीको दैनिक सिकाइमा सुधार ल्याउन गराइने कक्षाकार्य/गृहकार्य र त्यसको निरीक्षण, एकाइ परीक्षा, त्रैमासिक परीक्षा आदिलाई सुधारात्मक मूल्याङ्कनको नामले चिन्ने गरिन्छ । शिक्षण सिकाइलाई कक्षा कोठामा प्रभावकारी तुल्याउन यस्तो मूल्याङ्कनको विशेष भूमिका रहन्छ । वर्तमान नेपाली भाषा पाठ्यक्रममा सुधारात्मक मूल्याङ्कनको अवस्था के कस्तो रहेको छ भनी पत्ता लगाउन अध्ययनका सहभागी विषयविज्ञसँग राखिएको प्रश्नमा कुल ५ मध्ये ४ जना(८०%)ले सुधारात्मक मूल्याङ्‍कनको अवस्था सामान्य रहेको धारणा राखे । बाँकी ठिक ठिकै रहेको धारणा राखेका थिए । बहुसङ्ख्यक शिक्षकहरू कुल १० मध्ये ७ जना (७०%)ले विषयविज्ञको धारणासँग सहमत भएका थिए भने बाँकी ३ जनाले असहमति रहेको बताए । यस विश्लेषणका आधारमा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रममा सुधारात्मक मूल्याङ्‍कनको स्थिति मध्यम खालको रहेको पुष्टि हुन्छ ।

## ४.५ भाषा पाठ्यक्रमका परिधीय संरचना / तत्त्वहरू

भाषा पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया/विधि र मूल्याङ्कनलाई मूल तत्त्व मानिए पनि भाषा पाठ्यक्रमलाई पूर्णता दिन अन्य पक्षहरूको पनि संयोजन गरिएको हुनु पर्दछ । भाषा पाठ्यक्रमको सुरुमा राखिने पाठ्यांश शीर्षक र पाठ्यांश परिचय पनि महत्त्वपूर्ण मानिन्छ । यसै गरी भाषा पाठ्यपुस्तक र सन्दर्भ पुस्तक खण्ड पनि सहयोगी परिधीय तत्त्वकै रुपमा रहेका हुन्छन् । दस्तवेज अध्ययनका आधारमा यी तत्त्वहरूको पनि विश्लेषण गरिएको छ :

### ४.५.१ पाठ्यांश शीर्षक

पाठ्यांश शीर्षक पाठ्यक्रमको मूल संरचना/तत्त्व नभए पनि भाषा पाठ्यक्रमको अग्रभागमा रहने शीर्ष सूचना हो । यसले पाठ्यक्रमका बारेमा उपयोगी एवम् आवश्यकीय सूचनाहरू उपलब्ध गराएर पाठ्यक्रमका आपेक्षा पुरा गर्न सहयोग पुऱ्याइ रहेको हुन्छ । पाठ्यांश शीर्षक पदावलीगत रुपमा रहेको हुन्छ । यो आफैमा स्पष्ट, सटिक र सूचनामूलक हुन्छ । यस खण्डमा पाठ्यांशको नाम, तह, कक्षा, पाठ्यांशको प्रकृति-प्रकार, कोड नं., पूर्णाङ्क, उतीर्णाङ्क कति हो ? वार्षिक, अर्धवार्षिक शिक्षणीय समय, प्रतिहप्ता शिक्षणीय समय कति हो, दैनिक कति पिरियड पढाउनु पर्ने हो आदि सूचनाहरू पनि प्रदान गर्ने खालको हुनु पर्छ ।

वर्तमान नेपाली भाषा पाठ्यक्रमको यस स्तम्भमा पाठ्यक्रमको शीर्षक नेपाली भनेर एक शब्दमा दिइएको छ । समग्र माध्यमिक शिक्षा पाठ्यक्रमकै अनिवार्य विषयहरू भनेर त्यसैभित्र नेपाली पनि राखिएकाले अन्य शब्दहरूको स्पष्टीकरण उपयुक्त नै देखिन्छ तर शीर्षकसँगै अन्वित भएर आउने पाठ्यक्रमका सैद्धान्तिक वा प्रयोगात्मक प्रकृति, पूर्णाङ्क, उत्तीर्णाङ्क, तथा वार्षिक, साप्ताहिक र दैनिक पाठ्यभार वा समयभार जस्ता शीर्ष सूचनाहरूलाई भने पाठ्यक्रमले बेवास्ता गरेको देखिन्छ । यसरी शीर्ष सूचनाका दृष्टिले पाठ्यक्रम अधुरो अपुरो देखिन्छ ।

### ४.५.२ पाठ्यांश परिचय

पाठ्यांश परिचय पनि सहयोगी तत्त्व हो । यो खण्ड पाठ्यांश शीर्षक खण्डको लगत्तै पछि रहन्छ । यसमा शीर्ष सूचनाभन्दा अलि विस्तृत सूचना रहेको हन्छ । आवश्यक ठानिएका एक दुई अनुच्छेदमा उक्त पाठ्यांश कुन तह वा कक्षामा पढ्ने विद्यार्थीका लागि तयार गरिएको हो ? कुन भाषिक पृष्ठभूमि भएका विद्यार्थीले पढ्ने हो ? के कस्ता प्रयोजनका लागि (पहिलो भाषिक, दोस्रो भाषिक, सामान्य प्रयोजन, विशिष्ट प्रयोजन आदि) पढ्ने हो आदि कुराको परिचयात्मक जानकारी गराइएको हुन्छ । यसका साथै पाठ्यांश निर्माणका क्रममा के कस्ता विधि र प्रक्रियाहरू अपनाइएको छ ? के कस्ता कुराहरूलाई के कसरी प्रस्तुत गरिएको छ ? पाठ्यांशका उल्लेख्य विशेषता र सीमाहरू के के हुन ? जस्ता कुराहरूको पनि सङ्क्षिप्त तर पर्याप्त जानकारी दिन सकिन्छ । परिचय स्तम्भबाट पाठ्यक्रमका सीमा र विशेषता ठम्यानुका साथै यसका गन्तव्य उद्देश्यहरू ठम्याउन सकिन्छ। यस खण्डमा आवश्यक कुराको सूचना दिइनु पर्दछ । अनावश्यक कुराको व्याख्या विश्लेषणले अलमल मात्र बढाउन सक्छ ।

प्रस्तुत वर्तमान नेपाली पाठ्यक्रमको पाठ्याश परिचय स्तम्भका रुपमा '(क) परिचय' शीर्षक राखेर नेपाली शिक्षणको अर्थ अभिप्राय आवश्यकता, भूमिका र मूल उद्देश्यका प्रसङ्गहरूलाई सटीक ढङ्गले प्रष्ट पारिएका छ । अनि १० वटा बुँदामा पाठ्यक्रमले जोड दिएका विशेषतालाई क्रमशः प्रकाश पारिएको छ । यी बुँदाहरूमा पाठ्यक्रमलाई समय सापेक्ष उपयोगी र व्यावहारिक बनाउने प्रयास गरिएको, उद्देश्यहरूलाई सिपगत ढाँचामा निर्धारण गरिएको, उपयुक्त पाठ्यवस्तु छनोट र स्तरणमा ख्याल गरिएको विधाको क्षेत्र र क्रम स्पष्ट पारिएको, विशिष्ट उद्देश्यलाई सिप र विधासँग एकीकृत गरी विस्तृतीकरण गरिएको, निम्न माध्यमिक तह पुरा गरेर आउने विद्यार्थीलाई दृष्टिगत गरेर उच्च शिक्षामा प्रवेशको पूर्वाधार निर्माण गर्ने खालका पाठ्यवस्तुहरूको समेत चयन गरिएको छ । भाषिक सिप बृद्धि गर्ने खालका पाठ्यवस्तुहरू वा व्याकरणलाई समावेश गरिएको छ । शिक्षण प्रक्रियाको निर्देशन दिइएको, भाषिक व्यवहार र क्षमता अभिवृद्धि गर्न स्वतन्त्र रचना र शब्दभण्डारजस्ता विषयवस्तु राखिएको अनि भाषाको मूल्याङ्कन प्रभावकारी बनोस् भन्ने दृष्टिले मूल्याङ्कन अङ्कभारको निर्देशन दिइएको जस्ता कुराहरू छन् ।

समग्र माध्यमिक शिक्षा पाठ्यक्रमको भूमिकामा नै पाठ्यक्रम परिमार्जनका आवश्यकता र सन्दर्भ तथा विविध व्यक्ति सङ्घसंस्था र सरोकारवालाहरूको भूमिका उल्लेख गरी पाठ्यक्रमलाई अझ प्रभावकारी बनाउन सम्बद्ध सबैबाट रचनात्मक सुझावको अपेक्षा गरिएकाले यस परिचय खण्डमा अन्य कुराहरू उल्लेख गरिएको पाइँदैन । यसरी माध्यमिक नेपाली भाषा पाठ्यक्रमको परिचय स्तम्भ सटीक र प्रभावकारी रुपमै देखिन्छ । तर यसमा पाठ्यक्रम भित्र समावेश गर्न नसकिएका पक्षहरूलाई पनि इमानदारी पूर्वक दर्शाइएको भए अझ राम्रो हुन्थ्यो ।

## ४.५.३ पाठ्य पुस्तक

यो पनि पाठ्यक्रमको तत्त्व हो । पाठ्यक्रममा यो खण्ड मूल स्तम्भ / तत्त्वहरूपछि पश्च सूचनाका रुपमा रहेको हुन्छ । यसमा पाठ्य पुस्तकहरूको जानकारी रहन्छ । पाठ्यपुस्तक भनेका सम्बन्धित भाषा पाठ्यक्रमको मर्म र अपेक्षा अनुरुप बनाएर तयार गरिएका हुन्छन् । ती पाठ्यक्रमका उद्देश्य र पाठ्यवस्तुका सीमाभित्र बाधिएर लेखिएका हुन्छन् । पाठ्यपुस्तकहरू पाठ्यक्रमका अपेक्षा अनुरुपका, पाठ्यक्रमका उद्देश्य पुरा गर्ने गरी तयार पारिएका हुन्छन् । कुनै तहका लागि एक वा एकभन्दा बढी पनि पाठ्य पुस्तक रहन्छन। कतिपय स्थानमा पाठ्यक्रमकै पर्यायका रुपमा पाठ्य पुस्तक उपयोग हुने हुनाले ती महत्त्वपूर्ण मानिन्छन् । पाठ्यपुस्तकहरू कुनै तहमा एक वा बढी पनि रहन सक्दछन् । शिक्षण क्रियाकलाप सञ्चालन गर्न अभ्यास गराउन विद्यार्थीलाई स्वाध्ययन गर्न उपयोगी एवम् पाठ्यक्रमलाई व्यावहारिक रुप प्रदान गर्न अत्यावश्यक पाठ्यपुस्तकको सूचना यस खण्डमा रहन्छ । वास्तवमा शिक्षण सामग्री खण्डमै राख्न सकिने पाठ्यपुस्तकहरूको नाम लेखको नाम, प्रकाशकको नाम, प्रकाशन वर्ष र संस्करणसमेत खुलाएर स्पष्ट सूचना दिइनु आवश्यक ठानिन्छ । तापनि वर्तमान नेपाली पाठ्यक्रममा रहको यस स्तम्भलाई शिक्षण प्रक्रियाभित्रै शिक्षण सामग्रीका रुपमा पनि स्पष्ट पारिएको छैन । छुट्टै स्तम्भका रुपमा पनि राखिएको छैन । अतः यस स्तम्भको स्पष्ट सूचना दिनु पर्ने देखिन्छ ।

### ४.५.४ सन्दर्भ पुस्तक

भाषा पाठ्यक्रमको अन्तिम र पश्च सूचनाका रुपमा सन्दर्भ पुस्तकको खण्ड रहेको हुन्छ । पाठय पुस्तकजस्तो गहन अध्ययन र अभ्यास गर्नु नपर्ने तर भाषिक बोध र अभिव्यक्ति सिप विकासका लागि सहयोगी भूमिका खेल्ने तथा द्रुत पठन तथा अभ्यासहरूमा उपयोग गर्न सकिने पुस्तक वा पाठ्यसामग्रीहरूलाई सर्न्दभ पुस्तक भन्न सकिन्छ । यस्ता सामग्रीहरूको सहयोगले सम्बन्धित सिप विकास र प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग पुऱ्याइरहेको हुन्छ । अभ्यासात्मक पुस्तक, नमुना सामग्री भएका पुस्तक व्याकरणात्मक अभ्यास भए कम पुस्तक, समीक्षण विवेचन अनुसन्धान सम्बद्ध पुस्तक आदि । विभिन्न पुस्तक पुस्तिकाहरूलाई सन्दर्भ पुस्तकका रुपमा लिन सकिन्छ । सन्दर्भ पुस्तकहरू पनि कक्षा र तहहेरि फरक फरक स्तर र ढाँचामा हुन सक्छन् । खास गरी भाषा शिक्षण सिकाइको विस्तृत र व्यापक पृष्ठपोषणका लागि यस्ता सामग्रीहरू महत्त्वपूर्ण मानिन्छन् । त्यसैले पाठ्यक्रममा पाठ्यपुस्तकको जस्तै सन्दर्भ पुस्तकहरूको नाम, लेखकको नाम, प्रकाशकको नाम, प्रकाशन वर्ष र संस्करण आदिको यथेष्ट सूचना दिइनु राम्रो मानिन्छ । वर्तमान माध्यमिक नेपाली भाषा पाठ्यक्रममा यस स्तम्भको सूचना दिइएको पाइँदैन । कुनै एउटा पाठ्य पुस्तक पढाउँदा ज्ञानको दायरा फराकिलो हुँदैन । यस्तो सामग्री अध्ययनवाट विद्यार्थीमा स्वअध्ययन बानी बसाल्न र प्रतिभा विकास गर्न मद्दत पुग्छ । सन्दर्भ सामग्रीको विविधताले शिक्षण सिकाइमा सहयोग पुऱ्याउने कुरामा दुई मत हुँदैन ।

## ४.६ पाठ्यक्रम कार्यान्वयन अवस्थाको अध्ययन

वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमको कक्षाकोठामा कार्यान्वयन अवस्थाको पहिचान गर्न कक्षा कोठा अवलोकन फारम, शिक्षकसँगको प्रश्नावली एवम् विद्यार्थीसँगको लक्षित समूह छलफलमार्फत् तथ्य/तथ्याङ्कहरूलाई सङ्कलन गरिएको थियो । तिनलाई निम्न बमोजिम विश्लेषण एवम् व्याख्या गरिएको छ :

क) कक्षाकोठाको व्यवस्थापन

ख) पूर्वपाठको स्मरण

ग) पाठको प्रस्तुतीकरण

घ) शिक्षण विधिको प्रयोग

ङ) शिक्षण सामग्रीको प्रयोग

च) कक्षाकार्य / गृहकार्यको प्रयोग

**क) कक्षाकोठा व्यवस्थापन**

प्रभावकारी शिक्षणका लागि कक्षाकोठा व्यवस्थापनलाई अनिवार्य सर्तका रुपमा लिने गरिन्छ । यस अन्तर्गत बसाइ व्यवस्था, कक्षाकोठाको सरसफाइ, कालोपाटी, बेन्च डेस्कको अवस्था , कोठामा प्रकाश, हावाको अवस्था आदि कुराहरू पर्दछन् । अध्ययन क्षेत्रमा नेपाली भाषा अध्यापन गर्ने कक्षाकोठामा यसको अवस्था के छ भनी जान्न सङ्कलित सूचनाहरूलाई निम्न तालिकामार्फत् प्रस्तुत गरिएको छ :

**तालिका ८ कक्षाकोठा व्यवस्थापनको अवस्था**

| क्र. सं. | विवरण | कक्षाकोठा व्यवस्थापनको अवस्थाको स्तरक्रम | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | जम्मा |
| १. | कक्षा अवलोकन | ४(१३.३३) | २२(७३.३३) | ४(१३.३३) | ३० |
| २. | शिक्षकसँगको प्रश्नावली | २(२०) | ८(८०) | - | १० |
| ३. | विद्यार्थी समूह छलफल | १(११.११) | ६(६६.६६) | २(२२.२२) | ९ |

नोटः कोष्ठभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।  स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका बमोजिम कुल ३० वटा कक्षाकोठा शिक्षण अवलोकन गरिएकोमा २२ वटा (७३.३३) मा मध्यमस्तरको कक्षाकोठा व्यवस्थापन भएको पाइयो भने बाँकी ४/४ वटा (१३.३३) मा उपयुक्त एवम् अनुपयुक्त रहेको पाइयो । त्यस्तै अध्ययनका सहभागी शिक्षकसँग सङ्कलन गरिएको प्रतिक्रियामा कुल १० जनामध्ये ८ जना (८०%) ले मध्यमस्तरको रहने विचार राखे । अध्ययनका अर्का सहभागी विद्यार्थीसँग गरिएको समूह अन्तर्वार्तामा कुल ९ वटा समूहमध्ये ६ वटा समूहका विद्यार्थीहरूले मध्यमस्तरको कक्षाकोठा व्यवस्थापन रहने गरेको विचार व्यक्त गरेका थिए । त्यस्तै २ वटा समुहका सहभागी विद्यार्थीले अनुपयुक्त एवम् १ वटा समूहका विद्यार्थी सहभागीले उपयुक्त कक्षाकोठा व्यवस्थापनको अवस्था रहेको विचार व्यक्त गरेका थिए । उपरोक्त विश्लेषणका आधारमा कक्षाकोठा व्यवस्थापनको अवस्था मध्यम स्तरको रहेको पाइन्छ ।

### ख) पूर्वपाठको स्मरण

प्रभावकारी एवम् व्यवस्थित शिक्षण सिकाइका लागि नयाँ पढाउनु पर्ने पाठलाई पहिला पढाइएका पाठसँग सम्बन्ध स्थापना गर्नु आवश्यक हुन्छ । यसबाट सिकाइ क्रमबद्ध हुनुको साथै पहिला सिकाइएका विषयवस्तुलाई स्मरण गर्न पनि मद्दत पुग्छ । यस्तो स्थिति वर्तमान माध्यमिक विद्यालय तहको नेपाली भाषा पाठ्यक्रममा के कस्तो रहेको छ भनी थाहा पाउन विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएका सूचनाहरूलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरी विश्लेषण एवम् व्याख्या गरिएको छ :

**तालिका ९ : पूर्वपाठको स्मरण**

| क्र. सं. | विवरण | कक्षाकोठा व्यवस्थापन अवस्थाको स्तरक्रम | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | जम्मा |
| १. | कक्षा अवलोकन | २४(८०) | ४(१३.३३) | २(६.२२) | ३० |
| २. | शिक्षकसँगको प्रश्नावली | ८(८०) | २(२०) | - | १० |
| ३. | विद्यार्थी समूह छलफल | २(२२.२२) | ७(७७.७७) | १(११.११ | ९ |

नोटः कोष्ठभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ । स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका नं. ९ लाई विश्लेषण गर्दा कक्षा अवलोकनका क्रममा कुल ३० मध्ये २४ वटा (८०%) मा नेपाली भाषा विषय शिक्षण गर्ने शिक्षकहरूले पूर्वपाठको स्मरण गराइ नयाँ पाठसँगको सम्बन्ध स्थापना गर्ने गरेको पाइयो । त्यस्तै ४ वटा (१३%) मा केही मात्रामा पूर्वपाठसँग सम्बन्ध स्थापना गरेको पाइयो भने १ वटा कक्षा (३.३३%) मा पूर्वपाठको स्मरण नगराइएको देखियो । अध्ययनका सहभागी शिक्षकसँग सोधिएको प्रश्नमा कुल १० जनामध्ये ८ जना (८०%) ले पूर्वपाठको स्मरण गराउने गरेको विचार व्यक्त गरेका थिए भने बाँकी २ जना(२०%) सामान्य रुपमा गर्ने गरेको बताए पनि विद्यार्थीसँगको समूह छलफलका क्रममा कुल ९ समूहमध्ये ७ वटा समूहका सहभागी विद्यार्थीले पर्याप्त मात्रामा पूर्वपाठको स्मरण नगराई सामान्य रुपमा मात्र गराउने गरेको विचार राखेका थिए भने २ वटा समूहका सहभागीले पर्याप्त मात्रामा पूर्वपाठको स्मरण गराउने गरेको एवम् १ वटा समूहका सहभागीले पूर्वपाठको स्मरण नगराउने गरेको विचार राखेका थिए । उपरोक्त विश्लेषणलाई समग्रमा नियाल्दा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमको कार्यान्वयनमा पूर्वपाठको स्मरण उपयुक्त ढङ्गबाट गराउने गरिएको पुष्टि हुन आउँछ ।

### ग) पाठको प्रस्तुतीकरण

कक्षा शिक्षणको क्रममा शिक्षकले विषयवस्तु जानेर मात्र पुग्दैन र त्यसलाई सरल क्रमबद्ध एवम् रोचक ढङ्गबाट विद्यार्थीलाई बुझाउन सक्ने कला पनि आवश्यक हुन्छ । यसैलाई पाठको प्रस्तुतीकरण भनिन्छ । यस्तो प्रस्तुतीकरण वर्तमान मा.वि.तहको नेपाली भाषा शिक्षणका क्रममा के कस्तो अवस्था रहेको छ भनी पत्ता लगाउन सङ्कलित तथ्य/तथ्याङ्कहरूलाई निम्न लिखित तालिकामा प्रस्तुत गरी विश्लेषण एवम् व्याख्या गरिएको छ :

**तालिका १० : पाठको प्रस्तुतीकरण**

| क.सं. | विवरण | कक्षाकोठा व्यवस्थापनको अवस्थाको स्तर क्रम | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | जम्मा |
| १. | कक्षा अवलोकन | ६ (१०) | २० (६६.६६) | ४ (१३.३३) | ३०(१००) |
| २. | शिक्षकसँगको प्रश्नावली | २ (४०) | ६ (६०) | २ (४०) | १० (१००) |
| ३. | विद्यार्थी समूह छलफल | - | ७ (७७.७७) | २ (२२.२२) | ९ (१००) |

नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।                    स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका अनुसार कुल ३० वटा कक्षा शिक्षणको अवलोकन गरिएकोमा बहुसङ्ख्यक कक्षाकोठामा अर्थात् २० वटा (६६.६६%) मा पाठको प्रस्तुतीकरण सामान्य रहेको पाइयो । त्यस्तै ६ वटा (२०%) र ४ वटा १३.३३ %) मा क्रमशः उपयुक्त एवम् अनुपयुक्त रहेको थियो । अध्ययनका सहभागी शिक्षकसँग सोधिएको प्रश्नावलीमा कुल १० जनामध्ये ६ जना (६०%) ले पाठको प्रस्तुतीकरण सामान्य रहने गरेको बताए भने बाँकी २/२ जना (४०%) ले क्रमशः उपयुक्त रहेको एवम् अनुपयुक्त रहेको विचार राखेका थिए । त्यस्तै अध्ययनका अर्का सहभागी विद्यार्थीसँग गरिएको लक्षित समूह छलफलमा ९ मध्ये ७ वटा समूहका सहभागी विद्यार्थीहरूले पाठको प्रस्तुतीकरण मध्यम स्तरको रहने गरेको विचार राखेका थिए भने बाँकी २ समूहका सहभागीले अनुपयुक्त रहेको बताएका थिए । उपर्युक्त विश्लेषणका आधारमा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रम शिक्षणमा पाठको प्रस्तुतीकरण स्तर सामान्य वा मध्यम स्तर रहेको देखिन्छ ।

### घ) शिक्षण विधिको प्रयोग

उद्देश्य अनुसार निर्धारण गरिएका विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउने माध्यमलाई शिक्षण विधि भनिन्छ । यस्तो शिक्षण विधि विषयवस्तुको प्रकृति, विद्यार्थीको उमेर, रूचि, तह, उपलब्ध समय, उपलब्ध सामग्री, शिक्षक तालिम, योग्यता आदि पक्षहरूसँग सम्बन्धित हुने गर्दछ । मा.वि.तहको नेपाली भाषा पाठ्यक्रममा शिक्षण विधिको प्रयोगको अवस्था के कस्तो रहेको छ भनी पत्ता लगाउन सङ्कलन गरिएका तथ्य तथ्याङ्कहरूलाई निम्न तालिकामा प्रस्तुत गरी विश्लेषण एवम् व्याख्या गरिएको छ :

**तालिका ११ : शिक्षण विधिको प्रयोग**

| क्र. सं. | विवरण | कक्षाकोठा व्यवस्थापनको अवस्थाको स्तरक्रम | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | जम्मा |
| १. | कक्षा अवलोकन | २०(६६.६६) | ८(२६.६६) | २(६.६६) | ३०(१००) |
| २. | शिक्षकसँगको प्रश्नावली | ८(८०) | २(२०) | - | १०(१००) |
| ३. | विद्यार्थी समूह छलफल | ३ (३३.३३) | ६(६६.६६) | १(११.११) | ९(१००) |

नोट : कोष्ठभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।            स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका ११ अनुसार कक्षा अवलोकनका क्रममा कुल ३० वटामध्ये २० वटा (६६.६६%) मा उपयुक्त शिक्षण विधिको प्रयोग भएको पाइयो भने ८ वटा (२६.६६%) मा ठिक ठिकै/औसत खालको अवस्था रहेको र बाँकी २ वटा (६.६६%) मा शिक्षण विधिको प्रयोग अनुपयुक्त भएको पाइयो । अध्ययनका सहभागी शिक्षकसँग सोही सम्बन्धमा सोधिएका प्रश्नमा कुल १० जना सहभागीमध्ये ८ जना (८०%) ले शिक्षण विधिको प्रयोग उपयुक्त हुने गरेको बताए पनि बाँकी २ वटा (२०%)ले ठीक ठिकै रहने गरेको विचार राखेका थिए । तर अध्ययनका अर्का सहभागी विद्यार्थीहरूमध्ये बहुसङ्ख्यक अर्थात् कुल ९ वटा समूहमध्ये ६ वटा समूहका सहभागीले मध्यम स्तरको अर्थात् सामान्य रहेको बताए । बाँकी ३ वटा समूहका सहभागी विद्यार्थीले उपयुक्त रहेको बताए । यस विश्लेषणका आधारमा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमको कार्यान्वयनमा शिक्षण विधिको प्रयोगको अवस्था उपयुक्त रहने गरेको तथ्य पुष्टि हुन आउँछ ।

**ङ) शिक्षण सामग्रीको प्रयोग**

शिक्षण विधिको प्रभावकारिता अभिबृद्धि गर्न प्रयोगमा ल्याइने सामग्रीलाई शिक्षण सामग्री भनिन्छ । शिक्षण सामग्रीको प्रयोगले कक्षा शिक्षणमा रोचकता आउने, दीगो सिकाइमा सहयोग पुग्ने एवम् छिटो छरितो सिकाइमा थप बल पुग्दछ । अध्ययन क्षेत्रमा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रम शिक्षणमा यस्ता सामग्रीको प्रयोगको अवस्था पहिचान गर्न सङ्कलित सूचनाहरूलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरी विश्लेषण एवम् व्याख्या गरिएको छ :

**तालिका १२ : शिक्षण सामग्रीको प्रयोग**

| क.सं. | विवरण | कक्षाकोठा व्यवस्थापनको अवस्थाको स्तरक्रम | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | जम्मा |
| १. | कक्षा अवलोकन | - | १२ (४) | १८ (६०) | ३०(१००) |
| २. | शिक्षकसँगको प्रश्नावली | १(१०) | ८(८०) | १(१०) | १०(१००) |
| ३. | विद्यार्थी समूह छलफल | - | २(२२.२२) | ७(७७.७७) | ९(१००) |

नोट : कोष्ठभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।  स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका १२ अनुसार कुल ३० वटा कक्षा शिक्षणमा गरिएको अवलोकनमा अधिकांश कक्षा कोठा अर्थात्, १८ वटा (६०%) मा शिक्षण सामग्रीको प्रयोग नभएको पाइयो भने बाँकी १२ वटा (४०%) मा सामान्य प्रयोग मात्र भएको पाइयो । अध्ययनका सहभागी कुल १० जना शिक्षकसँग सोधिएको प्रश्नमा ८ जना (८०%)ले शिक्षण सामग्रीको प्रयोगको अवस्था मध्यम खालको बताएका थिए भने १ जना (१०%) सामग्रीले प्रयोगको अवस्था उपयुक्त रहने गरेको बताए । अर्का १ जना (१०%) ले सामग्री प्रयोग नगर्ने गरेको बताएका थिए । तर अध्ययनका अर्का सहभागी विद्यार्थीहरूको धारणा भने विलकुल भिन्न थियो । जसअनुसार कुल ९ वटा मध्ये ७ वटा समूहका सहभागीले शिक्षण सामग्रीको प्रयोगको अवस्था अत्यन्तै कमजोर रहेको विचार व्यक्त गरेका थिए भने बाँकी २ समूहका सहभागीहरूले मध्यम खालको रहेको विचार राखेका थिए । उक्त विश्लेषणका आधारमा कक्षा शिक्षणमा शिक्षण सामग्रीको प्रयोगको अवस्था अत्यन्तै कमजोर रहने गरेको देखिन्छ ।

**च) कक्षाकार्य/गृहकार्यको प्रयोग**

सिकाइलाई दक्षतामा पुऱ्याउन एवम् सिकेका कुरालाई विस्मरण हुनबाट बचाउन अभ्यासको जरुरत पर्दछ। भाषा शिक्षणमा अन्य सिकाइमा जस्तै अभ्यासको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुने गर्दछ। भाषिक सिप विकासका लागि शिक्षकले कक्षाकोठामा विद्यार्थीलाई कक्षाकार्य एवम् घरबाट गरेर ल्याउने गृहकार्य दिने वा नदिने सम्बन्धमा के कस्तो अवस्था विद्यमान छ भनी थाहापाउन सङ्कलन गरिएका सूचनालाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरी त्यसको विश्लेषण एवम् व्याख्या गरिएको छ :

**तालिका १३ : कक्षाकार्य/गृहकार्यको प्रयोग**

| क.सं. | विवरण | कक्षाकोठा व्यवस्थापनको अवस्थाको स्तर क्रम | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | जम्मा |
| १. | कक्षा अवलोकन | २५(८३.३३) | २(६.६३) | ३(१०) | ३०(१००) |
| २. | शिक्षकसँगको प्रश्नावली | ८(८०) | २(२०) | - | १०(१००) |
| ३. | विद्यार्थी समूह छलफल | ५(५६.५६) | ४(४४.४४) | - | ९(१००) |

नोट : कोष्ठभित्रको अङ्कले प्रतिशतलाई जनाउँछ।          स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका १३ लाई विश्लेषण गर्दा कक्षाअवलोकनका क्रममा कुल ३० मध्ये २५ वटा (८३.३३%) मा शिक्षकले विद्यार्थीलाई कक्षाकार्य/गृहकार्य राम्रोसँग गराउने गरेको पाइयो भने बाँकी २ वटा (६.६६%) मा ठिकै ठिकै र ३ वटा (१०%) मा नगराउने गरेको पाइयो। त्यस्तै शिक्षकसँग सोही सम्बन्धमा सोधिएको प्रश्नमा कुल १० मध्ये ८ जना (८०%) सहभागी शिक्षकहरूले कक्षाकार्य/गृहकार्य दैनिक रुपमा दिने र त्यसको जाँच गरी पृष्ठपोषण दिने गरेका विचार व्यक्त गरेका थिए भने बाँकी २ जना (२०%)ले कहिले काँही मात्र जटिल पाठमा गराउने गरेको विचार राखेका थिए। अध्ययनका अर्का सहभागी विद्यार्थीसँग गरिएको समूह छलफलका क्रममा कूल ९ मध्ये ५ समूहका सहभागीहरूले कक्षाकार्य/गृहकार्य प्रर्याप्त मात्रामा गराउने गरेको विचार व्यक्त गरेका थिए भने बाँकी ४ वटा समूहका सहभागीहरूले कहिलेकाहीँ गराउने गरेको विचार राखेका थिए। यसबाट के स्पष्ट हुन आउँछ भने मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमको शिक्षण सिकाइका क्रममा गराइने कक्षाकार्य/गृहकार्यको अवस्था उपयुक्त नै रहेको प्रष्टिन्छ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

यस परिच्छेदलाई ३ वटा शीर्षकहरू जस्तैः १) प्राप्ति , २) निष्कर्ष र ३) सुझावहरू अन्तर्गत प्रस्तुत गरिएको छ । पहिलो शीर्षक अन्तर्गत परिच्छेद ४ मा गरिएका तथ्याङ्क विश्लेषण र विवेचनाका प्राप्तिहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ । दोस्रो शीर्षकमा ती प्राप्तिहरूमध्ये मुख्य-मुख्य प्राप्तिलाई समेटी अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ ।तेस्रो शीर्षक अन्तर्गत ती प्राप्तिका आधारमा मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमलाई सुधार गर्न आवश्यक सुझावहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनका मुख्य मुख्य प्राप्तिहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ :

- वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको १७ वटा साधारण उद्देश्यहरू भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ चार वटै सिपलाई समेटेर निर्धारण गरिएको पाइयो ।
- साधारण उद्देश्यहरू कक्षागत नभएर तहगत भएको र विशिष्ट उद्देश्यहरू भने कक्षागत रुपमा प्रस्तुत गरिएको पाइयो ।
- विशिष्ट उद्देश्यहरुमध्ये सुनाइ र बोलाइका सिपलाई एकीकृत गरी राखिएको र पढाइ र लेखाइका सिपहरूलाई अलग अलग शीर्षक दिएर प्रस्तुत गरिएको पाइयो ।
- वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरू स्पष्ट एवम् प्राप्त गर्न सकिने विशेषतायुक्त रहेका पाइयो ।
- वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूको क्षेत्रगत प्रतिनिधित्वको अवस्था अत्यन्तै राम्रो रहेको पाइयो ।
- वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरू सिपगत सन्तुलनको अवस्था मध्यमस्तरको देखियो ।
- विषयवस्तुको क्षेत्र र क्रम उल्लेख गर्दा प्रत्येक विधाको समय र अङ्कभार अलग अलग उल्लेख नगरी मूल्याङ्कन खण्डमा मात्र उक्त कुरा सङ्केत गरिएको पाइयो ।

- वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूमा विषयवस्तुको रोचकता र क्रमबद्धता सामान्य वा मध्यमस्तरको देखियो ।
- वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरू, विषयवस्तुको उद्देश्य अनुरुपता र लम्बीय समन्वयका दृष्टिले उपयुक्त भएको पाइयो ।
- कुनै विषयवस्तुलाई के कस्ता विधामा ढाल्ने र कुन पाठसँग व्याकरणको कुन विषयवस्तु सिकाउने भन्ने कुरा पाठ्यक्रममा स्पष्ट उल्लेख नभएको पाइयो ।
- वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमका शिक्षण सिकाइ क्रियाकलापमा शिक्षण विधिको व्यवहारिकता मध्यम स्तरको पाइयो ।
- वर्तमान नेपाली भाषा पाठ्यक्रममा शिक्षण सिकाइ क्रियाकलाप सामान्यतः मनोविज्ञानमा नै आधारित भएको तर कस्ता क्रियाकलाप गराउने र कस्ता क्रियाकलापका लागि, कुन विषयवस्तुका लागि र कति समय दिने भन्ने स्पष्ट नभएको पाइयो ।
- वर्तमान नेपाली भाषा पाठ्यक्रममा शिक्षण सिकाइ क्रियाकलाप गर्दा शिक्षण विधिको छनौट एवम् प्रयोगको अवस्था उपयुक्त नै देखियो ।
- वर्तमान नेपाली भाषा पाठ्यक्रममा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षकहरुले शिक्षण सामग्रीको प्रयोग अत्यन्तै न्यून रुपमा गर्ने गरेको पाइयो ।
- वर्तमान नेपाली भाषा पाठ्यक्रममा शिक्षण सिकाइ क्रियाकलापलाई अगाडि बढाउनुभन्दा अगाडि पहिले पढाइएका पाठहरूलाई शिक्षकहरूले सामान्यतः राम्रोसँग याद दिलाएर नै नयाँ पाठलाई सुरु गर्ने गरेको पाइयो ।
- वर्तमान नेपाली भाषा पाठ्यक्रममा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षकहरूले पाठको प्रस्तुतीकरण मध्यम स्तर अर्थात् सामान्यतः ढङ्गले उपयुक्त नै गर्ने गरेको पाइयो ।
- पाठ्यक्रममा सुन्न, बोल्न, देख्न नसक्नेजस्ता विद्यार्थीलाई पनि ध्यान दिएर शिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने भनी उल्लेख गरिएकाले यो पाठ्यक्रम सबैका लागि उपयोगी हुने देखियो ।
- शिक्षण सामग्रीको निर्देशन नपाइनुका साथै शिक्षण विधिको पनि पर्याप्त सूचना नदिइएको, बरु विधाको प्रयोजनको सूचना दिनतर्फ पाठ्यक्रम केन्द्रित भएको पाइयो ।

- एस.एल.सी.का लागि मौखिक प्रयोगात्मक सिपको परीक्षणका लागि अङ्कभार नछुट्याइएकाले  शिक्षक विद्यार्थी दुबैले प्रयोगात्मक परीक्षाका लागि वास्ता नगर्ने अवस्था सिर्जना हुने हुँदा मौखिक सिप कुण्ठित हुन सक्ने देखिन्छ त्यसैले प्रयोगात्मक वा सुनाइ बोलाइ सिपको मूल्याङ्कन अङ्कभार स्पष्ट रुपमा छुट्याउनु पर्ने देखियो ।
- मूल्याङ्कनका सम्बन्धमा द्रष्टव्य अन्तर्गत दिइएका थप सूचनाहरू निकै उपयोगी हुने देखियो ।
- एस.एल.सी.मा कक्षा १० बाट मात्र प्रश्न सोधिने भन्ने स्पष्ट सूचनाले विद्यार्थीहरूलाई अन्योलबाट जोगाउने देखियो ।
- विद्यार्थी मूल्याङ्कन गर्दा सुधारात्मक मूल्याङ्कनको अवस्था सामान्य रहेको पाइयो ।
- कक्षा शिक्षण गर्दा शिक्षकहरूले विद्यार्थीहरूलाई कक्षाकार्य/गृहकार्य पर्याप्त मात्रामा गराउनुका साथसाथै त्यसको जाँच गरी पृष्ठपोषण समेत दिने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययनमा गरिएको विश्लेषण एवम् व्याख्याको आधारमा प्राप्त भएका मुख्य मुख्य प्राप्तिलाई समेटी यहाँ अध्ययनको निष्कर्ष निकालिएको छ :

वर्तमान मा.वि.तहको नेपाली भाषा पाठ्यक्रमका साधारण उद्देश्यहरूमा भाषाका चारवटै सिपलाई समेटिएको र सुनाइ र बोलाइ सिपलाई एकीकृत गरिएको देखिन्छ । उद्देश्यको स्पष्टता, पर्याप्तता एवम् क्षेत्रगत प्रतिनिधित्वको अवस्था उपयुक्त नै देखिन्छ । पाठ्यक्रमका विषयवस्तुका सम्बन्धमा क्षेत्र र क्रम अनुरुप, समय र अङ्कभार उल्लेख नभएको, कुन विधा कति गहिराइमा प्रस्तुत गर्ने भन्ने स्पष्ट नभएको, पाठ र व्याकरणको सम्बन्धको स्थिति उपयुक्त नभएको, रेखीय चक्रीय कुन रुपमा स्तरण गर्ने भन्ने निर्देशन पाठ्यक्रमले दिन नसकेको, पाठको रोचकता, क्रमबद्धता र लम्बीय समन्वय राम्रो रहेको पाइयो । त्यस्तै  शिक्षण सिकाइ क्रियाकलापका सम्बन्धमा पाठ सुहाउँदा शिक्षण विधिको प्रयोग र पूर्वपाठको स्मरणको अवस्था राम्रो रहेको भए पनि कक्षाकोठा व्यवस्थापन र पाठको प्रस्तुतीकरणको अवस्था मध्यम खालको देखियो । विद्यार्थी मूल्याङ्कनको स्थितिलाई केलाउँदा मौखिक सिप परीक्षणलाई स्थान नदिइएको, द्रष्टव्य अन्तर्गत थप सूचनाहरू उपयोगी भएको एवम् पाठ्यक्रम कार्यान्वयनका क्रममा कक्षाकार्य, गृहकार्य पर्याप्त मात्रामा नै गराउने गरिएको देखियो ।

## ५.३ सुझावहरू

प्रस्तुत अध्ययनबाट सम्बन्धित सबैका लागि निम्न लिखित सुझाबहरू प्रस्तुत गरिएको छ :

- पाठ्यक्रमको पाठ्यांश शीर्षक स्तम्भमा कोड नम्बर, उत्तीर्णाङ्क, पाठ्यक्रमको प्रकृति (सैद्धान्तिक/प्रायोगिक) दैनिक/ साप्ताहिक/ वार्षिक पाठ्यभार उल्लेख नभएकाले उक्त कमी कमजोरीमा सम्बन्धित पक्षको ध्यान पुग्नु पर्ने देखिन्छ ।
- पाठ्यांश परिचय खण्ड प्रर्याप्त नै छ तर यस खण्डमा कति कक्षा पास गरेका कुन तहका पहिलो, दोस्रो वा विदेशी भाषी कस्ता विद्यार्थीका लागि हो भन्ने कुरा स्पष्ट गरिएको भए अझ उपयुक्त हुन्थ्यो ।
- साधारण उद्देश्यको उद्देश्य नं.२ “सञ्चारका विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न” र उद्देश्य नं. १७ “विभिन्न विषयवस्तु पढी शब्दभण्डार बढाउन” मा मापनीय गुणको कमी देखिएकाले सुधार गर्नु पर्ने देखिन्छ ।
- हरेक साधारण उद्देश्य पुरा गर्न सक्ने गरी विशिष्ट उद्देश्य निर्धारण गर्नु पर्ने देखियो ।
- विशिष्ट उद्देश्यहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइका लागि अलग अलग र बुँदागत रुपमा स्पष्टसँग उल्लेख गर्नु पर्ने देखियो ।
- शब्द र वाक्यहरूबाट मात्र सम्प्रेषण स्वभाविक एवम् पर्याप्त नहुने र उपयुक्त सम्पेषणका लागि भाषिकेत्तर सङ्केतहरू हाउभाउ मुखमुद्रा, चेष्टा, श्रोताको स्तर अनुसारको बोलाइ, बोलाइमा मिठास, बोलाइ, लेखाइ, पढाइको स्वाभाविक गति, उद्घोषण कला, सान्दर्भिक बोलाइ, अक्षरको सुन्दरता ,स्पष्टता, लेखाइको द्रुतता, पढाइको द्रुतता स्वाभाविकता किताब समाताइ, पुस्तक र आँखाको दुरी, कलम समाताइजस्ता पक्ष पनि महत्त्वपूर्ण सिप भएकाले उद्देश्य, क्रियाकलाप र मूल्याङ्कनमा उक्त पक्ष पनि समेटिनु पर्ने देखिन्छ ।
- पाठ्यक्रम शिक्षण सिकाइ प्रक्रियाको मूल सैद्धान्तिक दस्तावेज भएकाले यसमा उद्देश्यसँग सम्बन्धित कुन कुन विषयवस्तुलाई कुन कुन विधा/उपविधामा परिणत गर्ने, तिनको आकार प्रकार कति हुने, धार्मिक सामाजिक सांस्कृतिक यावत् पक्ष समेटिने गरी कसरी विद्या विषयवस्तु छनोट गर्ने र स्तरण प्रक्रिया कस्तो हुने भन्ने कुराको पनि स्पष्ट मार्गदर्शन दिइनु पर्ने देखिन्छ ।

- पहिलो भाषी, दोस्रो भाषी सबैको पृष्ठभूमि र क्षमतालाई विचार पऱ्याई के कस्ता गहिराइका विषयवस्तु राख्ने भन्ने स्पष्ट हुनु पर्ने देखिन्छ ।
- पाठ्यक्रमलाई पुरानै शैलीमा सैद्धान्तिकतातर्फ नढल्काई व्यावहारिक प्रयोगपरक बनाउनु पर्छ ।
- के कस्ता विषयवस्तुलाई के कस्ता क्रियाकलाप गराउने के कस्ता शिक्षण सामग्री कसरी प्रयोग गर्ने भन्ने कुरा स्पष्ट उल्लेख हुनु पर्छ ।
- पाठ्यवस्तुको स्तरण रेखीय चक्रीय वा अन्य कस्तो हुने भन्ने निर्देशन पनि पाठ्यक्रममा स्पष्ट रुपमा उल्लेख गरिनु आवश्यक देखिन्छ ।
- भाषिक मूल्याङ्कन लिखित परीक्षाबाट मात्र पूर्ण नहुने भाषाका चारै सिप समेटिने गरी मूल्याङ्कन विधिको निर्देशन पनि नभएकाले सुनाइ र बोलाइको प्रयोगात्मक मूल्याङ्कनको व्यवस्था अनिवार्य गरिनु पर्ने देखिन्छ ।
- परीक्षामा अनियमिता हुने प्रश्न निर्माण पनि झाराटाराइमा सीमित हुने प्रवृतिलाई निरुत्साहित गरिनु पर्छ ।
- उद्देश्यलाई हरबखत ध्यानमा राखेर शिक्षण क्रियाकलाप सञ्चालन गर्नु पर्छ, जसका लागि विद्यालय प्रशासनमा कमजोरी, शिक्षक तालिमको अभाव, पेशागत जिम्मेवारीको अभाव पाठ्य पुस्तकको अभाव, अङ्ग्रेजी भाषाप्रतिको अति मोह र नेपाली भाषाप्रतिको वितृष्णा ध्यान पुऱ्याइ सुधार गर्ने जस्ता नकारात्मक पक्षप्रति पनि सजग हुन जरुरी देखिन्छ ।
- पाठ्यक्रम निर्माण गर्दा शिक्षक, अभिभावक, विद्यार्थी सबै पक्षको राय सुझाब नलिई, उनीहरूको आवश्यकता विश्लेषण नगरी, हचुवाका भरमा शिक्षा लाद्ने अव्यावहारिक प्रवृत्तिप्रति सचेत हुनु पर्ने देखिन्छ ।
- मूल्याङ्कनमा प्रश्नगत विविधता र उत्तरको अङ्कन विधिका सम्बन्धमा अझै पनि अन्योल नै देखिन्छ । त्यसैले प्रश्नको विविधता र उत्तरको अङ्कन विधिका सम्बन्धमा स्पष्ट निर्देशन गर्नु पर्ने देखिन्छ ।
- विद्यार्थीको सिकाइ उपलब्धिको अभिलेख राख्नु पर्ने र सोही अनुसार सिकाइ स्तर निर्धारण गर्ने भनेर उल्लेख भए तापनि अभिलेखका नमुनाहरू नसुझाइनुले तिनको कुनै अर्थ र प्रयोजन देखिँदैन । अतः यस पाठ्यक्रमको मूल्याङ्कन अङ्ग एकपक्षीय अधुरो अवैज्ञानिक र सबभन्दा कमजोर अङ्ग रही आएकाले सुधार गर्नु पर्ने देखिन्छ ।
- शिक्षकले तालिममा सिकेका कुरा कक्षा शिक्षण गर्दा व्यवहारमा उतार्नु पर्ने देखिन्छ ।

# सन्दर्भ सूची

अधिकारी, हेमाङ्ग राज र शर्मा, केदार प्रसाद (२०५६), ***प्रारम्भिक नेपाली शिक्षण ,*** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०५७), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, जङ्ग बहादुर (२०६४), ***कक्षा ११ को जनसंख्या अध्ययन विषयको पाठ्यक्रमको विश्लेषणात्मक एक अध्ययन,*** पाठ्यक्रम तथा मूल्याङ्कन विभाग काठमाडौं शिक्षा क्याम्पसमा प्रस्तुत एम.एड.शोधपत्र ।

अनिवार्य नेपाली विषय स्थायी समिति त्रि. वि.वि.पा.वि.के. (२०६६), ***अनिवार्य नेपाली शिक्षण निर्देशिका,*** ललितपुर साझा प्रकाशन ।

खनाल, पेशल (२०६१), ***शैक्षिक अनुसन्धान पद्धति,*** कीर्तिपुर, स्टुडेन्ट बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

गिरी, तिलक देव (२०५९), ***वर्तमान माध्यमिक नेपाली भाषा पाठ्यपुस्तकमा रहेका व्याकरणात्मक विधाको विश्लेषणात्मक अध्ययन,*** नेपाली भाषा शिक्षा विभाग, विश्व विद्यालय क्याम्पस कीर्तिपुरमा प्रस्तुत एम.एड.शोधपत्र ।

ज.व.रा. र अन्य (२०६५), ***पाठ्यक्रम योजना र अभ्यास,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

टीकापुर उद्योग वाणिज्य संघ (२०६५), ***कैलाली क्षेत्र नं.१ को शैक्षिक परिचय*** कैलाली, टीकापुर।

ढकाल, शान्ति प्रसाद (२०६२), ***नेपाली भाषा शिक्षण परिचय र प्रयोग,*** मनकामना बुक्स एन्ड स्टेसनर्स ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र (२०६४), ***माध्यमिक नेपाली भाषा पाठ्यक्रम,*** जनकशिक्षा सामग्रीकेन्द्र सानोठिमी भक्तपुर ।

पोखरेल, बालकृष्ण र अन्य (२०६०), ***नेपाली बृहत् शब्दकोश*** (संशोधित परिवर्द्धित सस्करण) काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, नेत्र प्रसाद (२०६६), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : पैरवी प्रकाशन ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

पौडेल, माधव प्रसाद (२०६६), *k|fylds txdf g]]kfnL eflifs l;kx?sf] k|of]ufTds d"Nofª\sg k|ljlw cWoog*, त्रि.वि.वि.शि.शा. सङ्काय डिनको कार्यालय कीर्तिपुर काठमाडौंमा प्रस्तुत विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोध प्रबन्ध ।

बन्धु, चूडामाणि (२०५२), ***अनुसन्धान तथा प्रतिवेदन लेखन,*** काठमाडौंः रत्न पुस्तक भण्डार।

शर्मा, मोहन राज र खगेन्द्र प्रसाद लुइँटेल (२०५७), ***नेपाली गद्य र भाषा साहित्य,*** काठमाडौंः नवीन प्रकाशन ।

शर्मा, केदार प्रसाद र पौडेल , माधव प्रसाद(२०६०), ***नेपाली भाषा र साहित्य शिक्षण*** काठमाडौं : न्यु हिराबुक्स इन्टरप्राइजेज ।

x